
जेठ - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष ३२, अङ्क ३ | २०८० जेठ १-१५ | पूर्णाङ्क ७४१


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ३ | इजलास नं. ७ | २ |
| इजलास नं. १ | ९ | इजलास नं. ९ | ३ |
| इजलास नं. २ | ५ | इजलास नं. १० | ९ |
| इजलास नं. ३ | १० | इजलास नं. ११ | ८ |
| इजलास नं. ४ | १६ | | |
| इजलास नं. ५ | १२ | | |
| **जम्मा** | **५५** | **जम्मा** | **२२** |

**कूल जम्मा ५५ + २२ = ७७**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, जेठ – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

## सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ४** |
| १. | उत्प्रेषणसमेत | दि जुद्ध म्याच फ्याक्ट्री (विराटनगर) लिमिटेड वि. ऋण असुली न्यायाधिकरण, कमलपोखरीसमेत | १ |
| २. | उत्प्रेषणयुक्त परमादेश | भानुभक्त अधिकारीसमेत वि. अर्थ मन्त्रालयसमेत | २ |
| ३. | उत्प्रेषणयुक्त परमादेश | खिन्तबहादुर भण्डारी भन्ने भरत भण्डारी वि. धादिङ जिल्ला अदालतसमेत | ३ |
| **इजलास नं.१** | | | **४ - १३** |
| ४. | फैसला बदर | शिवशङ्कर भन्ने शिव साह सोनार वि. दिनेशचन्द्र प्रसाद सोनार (सर्राफ) समेत | ४ |
| ५. | कर्तव्य ज्यान | महेन्द्र शाही वि. नेपाल सरकार, नेपाल सरकार वि. बसन्तबहादुर साउदसमेत | ५ |
| ६. | निषेधाज्ञायुक्त परमादेश | एकनारायण अर्याल वि. ओम प्रकाश नेम्वाङ | ८ |
| ७. | निषेधाज्ञा | बेचना राय वि. महेन्द्र सिंह, रामसागर राय अमातसमेत वि. महेन्द्र सिंह | ९ |
| ८. | निषेधाज्ञा / परमादेश | बालकृष्ण यादव वि. मुक्तिलाल यादव | ९ |
| ९. | निषेधाज्ञा | रामबहादुर राय अमात वि. स्थायी प्रहरी चौकी खरिहानी, धनुषासमेत | १० |
| १०. | उत्प्रेषणयुक्त निषेधाज्ञा मिश्रित परमादेश | नर्मदा खत्रीसमेत वि. त्रियुगा साना सहरी खानेपानी सरसफाइ उपभोक्ता समितिसमेत | १० |
| ११. | निषेधाज्ञा मिश्रित परमादेशसमेत | रामविलास साहु तेली वि. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, गाईघाटसमेत | ११ |
| १२. | कर्तव्य ज्यान | विकास तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. सोनाम तामाङ | १२ |
| **इजलास नं. २** | | | **१३ – १५** |
| १३. | बन्दी प्रत्यक्षीकरण | निङ्गमा दोर्जी शेर्पाको हकमा हन्नाकुमारी शेर्पा वि. उच्च अदालत विराटनगर | १३ |
| १४. | अदालतको अवहेलना | सिमा जैन वि. काठमाडौं महानगरपालिकासमेत | १३ |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कुमार उप्रेती | १४ |

| | | | |
|---|---|---|---|
| १६. | जबरजस्ती करणी | नेपाल सरकार वि. ललितकुमार मण्डल | १४ |
| १७. | बन्दी प्रत्यक्षीकरण | टीकाराम रखाल मगरको हकमा कमला रखाल | १५ |
| **इजलास नं. ३** | | | **१५ – २६** |
| १८. | बन्दी प्रत्यक्षीकरण | प्रेम तामाङ वि. काठमाडौं जिल्ला अदालत | १५ |
| १९. | बन्दी प्रत्यक्षीकरण | कृष्णबहादुर सिंह वि. कारागार कार्यालय, सिराहासमेत | १६ |
| २०. | नकबजनी चोरी | रोहित मादेनसमेत वि. नेपाल सरकार | १८ |
| २१. | बन्दी प्रत्यक्षीकरण | उसिला पोडे वि. उच्च अदालत पाटनसमेत | १८ |
| २२. | बन्दी प्रत्यक्षीकरण | रामशरण पोडे वि. उच्च अदालत पाटनसमेत | १९ |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. परिवर्तित नाम दमौली D समेत, परिवर्तित नाम दमौली A समेत वि. नेपाल सरकार | २० |
| २४. | जबरजस्ती करणी | मनिष मण्डलसमेत वि. नेपाल सरकार | २१ |
| २५. | जबरजस्ती करणी | परिवर्तित नाम छरछरे (१) वि. नेपाल सरकार | २३ |
| २६. | बन्दी प्रत्यक्षीकरण | पागु पाकु भन्ने चन्द्रबहादुर चौधरी वि. झापा जिल्ला अदालतसमेत | २५ |
| २७. | जबरजस्ती करणी र अपहरण तथा शरीर बन्धक | बुद्धिलाल भन्ने बुद्धिमान चौधरी वि. नेपाल सरकार | २६ |
| **इजलास नं. ४** | | | **२६ – ३९** |
| २८. | नामसारी निर्णय दा.खा.दर्ता बदर दर्ता | लालवती देवी कुर्मी वि. राजाराम राउत कुर्मीसमेत | २६ |
| २९. | मोही दर्ता नामसारी प्रमाण पत्र | सत्यानन्द मिश्रसमेत वि. खुसर खंग खत्वे | २७ |
| ३०. | जालसाजी | हिरा शाह वि. लगन कुमारी सिंहसमेत | २८ |
| ३१. | ज्यान मार्ने उद्योग / कर्तव्य ज्यान | नेपाल सरकार वि. बन भन्ने जनार्दन कोहारसमेत | २८ |
| ३२. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. रंजिता भन्ने राधिका वि.क. समेत | २९ |
| ३३. | लागु औषध | दर्जबहादुर तामाङ वि. नेपाल सरकार, राजकुमार मोक्तान वि. नेपाल सरकार | ३० |
| ३४. | सुन भन्सार चोरी पैठारी | राजस्व अनुसन्धान विभाग, हरिहरभवन वि. प्रसन शाक्य | ३० |
| ३५. | बैंकिङ कसुर | PETROSLOV HRISTOV भन्ने PETROSLAV HRISTOV HRISTOV वि. नेपाल सरकार, नेपाल सरकार वि. PETROSLOV HRISTOV भन्ने PETROSLAV HRISTOV HRISTOV | ३१ |

| | | | |
|---|---|---|---|
| ३६. | बन्दी प्रत्यक्षीकरण | अपर्ण गुरूङ भन्ने विधान श्रेष्ठको हकमा प्रेमाकुमारी गिरी वि. मकवानपुर जिल्ला अदालतसमेत | ३२ |
| ३७. | बन्दी प्रत्यक्षीकरण | विपुल कोइरालासमेत वि. मकवानपुर जिल्ला अदालत | ३३ |
| ३८. | बन्दी प्रत्यक्षीकरण | युवराज वालु बाबरको हकमा नागेशकृष्ण पोखरेल वि. उच्च अदालत पाटनसमेत | ३४ |
| ३९. | नक्सा बदर गरी पारित लिखत अनुसार नक्सा कायम | बेचन चौधरीसमेत वि. छविलाल सहनी | ३५ |
| ४०. | जग्गा खिचोला मेटाई चलन चलाइपाउँ | जाइपुरी लामा वि. टिका अर्जुन उप्रेती | ३६ |
| ४१. | अंश दर्ता | कलावती कुमारी वि. शिवचरण सहनी | ३६ |
| ४२. | जग्गा खिचोला घर उठाई चलन | रामनारायण यादव वि. बुद्धिलाल यादवसमेत | ३७ |
| ४३. | बन्दी प्रत्यक्षीकरण | कुलदीप थापा मगरको हकमा लीलामाया मगर वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | ३८ |
| **इजलास नं.५** | | | **३९ – ४६** |
| ४४. | अंश | जगदीशप्रसाद लोनियासमेत वि. कल्लुराम लोनिया | ३९ |

| | | | |
|---|---|---|---|
| ४५. | बन्दी प्रत्यक्षीकरण | रामअशिष यादवको हकमा संजित यादव वि. उच्च अदालत विराटनगर | ४० |
| ४६. | निर्णय, दर्ता, राजीनामा बदर | हरिहर मिश्रसमेत वि. रामजस अहिरसमेत | ४० |
| ४७. | दूषित लिखत बदरसमेत | बेखामान मानन्धरसमेत वि. ईश्वरमान मानन्धर | ४१ |
| ४८. | उत्प्रेषण | सौरभ कुमार वि. गृह मन्त्रालयसमेत | ४२ |
| ४९. | उत्प्रेषण | प्रदिप थापा वि. काठमाडौं जिल्ला अदालत बबरमहल | ४२ |
| ५०. | उत्प्रेषणयुक्त परमादेश | बलबहादुर राना मगर वि. पोखरा महानगरपालिकासमेत | ४३ |
| ५१. | अग्नि बिमा दाबी बारे | अशोककुमार श्रेष्ठ वि. नेशनल लाइफ एन्ड जनरल इन्स्योरेन्स कम्पनी लि.समेत | ४३ |
| ५२. | निषेधाज्ञा | तपेश्वर चौधरी वि. सीतादेवी चौधरीसमेत | ४४ |
| ५३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विनिता सुनार | ४४ |
| ५४. | बैंकिङ कसुर | नेपाल सरकार वि. आत्माराम साह | ४५ |
| ५५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबहादुर तामाङसमेत | ४५ |
| **इजलास नं.७** | | | **४६ – ४९** |
| ५६. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. वर्षा जि.सी.समेत | ४६ |
| ५७. | कर्तव्य ज्यान (डाँका चोरी) | नेपाल सरकार वि. कमल परियारसमेत | ४७ |

| | | | |
|---|---|---|---|
| **इजलास नं.९** | | | **४९ – ५२** |
| **५८.** | बन्दी प्रत्यक्षीकरण | निर्मलप्रसाद श्रेष्ठको हकमा कृष्ण तिमल्सिना वि. काठमाडौं जिल्ला अदालतसमेत | **४९** |
| **५९.** | खाना खर्च भराई पाउँ | विमला कुँवर वि. सूर्यबहादुर कुँवरसमेत | **५०** |
| **६०.** | बन्दी प्रत्यक्षीकरण | कमलदेव साहको हकमा प्रमानन्द महतो वि. महोत्तरी जिल्ला अदालतसमेत | **५१** |
| **इजलास नं.१०** | | | **५२ – ५९** |
| **६१.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. पदमबहादुर शाही | **५२** |
| **६२.** | बन्दी प्रत्यक्षीकरण | राजकुमार माकजु वि. गृह मन्त्रालयसमेत | **५३** |
| **६३.** | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. दिनेश महतरा | **५३** |
| **६४.** | बन्दी प्रत्यक्षीकरण | राम शर्मा “कर्णाली” वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, काठमाडौंसमेत | **५४** |
| **६५.** | जबरजस्ती करणी | नेपाल सरकार वि. भदैया भन्ने राजेन्द्र शर्मा | **५५** |
| **६६.** | जबरजस्ती करणी | नेपाल सरकार वि. रविन राना मगर | **५६** |
| **६७.** | निर्णय दर्ता बदर हक कायम | कृष्णभक्त श्रेष्ठ (छुचुँ) वि. नारायण लाल श्रेष्ठसमेत | **५६** |
| **६८.** | बन्दी प्रत्यक्षीकरण | ध्रुव स्याङतानको हकमा वाङथोप लामा वि. काठमाडौं जिल्ला अदालतसमेत | **५७** |
| **६९.** | कर्तव्य ज्यान | टेकबहादुर मल्ल वि. नेपाल सरकार, धनबहादुर शाह वि. नेपाल सरकार, जगधन शाही वि. नेपाल सरकार, नेपाल सरकार वि. कालीबहादुर मल्लसमेत | **५७** |
| **इजलास नं.११** | | | **५९ – ६८** |
| **७०.** | वैदेशिक रोजगार कसुर | अर्जुनप्रसाद सिलवाल वि. नेपाल सरकार | **५९** |
| **७१.** | अंश चलन | मदन खड्का वि. चिनिमायाँ खड्कासमेत | **६१** |
| **७२.** | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम महादेवपुरीको हकमा कृष्टिना यादव वि. जिल्ला प्रहरी कार्यालय, बाँके | **६३** |
| **७३.** | राजीनामा लिखत बदर | रजनी श्रेष्ठसमेत वि. राजेन्द्रकुमार श्रेष्ठसमेत | **६४** |
| **७४.** | उत्प्रेषण | फ्रेन्डस अफ् शान्ता भवन नेपाल वि. श्रम कार्यालय, बागमती अञ्चल टेकुसमेत | **६४** |
| **७५.** | उत्प्रेषणयुक्त परमादेश | नारायणप्रसाद दाहाल वि. पूर्वाञ्चल विश्वविद्यालय, केन्द्रीय कार्यालयसमेत | **६५** |
| **७६.** | उत्प्रेषणसमेत | बिकाउप्रसाद भण्डारीसमेत वि. कनकराज चौधरीसमेत | **६६** |
| **७७.** | अंश नामसारी | सिताराम थारसमेत वि. खिचडी थरूनीसमेत | **६७** |

## संयुक्त इजलास

**१**

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०६९-WO-१४३१, उत्प्रेषणसमेत, दि जुद्ध म्याच फ्याक्ट्री (विराटनगर) लिमिटेड वि. ऋण असुली न्यायाधिकरण, कमलपोखरीसमेत*

नागरिकलाई कानूनद्वारा प्रदान गरिएको हक हनन् भएको अवस्थामा सोको प्रचलनको लागि कानूनद्वारा हदम्यादको व्यवस्था गरिएको हुन्छ। आफ्नो हकमा असर पर्ने पक्षले आफ्नो हक स्थापित गराउन कानूनले निर्दिष्ट गरेको म्यादभित्र उपचार खोज्नुपर्ने हुन्छ । कानूनले तोकेको म्यादभित्र उपचारको लागि दाबी लिएन भने हनन भएको त्यस्तो हक प्रचलन गर्ने हकाधिकार त्यसबखत समाप्त हुन्छ अर्थात् हदम्याद नाघी दायर भएको मुद्दामा अदालतबाट उपचार प्राप्त हुन सक्दैन । तर रिट निवेदनबाट दिइने उपचारको लागि हद म्याद लाग्दैन तापनि आफ्नो अतिक्रमण भएको हक प्रचलनको लागि निवेदकले उचित समयभित्र तथ्य नलुकाई सफाहात लिई उपचारको माग गरेको देखिनुपर्दछ। उचित समय भन्ने कुरा विवादको विषय, निवेदकको अवस्था, आफ्नो हक हनन हुन गएको विषयको जानकारीसमेतका कुराहरूमा निर्भर हुने गर्दछ । प्रस्तुत विवादमा निवेदकलाई ऋण असुली न्यायाधिकरणबाट भएको फैसला र सो फैसलाको जानकारीसहित पठाइएकोमा फैसलाको जानकारी कम्पनीको कर्मचारीले बुझेको अवस्थामा फैसलाको जानकारी पाएपश्चात् उक्त फैसलाउपर उपचार नखोजी हाल आएर फैसलाअनुसार बिगो असुलउपरको कारबाही बदरको लागि रिट क्षेत्रबाट प्रवेश गरेको देखिन्छ । निवेदकले बैंकलाई भुक्तानी गर्नुपर्ने रकम बुझाउन बैंकले पटक-पटक ताकेता गर्दासमेत सोबमोजिम रकम नबुझाएकोले गोरखापत्रमा ३५ दिने सूचना निकालिएको, धितो सुरक्षण राखिएको सम्पत्ति लिलाम बिक्रीसम्बन्धी बोलपत्रको सूचना आहवान गर्दाकै बखत ऋणीलाई जानकारीसमेत गराइएको देखिएको र बैंकले ऋणीलाई रकम बुझाउन ताकेता गर्दासमेत सोबमोजिम रकम नबुझाएको कारणबाट मात्र लिलाम बिक्री भएको अवस्था देखिएकाले धितो सुरक्षणबापत राखिएको सम्पत्ति कानूनबमोजिम लिलाम बिक्री भएको सम्पत्ति दाखिल खारेज गर्ने निर्णय भइसकेको अवस्थामा रिट निवेदकले सफाहात लिई उपचारको माग गरेको भन्ने अवस्थासमेत देखिँदैन । साथै तेस्रो पक्षको हक सिर्जित भएको अवस्थामा समयमै निवेदन गर्न नआई अनावश्यक विलम्ब गरेको अवस्थामा निवेदकको हकमा विलम्बको सिद्धान्त आकृष्ट हुने अवस्थासमेत रहेको पाइन्छ । यस्तो अवस्थामा आफ्नो अधिकारको विषयमा समयमा नै सचेत नहुनेलाई अदालतले मद्दत गर्न नसक्ने ।

अदालतमा प्रवेश गर्दा सफाहात लिई प्रवेश गरेको देखिनुपर्दछ र हुनुपर्दछ साथै न्यायको लागि उचित समयभित्र नै अदालतमा प्रवेश गर्नुपर्दछ । आफ्नो हक वा दायित्वलाई बेवास्ता गरी बसी धेरै समय व्यतीत गरी अदालतमा प्रवेश गर्नु सही वा उचित मनसायले प्रवेश गरेको भन्न मिल्दैन । हरेक व्यक्ति कानून प्रदत्त आफ्ना हक, अधिकार तथा दायित्वप्रति सजग र सचेत रहनुपर्दछ । कानूनले प्रदान गरेको आफ्नो दायित्व पूरा नगरी बस्नेलाई कानून प्रदत्त अधिकार हर समयमा प्राप्त हुन सक्छ भन्ने हुँदैन। हरेक कुराको केही निश्चित समयावधि हुन्छ । प्रस्तुत रिट निवेदनमा निवेदकले ऋण असुली न्यायाधिकरणबाट भएको फैसलाको जानकारी प्राप्त गरेपश्चात् पनि चुप लागेर बसी फैसलाद्धारा सिर्जित आफ्नो दायित्वप्रति बेवास्ता गरी बसेकोमा बैंकले आफ्नो ऋण असुल उपर गर्न निवेदकको धितोबापत राखेको सम्पत्ति लिलाम गरी सो सम्पत्तिमा तेस्रो पक्षको हक कायम भइसकेपश्चात् मात्र रिट निवेदनको क्षेत्राधिकार प्रयोग गरी अदालतमा

प्रवेश गरेको देखिने।

निवेदकलाई ऋण असुली न्यायाधिकरणको फैसलामा चित्त नबुझेको अवस्थामा निजलाई पुनरावेदनको अधिकार प्राप्त भएकोमा सो अधिकारको उपयोग नगरी सोको लामो समयपश्चात् आफूलाई मर्का परेको अवस्था देखाई सिधै रिट क्षेत्राधिकारमा प्रवेश गर्न आएको देखिन्छ। निवेदक कानूनले तोकेको समयमा आफ्नो हक हनन भएको भनी कानूनी उपचारको सिलसिलामा कहीँकतै उपस्थित भएको नदेखिएको र निजको कम्पनीको सम्पत्ति कानूनबमोजिम लिलाम बिक्री भई तेस्रो पक्षको नाममा सो सम्पत्ति दाखिल खारेज भइसकेपछि मात्र रिट क्षेत्राधिकार प्रयोग गरी अदालत प्रवेश गरेको देखिँदा निवेदकले आफूले लिएको ऋण चुक्ता गर्ने दायित्व बोध नगरी बसेको कुरा निवेदकको क्रियाकलापबाट अनुमान गर्न असहज हुने स्थिति एकातर्फ देखिँदैन भने रिट निवेदकले बैंक तथा वित्तीय संस्थाको ऋणका सम्बन्धमा ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्ने वैकल्पिक बाटो हुँदाहुँदै सोको प्रयोग नगरी रिट क्षेत्राधिकारमा प्रवेश गरेको पनि मिलेको नदेखिने।

अतः रिट निवेदक कम्पनीले आफूले लिएको कर्जा निर्धारित समयमा चुक्ता नगरेको कारण बैंकले ऋण असुलउपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋण असुली न्यायाधिकरणबाट फैसला भएको र सो फैसलाउपर समयमा उपचारको लागि नगई फैसला कार्यान्वयनको क्रममा धितोमा रहेको सम्पत्ति लिलाम भई लिलाम बिक्री भएको सम्पत्ति लिलाम सकार गर्ने व्यक्तिका नाममा दाखिल खारेज गर्ने निर्णयसमेत भएको यस्तो अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुन सक्ने स्थिति नदेखिएको र फैसलाको जानकारी कम्पनीको अधिकारप्राप्त कर्मचारीले बुझेकोमा सोही समयमा नै कुनै प्रतिक्रिया नजनाई अनुचित विलम्ब गरी प्रस्तुत रिट निवेदन पर्न आएकाले विलम्बको सिद्धान्तसमेतको आधारमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीक्षा प्रधानाङ्ग, नम्रता गैरे

इति संवत् २०७७ साल चैत्र ९ गते रोज २ शुभम्।

२

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-WO-१०५६, उत्प्रेषणयुक्त परमादेश, भानुभक्त अधिकारीसमेत वि. अर्थ मन्त्रालयसमेत*

भन्सार नियमावली, २०६४ को नियम ३७(२) को कानूनी व्यवस्था हेर्दा, भन्सार एजेन्टको प्रतिनिधिको रूपमा संवत् २०६५/१/१४ गतेसम्म नियुक्त भई काम गरेको हुनुपर्ने भन्ने व्यवस्था उक्त नियमावलीमा भएको छैठौं संशोधनबाट परिवर्तन नभई यथावत् रहेको देखिन्छ। निवेदकहरू आफूहरू संवत् २०६५ साल वैशाख १४ गतेभन्दा अगाडि भन्सार एजेन्टको प्रतिनिधिको रूपमा नियुक्त भएको भन्ने जिकिर लिन नसकेको र सो मिति अगावै नियुक्त भएको भन्ने प्रमाण पेस गर्न सकेको समेत देखिँदैन। निवेदकहरू आफूहरू भन्सार एजेन्टको प्रतिनिधिको रूपमा नियुक्त हुनुपूर्व भन्सार एजेन्टको प्रतिनिधिको रूपमा काम गरेको व्यक्तिको हकमा भन्सार एजेन्टको लागि आवश्यक पर्ने योग्यता कानूनमा व्यवस्था भएको र सोही कानूनी व्यवस्था हालसम्म यथावत रहेको देखियो। यसका साथै उक्त नियमावलीको नियम ३७(२) को खण्ड (ख) मा रहेको *"मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सोसरह उत्तीर्ण गरी कम्प्युटरसम्बन्धी कम्तीमा तीन महिनाको आधारभूत तालिम लिएको"* भन्ने व्यवस्था हाल भन्सार एजेन्टको इजाजतपत्रको लागि भन्सार विभागबाट सूचना/विज्ञापन प्रकाशन हुने समयमा आएर संशोधन भएको नभई उक्त नियमावलीमा मिति २०७२/३/२९ मा भएको छैठौं संशोधनले गरेको व्यवस्था हो भन्नेमा

विवाद रहेको देखिएन । भन्सार नियमावलीमा मिति २०७२/३/२९ मा भन्सार एजेन्टको इजाजतपत्रको लागि आवश्यक पर्ने शैक्षिक योग्यता सम्बन्धमा भएको संशोधनउपर विपक्षी भन्सार विभागबाट मिति २०७७।१२।१६ मा विज्ञापन प्रकाशित भएपछि मात्र आफूहरूलाई मर्का परेको भनी मिति २०७८/१/५ मा मात्र प्रस्तुत रिट निवेदन दायर भएको देखियो । उक्त संशोधित कानूनी व्यवस्थाले आफूलाई मर्का परेको भए यथासमयमा कानूनी उपचारको लागि साधिकार निकायमा उपचार खोज्नुपर्नेमा करिब ६ वर्षपछि प्रस्तुत रिट दायर गर्नु परेको आधार र कारणसमेत निवेदकहरूले खुलाउन सकेको नदेखिने ।

रिट निवेदकहरूले भन्सार नियमावली, २०६४ को नियम ३७(२) को खण्ड (ख) मा भएको छैठौं संशोधनको योग्यतासम्बन्धी व्यवस्थाले आफूहरूलाई भन्सार एजेन्टको इजाजतपत्रको लागि दरखास्त दिनबाट वञ्चित गरेकोले भन्सार विभागले मिति २०७७/१२/१६ मा भन्सार एजेन्टको इजाजतपत्रको लागि प्रकाशन गरेको सूचना/विज्ञापन बदरको माग गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । अर्थ मन्त्रालय र भन्सार विभागको लिखितजवाफ हेर्दा निवेदकहरूमध्ये १२ जनाले उक्त सूचना/विज्ञापनबमोजिम भन्सार एजेन्टको इजाजतपत्रको लागि दरखास्त दिएको भन्ने देखिएको र सो लिखित जवाफ बेहोरालाई निवेदकहरूले समेत अन्यथा भनी खण्डन गर्न सकेको देखिएन । भन्सार विभागले प्रकाशन गरेको जुन सूचना/विज्ञापन बदरको लागि प्रस्तुत रिट निवेदन दायर भएको छ, सोही सूचना/विज्ञापनअनुसार भन्सार एजेन्टको लागि दरखास्त पेस गरी प्रक्रियामा सहभागी भएकोसमेत देखिन्छ । एकातर्फ प्रकाशित सूचना/विज्ञापनअनुसारको प्रक्रियामा पनि सहभागी हुने र आफू जुन प्रक्रियामा सहभागी भएको छ, सोही प्रक्रियासम्बन्धी काम कारबाही बदरको लागि रिट दायर गरेको देखिँदा निवेदकहरू सफाहातले अदालत प्रवेश गरेकोसमेत देखिन नआउने ।

अतः निवेदकहरू आफूहरू भन्सार नियमावली, २०६४ को नियम ३७(३) को कानूनी व्यवस्थाबमोजिमको योग्यता पुगेको भन्ने निवेदन जिकिर रहेको नदेखिएको तथा नियम ३७(२) मा मिति २०७२/३/२९ मा भएको छैठौं संशोधनउपर तत्काल उपचार नखोजी हाल आएर सोही कानूनी व्यवस्थाबमोजिम प्रकाशन भएको सूचना/विज्ञापनउपर प्रस्तुत रिट निवेदन दायर भएको देखिएको र निवेदकमध्येकै केही निवेदकहरू भन्सार विभागले प्रकाशन गरेको उक्त सूचना/विज्ञापनअनुसार दरखास्त दिई उक्त सूचना/विज्ञापनअनुसारको प्रक्रियामा सहभागीसमेत भएको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेश जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७८ साल भाद्र २१ गते रोज २ शुभम् ।

## ३

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७८-WO-००४८, उत्प्रेषणयुक्त परमादेश , खिन्तबहादुर भण्डारी भन्ने भरत भण्डारी वि. धादिङ जिल्ला अदालतसमेत*

अभियोगपत्र दायर हुँदा फरार रहेका प्रतिवादी भरत भण्डारीका नाममा तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं. १ हाल ऐ. वडा नं. १० बस्ने भनी जारी भएको म्याद निज भरत भण्डारी र घरका उमेर पुगेका व्यक्तिसमेत फेला नपरी निजको घर ढोकामा टाँस गरिएको भन्ने बेहोराले तामेल भएको उक्त मुद्दाको मिसिलबाट देखिने ।

भरत भण्डारीउपर उक्त मुद्दा दायर भई निजका नाममा नै मिति २०५९।१।४ मा घरदैलोमा म्याद टाँस भएकोसम्म देखिन्छ । उक्त म्याद सूचना एवं अभियोगपत्रमा समेत खिन्तबहादुर भण्डारी भन्ने भरत भण्डारी भनी उल्लेख भएको भन्ने देखिँदैन । रिट

निवेदक खिन्तबहादुर भण्डारीले आफ्नो जन्मसम्म उक्त मुद्दामा उल्लेख भएको तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं. १० मा भएको भन्नेसम्म उल्लेख गरेको देखिन्छ । रिट निवेदकले आफ्नो जन्मस्थान भनी देखाएको वतनमा खिन्तबहादुर भनी उल्लेख नगरी भरत भण्डारीका नाममा जारी एवं तामेल भएको म्याद सूचनाका आधारमा निवेदकले उक्त मुद्दामा म्याद सूचना प्राप्त गरी सुनुवाइको मौका पाएको भन्न सकिने अवस्था नदेखिने ।

कुनै पनि व्यक्तिउपर अभियोग लागेपछि त्यस्तो व्यक्तिको सही रूपमा पहिचान गरी अनुसन्धान गर्ने र सुनुवाइको उचित मौका प्रदान गरी मुद्दाको स्वच्छ सुनुवाइ गर्नुपर्ने हुन्छ । रिट निवेदकले मिति २०५०/११/१६ मा लिएको नागरिकताको प्रमाणपत्रमा खिन्तबहादुर भण्डारी भनी उल्लेख भएको देखिन्छ । उक्त ठगी मुद्दाको अभियोगपत्र एवं म्याद सूचनामा खिन्तबहादुर भन्ने भरत भण्डारी भनी उल्लेख भएको देखिँदैन । रिट निवेदक खिन्तबहादुर भण्डारीले आफ्नो जन्मस्थान भनी देखाएको तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं. १० मा भरत भण्डारीका नाममा जारी भई तामेल भएको म्यादका आधारमा फैसला भई सो फैसला कार्यान्वयनको क्रममा मात्र भरत भण्डारी र खिन्तबहादुर भण्डारी एकै व्यक्ति हो भनी पक्राउ गरी कैद र जरिवाना असुलउपर गर्ने कार्य कानूनसम्मत नदेखिने ।

तसर्थ भरत भण्डारीका नाममा जारी भएको म्याद सूचनाका आधारमा यी रिट निवेदकले सुनुवाइको मौका प्राप्त गरेको नदेखिँदा धादिङ जिल्ला अदालतबाट जारी भएको भरत भण्डारीका नामको म्याद र उक्त मुद्दामा धादिङ जिल्ला अदालतबाट भएको मिति २०५९/८/११ को फैसला निज भरत भण्डारीका हकमासम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब यी रिट निवेदक खिन्तबहादुर भण्डारी भन्ने भरत भण्डारीका नाममा पुनः म्याद सूचना जारी गरी निवेदक र उक्त ठगी मुद्दामा प्रतिवादी बनाइएका भरत भण्डारी एकै व्यक्ति हुन् होइनन् यकिन गरी बुझ्नु पर्ने प्रमाण बुझी निजको हकमा पुनः कानूनबमोजिम फैसला गर्नु भनी धादिङ जिल्ला अदालतका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल
इति संवत् २०७८ साल भाद्र २१ गते रोज २ शुभम् ।

## इजलास नं. १

### ४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७१-CI-०८९२, फैसला बदर, शिवशङ्कर भन्ने शिव साह सोनार वि. दिनेशचन्द्र प्रसाद सोनार (सर्राफ) समेत*

नापी शाखाबाट खडा भएको प्लट रजिस्ट्रको प्रतिलिपि हेर्दा कि.नं. ११५ कित्ता फोड भई कि.नं. ३६८, ३९७ र ३९८ कायम भएकोमा कि.नं. ३६८ को जग्गा नहरमा गएको र कि.नं. ३९७ र ३९८ को जग्गा जगनारायणको नाउँमा स्रेस्ता कायम भएको भन्ने देखिन्छ । विवादित कि.नं. ३९७ र ३९८ को जग्गाको मोही सम्बन्धमा मिसिलमा प्रमाण स्वरूप प्रेषित फिल्डबुक उतारको प्रतिलिपि हेर्दा कि.नं. ११५ को जग्गाको किसानको महलमा शंकर साह सोनार वडा नं. १ नकटुवा उल्लेख भएको देखिन्छ । जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपिबाट वडा नं. २ कि.नं. ३९७ र ३९८ मा मोहीको नाम थर शंकर साह सोनार उल्लेख भएको पाइन्छ । मोहीको लगत १ नं. फाराममा शंकरको नाममा भन्दै कि.नं. ११५ उल्लेख भएको देखिन्छ । त्यस्तै जोताहा अस्थायी निस्सा र लगतको ढाँचासमेतमा कि.नं. ११५ को मोही शंकर साह सोनार नै उल्लेख भएको पाइन्छ । यसैगरी शंकर साह सोनारले प्राप्त गरेको मोहियानी हकको प्रमाणपत्रमा शंकर साह सोनारको नाम स्पष्ट उल्लेख भई जग्गावाला जगनारायण

भनी उल्लेख भएको समेत पाइन्छ । फिल्डबुक, १ नं. लगत, २ नं. फाराम मोहीको अस्थायी निस्सा, मोही प्रमाणपत्र यी सबै कागज सरकारी कार्यालयबाट खडा भई कार्यालयमा समेत अभिलेख रहने कागज हुँदा त्यसको आधिकारिकतालाई अन्यथा मान्न नसकिने ।

पुनरावेदक प्रतिवादी शिव शंकर साह भन्ने शिव साह सोनारका पुस्तेवारीका व्यक्ति मन्तुरियाको मृत्यु २०२५ सालमा र मन्तुरीयाको छोरा शंकर साहको २०३५ सालमा स्वर्गे भएको भन्ने बहसका क्रममा प्रस्तुत हुन आएको पाइन्छ । प्रतिवादीकी हाँगाकी मन्तुरीयाको अरू छोराहरू हुँदाहुँदै के कति कारणबाट नाति शिवशंकर भन्ने शिव साह सोनारमा मोही हक गएको हो ? सो सम्बन्धमा कहीँकतै केही पनि उल्लेख भएको पाइँदैन । जग्गा धनी र शिवशंकर भन्ने शिव साह सोनार मिली रू.१०,०००/- लिई छोराहरू हुँदाहुँदै नातिलाई मोही भनी २०६१।९।१३ मा मोही लगत कट्टा गरेको देखिन्छ । जग्गाको वास्तविक जग्गाधनी जगनारायण दास भएकोमा प्रतिवादीहरूले देखाएको १ नं. लगत र ३ नं. दुवै प्रमाणपत्रमा जग्गाधनी फरक व्यक्ति देखाएको पाइन्छ भने आफ्नै दाजु जगरनाथ साह सोनार भनी उल्लेखसमेत भएको देखिन्छ । एकै परिवारका व्यक्ति जग्गाधनी र मोही हुन सक्ने पनि हुँदैन । फिल्डबुकमा उल्लिखित व्यक्तिको नाम थर वतनसँग आफ्नो पिताको नाम थर वतन मिले भिडेको भन्ने आधारमा मात्र मोही कायम हुन सक्तैन । कुनै जग्गाको जग्गाधनी र मोही को हो ? भन्ने कुरा सो कुराको प्रमाण र अभिलेख राख्ने निकायमा रहेको आधिकारिक स्रेस्ताहरूबाट नै पुष्टि हुनुपर्ने ।

विवादित जग्गाको वास्तविक मोही वादीहरूका पति पिता शंकर साह सोनार रहेको देखिएको अवस्थामा वादीले लिएको दाबीलाई खण्डन गरी प्रतिवाद गर्ने प्रतिवादीले वादी हकवाला होइनन् भन्ने कुराको प्रमाण पुऱ्याउनुपर्ने बाध्यात्मक व्यवस्था प्रमाण ऐन, २०३१ को दफा २८ ले गरेको पाइन्छ । सो व्यवस्थाअनुरूप पुनरावेदक प्रतिवादीहरूले विपक्षी वादीहरू विवादित जग्गाको वास्तविक मोही हकवाला होइनन् भन्ने कुरा पुष्टि हुने तथ्यपरक र विश्वसनीय प्रमाण गुजार्न सकेकोसमेत नपाइँदा पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

अतः भूमिसुधार कार्यालय पर्साबाट मिति २०६१।९।१३ मा भएको निर्णय बदर गरी विवादित कि.नं ३९७ र ३९८ मा विपक्षी वादीहरूको पति, पिता, बाजे शंकर साह सोनारको नामको मोही यथावत् कायम हुने ठहराएको सुरू भूमिसुधार कार्यालय पर्साको मिति २०६४।४।१३ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६७।१२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कुवेर पाण्डे

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल कार्तिक १९ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-०८९०, फैसला बदर, शिव शङ्कर भन्ने शिव साह सोनार वि. दिनेशचन्द्र प्रसाद सोनार (सर्राफ) समेत ।
- ०७१-CI-०८९१, फैसला बदर, शिव शङ्कर भन्ने शिव साह सोनार वि. अच्छेलाल साह सोनारसमेत ।
- ०६८-CI-०३०४, फैसला बदर, अच्छेलाल साह सोनार वि. दिनेशचन्द्र प्रसाद सोनार (सर्राफ) समेत ।
- ०६९-CI-०५६१, निषेधाज्ञा, अच्छेलाल साह सोनारसमेत वि. दिनेशचन्द्र प्रसाद सोनार (सर्राफ) समेत ।

### ५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७१-CR-१५२९, ०७१-CR-१५७३, कर्तव्य ज्यान, महेन्द्र शाही वि. नेपाल*

*सरकार, नेपाल सरकार वि. बसन्तबहादुर साउदसमेत*

सहप्रतिवादी महेन्द्र शाहीले अनुसन्धान अधिकारीसमक्षको बयानमा आफूले मृतकलाई फलामे दाउले प्रहार गर्दा कराउन थालेकाले मृतकको मुखमा प्रतिवादी अशोक कार्कीले चामलको भुजाको प्लाष्टिकको बुझो लगाइदिएपछि मृतकले कराउन छाडी घ्यार-घ्यार आवाज निकालेका र अरू थप प्रहार गर्दा निजको मृत्यु भएको हो भनी बयान बेहोरा लेखाएको देखिँदा प्रतिवादी अशोक कार्कीले मृतकलाई मार्नमा संयोगसम्म पारिदिएको अवस्था देखियो। मृतकको लासजाँच प्रकृति मुचुल्कामा टाउको, अनुहार र घाँटीमा चोट पटक लागेको, मृतकको मुखमा प्लाष्टिकको बुझो लगाइएको र अनुहारमा भुजाहरू टाँसिएको भन्ने बेहोरा लेखिएको र शव परीक्षण प्रतिवेदनमा समेत मृतकको मुखमा हरियो र कालो रंगको पोलिथिनको झोला घुसारेको, अनुहार, खप्परमा रगत जमी भुजाहरू टाँसिएको भन्ने उल्लेख भएबाट उक्त हत्याको वारदात घटाउँदा प्रतिवादी अशोक कार्कीले मृतकको मुखमा भुजाको प्लाष्टिकको बुझो लगाइदिएको भनी सहप्रतिवादी महेन्द्र शाहीले गरेको तथ्यगत पोल वस्तुनिष्ठ रूपले समर्थित भइरहेको अवस्था देखिन्छ । यसप्रकार मुख्य अभियुक्त महेन्द्र शाहीको मौकाको साबिती बयान मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूबाट समर्थित भइरहेको र निज प्रतिवादी महेन्द्र शाहीले मृतकलाई धारिलो हतियार दाउले प्रहार गरेको अवस्थामा मृतकले कराउँदा प्रतिवादी अशोक कार्कीले भुजा राखेको प्लाष्टिकको झोला मृतकको मुखमा कोची दिई मृतकलाई कराउन र आवाज निकाल्न नदिई सहप्रतिवादी महेन्द्र शाहीले मृतकलाई मार्ने कार्यमा मद्दत गरी संयोग पारी दिएको तथ्य खम्बिर रूपमा पुष्टि हुन आएको देखिन्छ । प्रतिवादी अशोक कार्कीले मृतकलाई मार्नको लागि कुटपिट गरेको वा हातहतियार प्रयोग गरेको भन्ने कुरा मिसिल प्रमाणबाट खुल्न आएको देखिँदैन । यस स्थितिमा प्रत्यर्थी प्रतिवादी अशोक कार्कीले गरेको उक्त कार्य ज्यानसम्बन्धीको १७(२) नं. बमोजिमको कसुर मान्नुपर्ने अवस्था देखिँदा सुरूको फैसला उल्टी गरी निजलाई सोही महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने ।

प्रत्यर्थी प्रतिवादीमध्येका बसन्तबहादुर साउदको हकमा विचार गर्दा, प्रतिवादी बसन्तबहादुर साउद प्रस्तुत मुद्दाको वारदातस्थल न्यू एभन होटेल एण्ड लजका मालिक भएको र उक्त होटेलमा मृतक परमानन्द जोशी मैनेजरका रूपमा कार्यरत भएको तथ्यमा विवाद देखिँदैन । प्रतिवादी बसन्त बहादुर साउदले मिति २०६९।७।८ गते म न्यू एभन होटलमा गएको थिएन । मृतक परमानन्द जोशीलाई को कसले मारे थाहा भएन, मैले कुनै अपराध गरेको छैन भनी आरोपित कसुरमा इन्कारी बयान गरेको देखिन्छ । निज प्रतिवादी वारदातको रातमा उक्त होटेलमा उपस्थित रहे भएको भन्ने कुरा मृतकको हत्या गर्ने सहप्रतिवादी महेन्द्र शाही र उक्त हत्या गर्ने कार्यमा मद्दत गर्ने तथा संयोग पारिदिने प्रतिवादी अशोक कार्कीको बयान एवं वारदात घट्दा उक्त होटेलको कोठा नं. १०२ मा रहेकी सहप्रतिवादी सृजना भन्ने पार्वती चौधरीको बयानबाट समेत खुल्न आएको देखिँदैन । त्यसैगरी वारदातको रातमा उक्त होटेलको कोठा नं. १०४ मा बास बसेका अर्जुन भन्ने शेरसिंह कार्की र निर्मला ऐरले मौकामा गरेको कागजसमेतबाट प्रतिवादीको उक्त वारदातस्थल होटेलमा उपस्थिति देखिँदैन । वारदातको रातमा उक्त होटेलकी साझेदारी पार्टनर कलावती बोहराको घरमा सुतेको भनी निज प्रतिवादीले गरेको बयानलाई समर्थन हुने गरी निजका साक्षी कलावती बोहराले अदालतमा उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ । जाहेरवालाले वारदात घटेको नदेखेका र वारदात घट्दा प्रतिवादी होटेलमा रहेको भनी अनुमान र शंकाको आधारमा मात्र जाहेरी दिएको अवस्था देखिन

आउँछ। उक्त होटेलका मालिक प्रतिवादी बसन्तबहादुर साउद र मृतकको बिचमा मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी र कारण रहे भएको तथ्य जाहेरी बेहोरा र जाहेरवालाले गरेको बकपत्रलगायत मिसिल संलग्न कुनै पनि कागज प्रमाणबाट खुल्न आउँदैन। त्यसैगरी अनुसन्धानको क्रममा बुझिएकी कलावती जोशी, पार्वती जोशी र जयदेव जोशीले मृतक र प्रतिवादीबिच तलबको विषयमा मनमुटाव भएकोले प्रतिवादीसमेतको मिलोमतोमा मृतकलाई कर्तव्य गरी मारेको भनी आशंका देखाई मौकामा कागज गरी अदालतमा बकपत्र गरेको देखिए तापनि तलबको विषयले मात्र होटेल मैनेजरको रूपमा कार्यरत मृतकलाई प्रतिवादीले कर्तव्य गरी मार्नुपर्नेसम्मको स्थिति सृजना हुन गएको भनी अनुमान गर्नु पनि न्यायोचित हुने देखिएन। वारदातको रातमा वारदातस्थल भान्सा कोठामा मृतक तथा प्रतिवादी महेन्द्र शाही र अशोक कार्कीबाहेक अन्य व्यक्ति रहे भएको अवस्थासमेत मिसिल प्रमाणबाट पुष्टि भएको छैन। प्रतिवादी होटेल मालिक भएको नाताले वारदातको जिम्मेवारी लिनुपर्ने भनी शंका र अनुमानका आधारमा मात्र प्रतिवादीलाई आरोपित कसुरमा दोषी ठहर गर्नु न्यायसङ्गत हुने नदेखिएबाट निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरेको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी सृजना भन्ने पार्वती चौधरीको हकमा विचार गर्दा, प्रतिवादी सृजना भन्ने पार्वती चौधरीले मौकामा अनुसन्धान अधिकारी र अदालतमा आई बयान गर्दा, वारदात घट्नुपूर्व वारदातको मिति २०६९।७।८ को साँझमा मृतकसँग वारदातस्थल न्यू एभन होटेलको कोठा नं. १०२ मा एकपटक शारीरिक यौन सम्बन्ध भई मृतकले मलाई सोही कोठामा राखेका थिए। मलाई खाना लिएर आउन भनी मृतक होटेलको भान्सा कोठामा गएकोमा धेरैबेरसम्म पनि नआएका र भान्सा कोठामा हो-हल्ला र झगडा भएको सुनी झ्यालबाट हेर्दा महेन्द्र शाहीले मृतकलाई कठालो समातेको र अर्को नचिनेको मानिसले धक्का मुक्का गरेको देखेर डरले कोठाबाट निस्की बाहिर गएकी हुँ, मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा मेरो संलग्नता छैन भनी इन्कारी बयान गरेको देखिन्छ। यसप्रकार प्रतिवादीले मृतक र सहप्रतिवादीहरूबिच वादविवाद र झगडा भएकोसम्म देखेकी र मृतकको हत्या हुनुपूर्व नै आफू उक्त होटेलबाट बाहिरिएको अवस्था देखिएकोले निजले उक्त हत्याको बारेमा कहीँकतै जाहेर नगरेको भन्ने अभियोग दाबी प्रस्तुत घटना परिवेशसँग मेल खाएको स्थिति देखिँदैन। प्रतिवादी वारदातस्थल उक्त होटेलको भान्सा कोठामा प्रवेश गरेको अवस्था पनि देखिँदैन। अर्कोतर्फ प्रतिवादीले मृतकलाई मार्ने कार्यमा मत सल्लाहमा पस्नुपर्ने कुनै भरपर्दो र विश्वासिलो आधार प्रमाण पुनरावेदक वादी पक्षले प्रस्तुत गर्न सकेको पनि छैन। यस स्थितिमा केबल मृतकसँग उक्त वारदात घट्नुअगाडि शारीरिक यौन सम्बन्ध राखेको कारणले शंका र अनुमानका भरमा प्रतिवादीले आरोपित कसुर गरेको मानी सजाय गर्नु न्याय सङ्गत हुने देखिँदैन। त्यसैले प्रत्यर्थी प्रतिवादी सृजना भन्ने पार्वती चौधरीलाई आरोपित कसुरबाट सफाइ दिने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसलालाई न्यायको रोहमा अन्यथा भन्न मिल्ने अवस्था देखिँदैन। तसर्थ, प्रत्यर्थी प्रतिवादीहरू अशोक कार्की, बसन्तबहादुर साउद र सृजना भन्ने पार्वती चौधरीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीमध्येका महेन्द्र शाहीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने तथा अन्य प्रतिवादीहरू बसन्तबहादुर साउद, अशोक कार्की र पार्वती चौधरीले

आरोपित कसुरबाट सफाइ पाउने गरी सुरू कन्चनपुर जिल्ला अदालतबाट मिति २०७०।११।२६ मा भएको फैसला प्रतिवादी अशोक कार्कीको हकमा उल्टी गरी निज प्रतिवादी अशोक कार्कीलाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद हुने र प्रतिवादी महेन्द्र शाहीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरे पनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व नहुने भई जन्मकैद मात्र हुने तथा प्रतिवादीहरू बसन्तबहादुर साउद र सृजना भन्ने पार्वती चौधरीले आरोपित कसुरबाट सफाइ पाउने ठहराएको उक्त फैसला सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।११।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग मागदाबीबाट सफाइ दिलाइपाउँ भन्ने पुनरावेदक प्रतिवादी महेन्द्र शाही र प्रत्यर्थी प्रतिवादीहरू बसन्तबहादुर साउद, अशोक कार्की र सृजना भन्ने पार्वती चौधरीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत २०७७ साल असार २३ गते रोज ३ शुभम् ।

**६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-००६०, निषेधाज्ञायुक्त परमादेश, एकनारायण अर्याल वि. ओम प्रकाश नेम्वाङ*

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५(५) ले प्रमुख जिल्ला अधिकारीलाई जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा कायम राख्नेसमेत अधिकार प्रदान गरेको देखिन्छ । प्रत्यर्थी निवेदकलाई रकम चुक्ता गर्ने भाखामा कबोल गराई तारिखमा राखिएको भन्ने कुरा विपक्षी शान्ता राईकै लिखित जवाफमा पनि उल्लेख छ । यसबाट प्रस्तुत मुद्दामा प्रमुख जिल्ला अधिकारीले चेक सटही नभएको कारण रकम असुल उपरका लागि न्याय दिलाइपाउँ भनी दिएको निवेदनउपर निवेदकलाई झिकाई तारेखमा राखेको देखिएबाट जिल्ला प्रशासन कार्यालयको उक्त कार्य कानूनअनुकूल भएको देखिन आएन भने देवानी प्रकृतिको मुद्दामा बयान गराउने र तारेखमा राख्न पाउने अधिकार स्थानीय प्रशासन ऐन, २०२८ अनुसार प्रमुख जिल्ला अधिकारीलाई भएको नदेखिएकोले त्यस्तो बयान प्रकृतिको कागज गराएको र तारेखमा राखेको कार्यले कानूनी मान्यता प्राप्त गर्न नसक्ने भई स्वत: निष्क्रिय हुन जाने तथा प्रमुख जिल्ला अधिकारीले देवानी विषयमा कानूनविपरीत गराएको त्यस्तो कागज र तारेखमा राखेको कार्यबाट निवेदकको कानून प्रदत्त स्वच्छ सुनुवाइ एवं सक्षम अदालतबाट न्याय पाउने हकमा प्रत्यक्षत: आघात परेकै देखिन आउने ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदकलाई मिति २०६९।९।२३ गते गराएको बयान प्रकृतिको कागज र सासू, ससुरा र छोरालाई लिई मिति २०६९।१०।७ गते उपस्थित हुनेछु भनी गराइएको कागज कानूनसम्मत हो भन्ने नदेखिँदा त्यस्तो दूषित कागजले कानूनी मान्यता नै नपाउने देखिँदा उत्प्रेषणको आदेश जारी गरिरहन नपर्ने ।

प्रत्यर्थी शान्ता राई र निवेदकको श्रीमती कल्पना लिम्बूबिच भएको कारोवारको सम्बन्धमा शान्ता राईको निवेदनको आधारमा जिल्ला प्रशासन कार्यालयबाट निवेदकलाई उपस्थित गराई तारेखमा राखेको देखिन आएकोले उक्त देवानी विषयलाई लिएर निवेदकलाई पक्राउ नगर्नु, नथुन्नु धरपकड नगर्नु साथै सो सम्बन्धमा तारेखमा राख्नेलगायतको कुनै कागज नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।९।९ मा भएको फैसला मिलेकै देखिँदा

सदर हुने ।

इजलास अधिकृत : सुभाष चन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल आषाढ २४ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१२६५, ०७२-CI-१४५१, निषेधाज्ञा, बेचना राय वि. महेन्द्र सिंह, रामसागर राय अमातसमेत वि. महेन्द्र सिंह*

निषेधाज्ञाको आदेश भनेको कुनै पनि नागरिकको कानून तथा संविधानप्रदत्त हकमा आघात पर्ने आशङ्काको विद्यमानता भएमा त्यसको उपचारको लागि जारी हुने आदेश हो । प्रस्तुत मुद्दाको रोहमा कित्ता नं. ३४४ को जग्गा नेपाल सरकारको नाममा दर्ता रहेको भनी जग्गाधनी दर्ता प्रमाण पुर्जा कायम रहेको छ भने उक्त जग्गाको स्वामित्वका विषयमा अदालतमा मुद्दा परी तहतहगत रूपमा फैसला भई पुनरावेदक विपक्षीहरूका पिता पुर्खाको नभई नेपाल सरकारका नाममा दर्ता स्रेस्ता कायम भएको जग्गा हो भनी फैसला अन्तिम भइसकेको छ । यस्तो जग्गामा रहेको सार्वजनिक पोखरीमा यिनै पुनरावेदक विपक्षीहरूले यसअघि पनि माछा मारी लगेउपर छुट्टै मुद्दा चलेको भन्ने देखिन्छ भने यिनै पुनरावेदकहरूले विपक्षी निवेदक विरूद्ध दायर गरेको मुद्दामा हाम्रो हक भोगको पैतृक जग्गा हो भनी दाबी यथावत् गरिरहेबाट पुनरावेदकहरूले जुनसुकैबेला कित्ता नं. ३४४ को सार्वजनिक पोखरीमा माछा मार्ने, अनधिकृत प्रवेश वा हस्तक्षेप गर्ने आशङ्काको अवस्था विद्यमान रहिरहेको देखिन आउने ।

कि.नं.३४४ को पोखरी सार्वजनिक ठहर भइरहेको र गा.वि.स.कार्यालयको क्षेत्राधिकारभित्रको देखिँदा उक्त पोखरीमा माछा मार्ने कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।१२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुभाष चन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल आषाढ २४ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१४३२, निषेधाज्ञा / परमादेश, बालकृष्ण यादव वि. मुक्तिलाल यादव*

संविधान प्रदत्त नागरिकको सम्पत्तिसम्बन्धी हकमा कसैबाट आघात पर्न गएमा त्यस विरूद्ध निषेधाज्ञा परमादेशसमेतको आज्ञा आदेश जारी हुने विद्यमान कानूनी व्यवस्थाको खिलाफमा आदेश जारी हुन माग गर्ने पुनरावेदकको जिकिर न्यायोचित देखिएन । निजले निवेदकको जग्गामा आफूले कुनै हस्तक्षेप नगरेको तर कि.नं.१३५ को ०-०-२ जग्गामा मात्र टाटबार लगाएको भने पनि यसै जग्गाका सम्बन्धमा जिल्ला अदालत सप्तरी तथा पुनरावेदन अदालत राजविराजमा समेत मुद्दा परी मुद्दा किनारा भई चलनसमेत चलाइसकेको भन्ने देखिइरहेको अवस्थामा ०-०-२ भी.अ. जग्गामा मात्र मैले साबिकदेखि टाटबार लगाएको भनी पुनरावेदक विपक्षीले लिएको जिकिरसँग सहमत हुन सकिएन । आफ्नो कित्ता नं. १३५ को जग्गाका सम्बन्धमा रिट निवेदकमध्येका मुक्तिलाल यादव विरूद्ध सप्तरी जिल्ला अदालतमा आफूले दिएको जग्गा खिचोला चलन मुद्दा विचाराधीन रहेको भनी पुनरावेदकले उल्लेख गरेकोमा उक्त मुद्दाको फैसलाबाट अन्यथा प्रमाणित भएको अवस्थामा हाल विवादित जग्गाको स्वामित्व तथा भोग पनि परिवर्तन हुन सक्ने अवस्था रहे भएकै हुँदा हालसम्म विवादित जग्गामा पुनरावेदकको हक अधिकार नभएको भन्ने देखिइरहे पनि निजले आफ्नो जोत भोगको जग्गा हो भनी दाबी गरिरहेकै अवस्था देखिँदा जिल्ला सप्तरी, प्रगन्ना पकरिया मौजे कोदरकट्टीको साबिक कित्ता नं.६७७ को ०-०-४ जग्गामा अनधिकृत प्रवेश

नगर्नु नगराउनु भनी यिनै पुनरावेदक विपक्षी विरूद्ध निषेधाज्ञाको आदेश जारी हुनु मनासिबै देखिन आउने।

निवेदन दाबीको साबिक कि.नं. ६७७ को जग्गामा अनधिकृत प्रवेश नगर्नु नगराउनु भनी यिनै पुनरावेदक बालकृष्ण यादवका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने गरी पुनरावेदन अदालत, राजविराज, सप्तरीबाट मिति २०७१।९।२७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाष चन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल आषाढ २४ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१२३०, निषेधाज्ञा, रामबहादुर राय अमात वि. स्थायी प्रहरी चौकी खरिहानी, धनुषासमेत*

निषेधाज्ञाको आदेश भनेको कुनै पनि व्यक्तिको नैसर्गिक हकमा अरू कसैले अवरोध सिर्जना गरेको खण्डमा त्यस्तो हकको प्रचलनको सुनिश्चितताका निम्ति जारी हुने आदेश हो । प्रस्तुत मुद्दाको रोहमा हेर्दा निवेदकले आफ्नै निजी जग्गामा माछा मार्दा विपक्षीहरूबाट पक्राउ गर्ने, कागज गराउने आशङ्का रहेको भनी निवेदकले दाबी लिएको भए पनि निजले आफ्नो भनी दाबी लिएको जग्गाको अद्यावधिक दर्ता स्रेस्ता तथा अदालतबाट पटक-पटक भएका फैसलाहरूबाट समेत उक्त जग्गामा निवेदकको हक रहेको देखिन आएन। आफ्नो हक नै नभएको सार्वजनिक पोखरीमा जबरजस्ती माछा मार्दा कानूनबमोजिम पनि निवेदकलाई पक्राउ नगर्नु भनी आदेश दिन मिल्ने हुँदैन । निजले कानूनको परिपालना गरेको अवस्थामा विपक्षी कार्यालयले पक्राउ गर्ने कुनै विषय नै रहेको देखिँदैन । सो कुरा उक्त कार्यालयले आफ्नो लिखित जवाफबाटै स्पष्ट गरेको छ। यस्तो अवस्थामा निवेदकले निर्विवाद हक नै कायम नगरेको जग्गाको पोखरीमा निजलाई माछा मार्न दिनु, यसरी माछा मार्दा पनि अवरोध नगर्नु, कानूनविपरीतको कार्य गर्दा पनि पक्राउ नगर्नु भनी आदेश दिन मिल्ने हुँदैन भने निवेदकलाई विपक्षीहरूले पक्राउ नगरेको, कुनै कागज नगराएको र विनाकारण यस्तो गराउने आशङ्काको अवस्थासमेत विद्यमान नरहेको अवस्थामा निवेदकको हकमा कुनै तवरले आघात परेको नदेखिँदा मागबमोजिम प्रत्यर्थी विरूद्ध निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने नदेखिने।

उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा कित्ता नं. ३४४ को पोखरी जग्गामा निवेदकको हक नभए पनि उक्त पोखरीमा माछा मार्न वा भोग गर्न अवरोध नगर्नु भनी विपक्षी विरूद्ध निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा रिट निवेदन खारेज हुने तथा जारी अन्तरिम आदेशसमेत निष्क्रिय हुने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।१२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाष चन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल आषाढ २४ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१५८७, उत्प्रेषणयुक्त निषेधाज्ञा मिश्रित परमादेश, नर्मदा खत्रीसमेत वि. त्रियुगा साना सहरी खानेपानी सरसफाइ उपभोक्ता समितिसमेत*

खानेपानीको धारा नामसारी गरिपाउन भनी निवेदकले दिएको निवेदन विपक्षीहरूले किर्ते गरेको भए त्यसउपर यिनै निवेदकले अदालतमा दिएको मुद्दाबाटै ठहरेबमोजिम हुने नै हुँदा हाललाई खानेपानी उपभोक्ता समितिको सदस्य नै नरहेकी निवेदकले उक्त समितिमा उम्मेदवारी दिन पाउने वैधानिकता नै प्राप्त गरेको नदेखिएको र विधानबमोजिम सर्वसम्मतिले गठित निर्वाचन समितिले पारदर्शी एवं विधिसम्मत रूपमा

सञ्चालन गरिरहेका कार्य रोक्न परमादेशलगायतका अन्य कुनै आदेश वा निर्देशन दिइरहनपर्ने नदेखिने।

अन्तरिम आदेश जारी भई निर्वाचन स्थगित भइसकेको अवस्था रहेको तथा २०६० सालमा पतिका नाममा धारा नामसारी भएको भए पनि निवेदिकाले पुन: आफ्ना नाममा धारा नामसारी गरी उपभोक्ता समिति सदस्य बन्न पाउने अवस्था विद्यमान रहेकै देखिँदा निवेदन मागबमोजिम निवेदिकाको हक नै कुण्ठित भएको अवस्था नहुँदा मागबमोजिम आदेश जारी गर्नुपर्नेसम्मको अवस्था विद्यमान नरहेकोले निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७२।११।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाष चन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल आषाढ २४ गते रोज ४ शुभम्।

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१९८२, निषेधाज्ञा मिश्रित परमादेशसमेत, रामविलास साहु तेली वि. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, गाईघाटसमेत*

निवेदक रामविलास साह तेलीले कर्जा नवीकरण नगरिदिएकोले कर्जा नवीकरण गरिदिन भनी विपक्षी विरूद्ध परमादेशको आदेश माग गरेको सम्बन्धमा हेर्दा विपक्षी बैंकबाट ऋण लिएको कुरालाई निवेदकले अन्यथा भन्न नसकेको अवस्थामा बैंकसँगको सम्झौता एवं प्रचलित ऐन नियमबमोजिम निवेदकले आफूले लिएको ऋणको सावाँ ब्याज भुक्तानी गर्नुपर्ने दायित्व पुनरावेदक ऋणी स्वयंको हुन आउने कुरामा विवाद रहेन जुन कुरा निजले ऋण लिँदाकै अवस्थामा स्वीकार गरिसकेको विषय हो। यद्यपि निवेदक ऋणीले आफूले लिएको ऋणको सावाँ ब्याज समयमा भुक्तानी गरी बैंकका ऋणीहरूले पालना गर्नुपर्ने कर्तव्य पालना गर्न सकेको देखिएन। निवेदक स्वयंको भनाइबाट निजले २०४७ सालदेखि नै विपक्षी बैंकसँग कारोबार गर्दै आएको भन्ने कुरा प्रस्ट भएको छ। मिति २०६२।९।२८ मा निवेदकले दिएको कर्जा नवीकरण गरिपाउँ भन्ने निवेदनका आधारमा सोही मितिमा निवेदकका नाममा रहेको ऋण बैंकका तर्फबाट नवीकरण भएको देखिएबाट निवेदकले भने जस्तो निजका नामको ऋण नवीकरण हुँदै नभएको भन्ने पनि देखिएन। कर्जा लगानीसम्बन्धी मापदण्ड, कर्जा लगानीसम्बन्धी नियम, विनियम समेतका आधारमा निवेदकलाई थप ऋण उपलब्ध गराउने नगराउने भन्ने कुराको निर्णय गर्ने कुरा बैंकको स्वायत्तताको विषय हो। यस्तो अवस्थामा पहिले नै लिएको ऋणको समयमा सावाँ ब्याज भुक्तानी नगरी कर्जा नवीकरण गरिसकेका र त्यसपछि पनि निवेदकले बैंकलाई सावाँ ब्याज भुक्तानी गर्न बाँकी रहेकै अवस्थामा निवेदकका नाममा पुन: कर्जा प्रदान गर्नु भनी निवेदन मागबमोजिम आदेश दिनु उपयुक्त एवं न्यायोचित हुन आउने पनि नदेखिने।

ऋण सुरक्षणबापतको धितो लिलाम प्रक्रिया अगाडि नबढाउनु भनी निषेधाज्ञा आदेश जारी हुन माग गरेको सम्बन्धमा हेर्दा कुन ऋणीलाई, कुन शीर्षकमा कति ऋण प्रदान गर्ने र त्यसको असुली के-कसरी गर्ने भन्ने कुराको निर्णय विपक्षी वाणिज्य बैंकले वाणिज्य बैंक ऐन, २०३१ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ एवं यससम्बन्धी नियमावलीअनुसार उक्त बैंकलाई अधिकार प्रदान गरेको छ। यस्तो अवस्थामा विपक्षीले तोकिएको भाखामा ऋण भुक्तान नगरेमा धितोमा रहेको सम्पत्ति डाँक लिलाम गराई असुलउपर गर्न सक्ने अधिकार विपक्षी बैंकलाई रहेकोले धितो सुरक्षणबापत निवेदकले उदयपुर जिल्ला, गाईघाट वडा नं .४ (ख) को जग्गा ऋण सुरक्षणबापत राष्ट्रिय वाणिज्य बैंक, गाईघाटमा दृष्टिबन्धक राखेको देखिँदा उक्त धितोको जग्गा डाँक लिलामको कार्य नगर्नु नगराउनु भनी निवेदन दाबीअनुसार निषेधाज्ञाको आदेश जारी

गरिपाउँ भन्ने निवेदन माग दाबी कानूनसम्मत र मनासिब देखिन नआउने।

उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा मिति २०६२।९।२८ मा निवेदकले दिएको निवेदनका आधारमा विपक्षी राष्ट्रिय वाणिज्य बैंकबाट सोही मितिमा निवेदकको कर्जा नवीकरण भई रु.१,६७,०००।- (एक लाख सतसट्ठी हजार) निवेदकले ऋण कर्जा लिएको देखिएकोमा निवेदकले मिति २०७०।१२।३० पछिको मात्र सावाँ ब्याज हिसाबको विवरण प्राप्त गरेको देखिँदा कर्जा नवीकरण भएको मितिदेखि पुनरावेदन अदालतबाट फैसला भएको मिति २०७२।३।२० सम्मको सावाँ ब्याज तथा भुक्तानी भएको रकमको विवरण फैसला मितिबाट १५ दिनभित्र निवेदकलाई उपलब्ध गराउनु भनी विपक्षीको नाउँमा परमादेशको आदेशसम्म जारी हुने ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७२।३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाष चन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल आषाढ २४ गते रोज ४ शुभम्।

**१२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-२१२९, ०७६-RC-०१३७, कर्तव्य ज्यान, विकास तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. सोनाम तामाङ*

प्रतिवादीहरू दुवैजना मिलेर मृतक मसीनी तामाङलाई धनमाल चोरी गर्ने उद्देश्यले कर्तव्य गरी मारी धनमाल चोरी गरी भागेको भन्ने प्रतिवादीहरूको स्वीकारोक्ति बयान, जाहेरवालालगायत मौकामा कागज गरी अदालतमा बकपत्र गर्ने साक्षीहरूको भनाइ बेहोरा, प्रतिवादीहरूको काठमाडौं जोरपाटीस्थित डेराबाट रगत लागेको सर्ट, पाइन्ट र जुत्ता र मसीनी तामाङको नोकिया मोबाइल बरामद भएको देखाउने बरामदी मुचुल्का, घटनास्थल एवं मृतक लासको लासजाँच प्रकृति मुचुल्का र मृत्युको कारणमा Head Injury Right Temporal Skull Fracture of 13×19cm भनी उल्लेख भएको मृतकको शव परीक्षण प्रतिवेदनसमेतले प्रतिवादीहरूको सामूहिक कार्यबाट कर्तव्यको घटना वारदात भएको पुष्टि हुन पुगेको देखिने।

मृतक मसीनी तामाङलाई धनमाल चोरी गर्ने उद्देश्यले मारेको भन्ने प्रस्ट भएको छ। प्रतिवादीहरूको मृतकसँग अन्य मार्नु पर्ने सम्मको रिसइवी केही रहे भएको देखिँदैन। चोरी दुवै जना मिलेर गरेको भन्ने देखिएको छ। यो स्थितिमा प्रतिवादी विकास तामाङले मैले मारेको होइन वारदातस्थलमा उपस्थित भई हेरी मात्र रहेको हो भन्ने जिकिर र मृतक मरेपछि चोरी संयुक्त रूपमा गरेको हो भन्ने भनाइ बेहोरा एकआपसमा तारतम्य मिलेको देखिँदैन। जुन उद्देश्यका लागि मृतकलाई मारेको हो सोमा संलग्न थिएँ तर मृतकलाई मारेको होइन भन्ने पुनरावेदन जिकिर व्यावहारिक रूपमा समेत विश्वसनीय देखिँदैन। त्यसैगरी अनुसन्धानको क्रममा भएको बयानमा दुवै प्रतिवादीले हामी दुवै जना मिलेर मृतकको कर्तव्य गरी मारेको हो भनी स्वीकारोक्ति बयान गरेकोबाट समेत दुवै प्रतिवादीहरूको संलग्नतामा कसुर भएको पुष्टि हुन आएको छ। सो हुँदा प्रतिवादीहरू विकास तामाङ र सोनाम तामाङलाई कर्तव्य ज्यान र जबरजस्ती चोरीको कसुरमा कसुरदार कायम गरी सजाय गरेको पुनरावेदन अदालत पाटनको फैसला प्रतिवादी विकास तामाङको हकमा पुनरावेदनको रोहमा र प्रतिवादी सोनाम तामाङको हकमा साधक जाँचको रोहमा हेर्दा मिलेकै देखिन्छ। प्रतिवादी विकास तामाङले आफू वारदातस्थलमा उपस्थित रहेको तर केही पनि नगरी बसेको हुँदा मतियारसम्ममा सजाय हुनुपर्ने हो भनी लिएको पुनरावेदन जिकिर स्थापित हुन सक्ने देखिएन। निज पुनरावेदक विकास तामाङले चोरीको अभियोगका सम्बन्धमा कुनै जिकिर लिएको नदेखिँदा सोतर्फ केही बोलिरहनुपर्ने देखिन नआउने।

मृतक मसीनी तामाङको मृत्यु प्रतिवादीहरू विकास तामाङ र सोनाम तामाङको कर्तव्यबाट भएको र चोरी गर्ने उद्देश्यका लागि प्रतिवादीहरूले मृतकको कर्तव्य गरी हत्या गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।८।२२ को फैसला प्रतिवादी सोनाम तामाङको हकमा साधक जाँचको रोहमा र पुनरावेदक प्रतिवादी विकास तामाङको हकमा पुनरावेदनको रोहमा हेर्दा अन्यथा नदेखिएबाट सदर हुने।

प्रतिवादीहरू विकास तामाङ र सोनाम तामाङलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा *कानूनमा कुनै कसुरबापतमा सर्वश्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन* भनी व्यवस्था गरेको देखिएको हुँदा जन्म कैदको सजाय हुने।

इजलास अधिकृत (उपसचिव): महेन्द्रप्रसाद पौड्याल
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति सवंत् २०७७ साल असार १८ गते रोज ५ शुभम्।

## इजलास नं.२

१३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७७-WH-०२२२, बन्दीप्रत्यक्षीकरण, निङ्गमा दोर्जी शेर्पाको हकमा हन्नाकुमारी शेर्पा वि.* उच्च अदालत विराटनगर

प्रस्तुत रिट निवेदनसँग सम्बन्धित कर्तव्य ज्यान मुद्दाको फैसलाअनुसार सुनसरी जिल्ला अदालतबाट निवेदकलाई मिति २०७७।४।२७ मा कैदीपुर्जी दिई कैदमा पठाएपश्चात् कैदमा राखेको विषयलाई लिएर उच्च अदालत विराटनगरमा परेको बन्दीप्रत्यक्षीकरण रिट निवेदन मिति २०७७।९।१० मा खारेज हुने ठहरी फैसला भएको देखिन्छ। यसरी विशेश्वर ठाकुरको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिप नारायण चौधरीसमेत भएको कर्तव्य ज्यान मुद्दाका प्रतिवादी टाइसन भन्ने मिङमा दोर्जी शेर्पा फरक व्यक्ति हुन् भन्ने नदेखिँदा मातहत अदालतबाट निवेदकलाई जन्मकैदको सजाय हुने ठहरी भएको फैसला कार्यान्वयनको सिलसिलामा निवेदकलाई प्रकाउ गरी सुनसरी जिल्ला अदालतबाट कैदीपुर्जी दिई कारागार कार्यालयमा कैदमा पठाएको अवस्थामा निवेदकको थुनालाई गैरकानूनी थुना भन्न मिल्ने नदेखिने।

अतः निवेदकको थुना कानूनसम्मत देखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शारदा फुयल (उपसचिव)
कम्प्युटर: हर्क माया राई
इति संवत् २०७८ साल जेठ ३० गते रोज १ शुभम्।

**१४**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-AP-०६८०, अदालतको अवहेलना, सिमा जैन वि. काठमाडौं महानगरपालिकासमेत*

निवेदिकाले विपक्षीहरूबाट मिति २०७५।६।१८ मा ग्राभेल गर्ने कार्य गर्न लागेको भन्ने विषयमा ठोस सबुद गुजार्न सकेको नदेखिनु र यस अदालतबाट मिति २०७५।६।१६ मा यथास्थितिमा राख्नु भन्ने आदेश भए पनि सो आदेश हुनुपूर्व नै विवादको बाटोमा ग्राभेललगायत ढलान गर्ने कार्यसमेत

मिति २०७५।६।११ मा नै सम्पन्न भइसकेको भन्ने यसै अदालतको आदेशानुसार भएको स्थलगत सर्जमिन मुचुल्कामा उल्लेख भएको आधारसमेतबाट देखिँदा अदालतबाट मिति २०७५।६।१६ मा भएको आदेशलाई उल्लङ्घन गर्ने गरी विपक्षीहरूबाट कुनै काम कारबाही भएको नदेखिने।

अत: विपक्षीहरूले यस अदालतबाट मिति २०७५।६।१६ मा भएको आदेशको अवज्ञा गरेको नदेखिँदा निवेदन मागबमोजिम विपक्षीहरूलाई अवहेलनामा सजायसमेत गरिपाउँ भन्ने निवेदन दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने
कम्प्युटर: हर्कमाया राई
इति संवत् २०७७ साल चैत्र १७ गते रोज ३ शुभम्।

१५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CR-०४२०, कर्तव्य ज्यान, नेपाल सरकार वि. कुमार उप्रेती*

प्रतिवादी कुमार उप्रेतीसमेतको सल्लाहमा निजसमेत भई कुटपिट गरेको कारण मृतक अम्बिका थेवेको मृत्यु भएको भनी कुनै पनि प्रतिवादीले पोल गरेकोसमेत नदेखिएको, मृतकको अलिअलि सास मात्र बाँकी रहेको अवस्थामा अन्य प्रतिवादीहरूले मृतकलाई चोरचोर भनेका कारण चोरलाई समात्ने प्रयोजनका लागि मृतकको हातमा डोरीले बाँधी घिसारेर सडक बाटोमा ल्याउनेसम्मको कार्यमा प्रतिवादी कुमार उप्रेतीको संलग्नता पुष्टि भएको देखिँदा प्रतिवादीका हकमा ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ बमोजिम सजाय गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

अत: प्रतिवादी कुमार उप्रेतीलाई ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ बमोजिमको कसुरमा सोही नम्बरअनुसार कैद महिना ६(छ) हुने गरी झापा जिल्ला अदालतबाट मिति २०७३।४।२४ मा भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७६।१।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भगवती शर्मा ढुंगाना
कम्प्युटर: हर्क माया राई
इति संवत् २०७८ साल भदौ १ गते रोज ३ शुभम्।

१६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७७-CR-०३३३, जबरजस्ती करणी, नेपाल सरकार वि. ललितकुमार मण्डल*

प्रतिवादीसँगको पूर्व झै-झगडाका कारण प्रतिवादीउपर जबरजस्ती करणीको जाहेरी दिएको भनी पीडित र जाहेरवालाले मात्र प्रतिकूल बकपत्र गरेको नभई वादी पक्षका अन्य साक्षीहरूले समेत जबरजस्ती करणीको वारदात नभएको भनी किटानी बकपत्र गरेबाट प्रभाव, दबाब वा प्रलोभनमा पारी जाहेरवाला वा पीडितलाई प्रतिकूल बकपत्र गर्न लगाएको भन्ने अवस्थासमेत देखिन आएन। यसरी जाहेरी दरखास्त, पीडितको घटना विवरण कागजबाहेक मिसिल संलग्न अन्य कुनैपनि प्रमाण कागजबाट प्रतिवादीउपरको अभियोग दाबी पुष्टि हुन सकेको नदेखिने।

जाहेरी दरखास्त, पीडितको घटना विवरण कागजलगायत अनुसन्धानको सिलसिलामा तयार भएका कागजहरू आफैँमा स्वतन्त्र प्रमाण होइनन्। त्यस्ता कागजहरू प्रमाणग्राह्य हुन प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम उक्त कागज गर्ने व्यक्ति अदालतसमक्ष उपस्थित भई उक्त कागजको बेहोरा समर्थित हुने गरी बकपत्र गरेको हुनुपर्दछ अन्यथा प्रमाणमा लिन मिल्दैन। मौकाको बेहोराभन्दा फरक अर्थात् प्रतिकूल बकपत्र भएको अवस्थामा अनुसन्धानको सिलसिलामा तयार भएका कागजहरूको बेहोरा प्रमाणमा लिन मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट प्रमाणित भएको हुनुपर्दछ। प्रतिवादीउपरको कसुर मिसिल

संलग्न स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणहरूबाट शंकारहित तवरले प्रमाणित नभएसम्म केवल शंकाको भरमा मात्र प्रतिवादीलाई कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने र शंकाको सुविधा प्रतिवादीले प्राप्त गर्ने हुँदा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको उच्च अदालत विराटनगरको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, प्रतिवादी ललितकुमार मण्डललाई जबरजस्ती करणीको ३(५) नं. बमोजिम ५(पाँच) वर्ष कैद र ऐ. को ३क नं. बमोजिम थप ५(पाँच) वर्ष गरी जम्मा १०(दश) वर्ष कैद र जबरजस्ती करणीको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू.५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिनुपर्ने ठहर गरी सुनसरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७६।९।२२ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : भगवती शर्मा ढुंगाना
कम्प्युटर: समी नेपाली
इति संवत् २०७८ साल भदौ १ गते रोज ३ शुभम्।

**१७**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मा लता माथेमा,** *०७७-WH-०२२७, बन्दीप्रत्यक्षीकरण, टीकाराम रखाल मगरको हकमा कमला रखाल*

यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निवेदक बन्दीलाई थुनामुक्त गर्नासाथ तत्कालै पक्राउ गरी निरन्तर थुनामा राख्ने कार्यलाई विपक्षीहरूले जारी राखेको देखिँदा केवल एउटा कुनै कसुरको नामसम्म उल्लेख गरी कागजी औपचारिकतासम्म पूरा गरेको देखाई निवेदकलाई हिरासतमा राख्ने कार्यलाई अदालतको आदेशको पालना गर्नमा वाञ्छित संवेदनशिलता नअपनाएको र निवेदकउपर प्रवृत्त धारणा राखी संविधान एवं कानून विपरीत बन्दी बनाउने कार्य गरेको मान्नुपर्ने देखिएको।

अतः निवेदक टीकाराम रखाल मगरलाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने काम कानूनसम्मत नभई गैरकानूनी रूपमा थुनामा राखेको देखिन आएकोले निवेदकको मागअनुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: लक्ष्मी राना
कम्प्युटर: हर्क माया राई
इति संवत् २०७७ साल फागुन १० गते रोज २ शुभम्।

## इजलास नं. ३

१८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७७-WH-०२९९, बन्दीप्रत्यक्षीकरण, प्रेम तामाङ वि. काठमाडौं जिल्ला अदालत*

मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (१) ले कसैले डाँका गर्न वा गराउन हुँदैन भनी डाँकाको कसुरलाई निषेध गरेको देखिन्छ। ऐ.उपदफा (२) खण्ड (क), (ख), (ग) र (घ) ले डाँकाको परिभाषा गरेको देखिन्छ । ऐ.को दफा २४४ को उपदफा (१) बमोजिमको कसुर गर्नेलाई हुने सजायको सम्बन्धमा उपदफा (३)(ख) मा व्यवस्था गरेको देखिन्छ । जसअनुसार **"उपदफा (२) को खण्ड (ग) वा (घ) बमोजिमको कसुर भए पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना"** हुने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा **"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण**

**गर्नुपर्ने छ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । मुलुकी ऐन खारेज गरी मुलुकी अपराध संहिता, २०७४ लागु गर्दा विधायिकाले पहिले बढी जरिवाना हुने कानूनी व्यवस्थामा संशोधन गरी पछि कम जरिवाना हुने गरी व्यवस्था गरेको देखियो । यसरी विधायिकाले नै बढी जरिवानालाई कम जरिवाना हुने गरी ऐन कानूनमा व्यवस्था गरेपछि अदालतले पनि न्यायको रोहमा सोलाई विचार गरी निर्णय गर्नु न्यायसङ्गत हुने देखिन्छ । **"पहिले बढी सजाय भएको कानूनलाई पछि कम सजाय हुने घोषणा संशोधित ऐनद्वारा गरेको अवस्थामा विधायिकाको मनसाय बढी सजाय गर्ने नभई कम सजाय गर्नेतर्फ रहेको संशोधनबाट स्पष्ट देखिने"** भनी ने.का.प.२०७४, अङ्क १२, नि.नं.९९०५, मुद्दा नं.०७६-WH-०१८४, आदेश मिति २०७६।९।१४ मा व्याख्या भएको देखिन्छ । जसबाट निवेदकलाई हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(ख) अनुसार बढीमा रू.१,००,०००।– (एक लाख) मात्र जरिवाना हुने देखिने ।

मिसिल संलग्न कागजातहरूबाट रिट निवेदक मिति २०७४।३।१४ देखि जरिवानाबापत कैदमा बसेको भन्ने देखिन आयो । निवेदक साबिक मुलुकी ऐनबमोजिम एक दिनको रू.२५।- का दरले जरिवानाबापत कैदकट्टा हुने व्यवस्थाअनुसार र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम यो संहिता प्रारम्भ भएको मिति २०७५/५/१ गतेदेखि एक दिनको रू.३००।- का दरले जरिवानाबापत कैद कट्टा हुने व्यवस्थाअनुसार हिसाब गर्दा सो रू.१,००,०००।– जरिवानाबापत मिति २०७५/०५/०१ गतेपश्चात् ३०० (१० महिना) दिन कैदमा बस्नुपर्ने देखिन आउँछ । जसबाट निवेदकले जरिवानाबापतको पनि कैद भुक्तान गरिसकेको अवस्था देखिएकोले मुलुकी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) बमोजिम परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ मा तोकिएभन्दा बढी सजाय गर्न मिल्ने देखिएन । यी रिट निवेदकलाई अदालतको फैसलाअनुसार उल्लिखित चोरी मुद्दामा लागेको कैद तथा जरिवाना असुल भइसकेको अवस्थामा निजलाई राखेको थुना गैरकानूनी देखिने ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५, केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को प्रतिबन्धात्मक वाक्यांश तथा हाल प्रचलित कानून मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ बमोजिम रिट निवेदक प्रेम तामाङको कैदको सजाय भुक्तान भइसकेको र हाल प्रचलित कानूनबमोजिम हुन सक्ने अधिकतम जरिवानाबापत मिति २०७४।३।१४ देखि हालसम्म थुनामा रही सो जरिवानाबापत हुने अवधिभन्दा बढी अवधि थुनामा बसिसकेको देखिँदा हाल निजको थुना गैरकानूनी देखिएको हुँदा गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

निवेदकलाई यस इजलासको मिति २०७८/१/३१ को संक्षिप्त आदेशबमोजिम यस अदालतको मिति २०७८/२/२ को च.नं.७८३-२-२७८२७ को पत्रबाट थुनामुक्त गर्न जिल्ला कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा लेखी पठाइसकेको देखिँदा केही गरिरहन नपर्ने ।

इजलास अधिकृत (उपसचिव): कृष्णप्रसाद अधिकारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ वैशाख ३१ गते रोज ६ शुभम् ।

१९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७८-WH-००२७, बन्दीप्रत्यक्षीकरण, कृष्णबहादुर सिंह वि. कारागार कार्यालय, सिराहासमेत*

निवेदकलाई डाँका चोरी मुद्दामा गोरखा जिल्ला अदालतको मिति २०७२।५।२४ को फैसलाअनुसार लागेको कैद निजले मिति २०७१।५।६ देखि मिति २०७७।५।६ गतेसम्म प्रहरी हिरासत र कैदमा बसी कैद भुक्तान गरिसकेको, जरिवानाको हकमा मुलुकी ऐन, दण्ड सजायको ३८(१) बमोजिम बढीमा चार वर्ष कैद ठेक्नुपर्ने व्यवस्था भएकोमा हाल प्रचलनमा आई लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) को खण्ड (क) को कसुरमा सोही दफा २४४ को उपदफा (३) (क) अनुसार हुने र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ निवेदकको सन्दर्भमा आकर्षित भई सो कानूनी व्यवस्थाअनुसार हुने भएपछि जरिवानाको हकमा निवेदकलाई अधिकतम जरिवाना रू.१,४०,०००।– (एक लाख चालिस हजार रूपैयाँ) हुने अवस्था रहेको देखिने।

निवेदक कृष्णबहादुर सिंहलाई गोरखा जिल्ला अदालतबाट डाँका चोरी मुद्दामा मिति २०७२।५।२४ मा भएको फैसलाबमोजिम तोकिएको कैद सजाय कैद वर्ष ६।०।० (छ वर्ष) भुक्तान गरिसकेको भन्ने निजले प्राप्त गरेको कैदी पुर्जीबाट देखिएको र निज हाल जरिवानाबापतमा थुनामा रहेको भन्ने देखिई हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) को खण्ड (क) को कसुरमा सोही दफा २४४(३)(क) अनुसार हुने भई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ अनुसार अधिकतम जरिवाना रू.१,४०,०००।– (एक लाख चालिस हजार रूपैयाँ) हुने देखिएको र हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १६१ अनुसार रू.३००।– का दरले १ वर्ष ३ महिना १७ दिन मात्र थुनामा राख्नुपर्ने हुँदा जरिवानाबापत निवेदकलाई मिति २०८१।५।७ सम्म ४ वर्ष थुनामा राख्नू भनी गोरखा जिल्ला अदालतबाट दिएको कैदी पुर्जी हाल प्रचलनमा रहेको केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा भएको व्यवस्थाअनुसारको समेत नदेखिँदा निवेदकलाई थुनामा राख्नु भनी गोरखा जिल्ला अदालतबाट दिइएको मिति २०७७।९।२९ को कैदी पुर्जी कानूनसम्मत देखिएन। अतः कैदमा राख्न भनी पठाइएको मिति २०७७।९।२९ को कैदी पुर्जी सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने।

डाँका चोरी मुद्दामा निवेदकलाई ठेकिएको कैद वर्ष ६।०।० (छ वर्ष) निज मिति २०७७।५।६ सम्म कैदमा बसी भुक्तान गरिसकेको देखिएको र निजलाई रू.५,८३,६५०।– जरिवाना भएको देखिएकोमा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा ३(क) को व्यवस्थाअनुसार रू.१,४०,०००।– जरिवाना हुने देखिँदा निजलाई जरिवानाबापत रू.१,४०,०००।– कायम गरी सोको मिति २०७७।५।७ गतेदेखि निज निवेदक जरिवानाबापत हालसम्म कैदमा बसिरहेको देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ को उपदफा (२) मा भएको व्यवस्थाअनुसार दैनिक रू.३००।– को दरले निज कैदमा बसेको अवधि कट्टा गरी हुन आउने बाँकी रकम निवेदकले बुझाए बुझी लिई अन्य मुद्दाको रोहमा थुनामा राख्नुपर्ने नभए प्रस्तुत मुद्दाको रोहमा थुनामुक्त गरिदिनु र नबुझाए जरिवानाबापत हुने अवधि किटान गरी कानूनबमोजिम कैदम्याद ठेकी असुल गर्नु भनी गोरखा जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने।

परमादेशको आदेशबाट निवेदकले माग गरेको कानूनी उपचार प्राप्त हुने नै हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदकको सो मागसम्म

खारेज हुने।
इजलास अधिकृत: टीकाबहादुर थापा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ आश्विन १२ गते रोज ३ शुभम्।

२०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७१-CR-०५८३, नकबजनी चोरी, रोहित मादेनसमेत वि. नेपाल सरकार*

अभियोजन पक्ष वादी नेपाल सरकारले प्रतिवादीहरूउपर लगाएको अभियोग शङ्कारहित तवरबाट पुष्टि गर्न सकेको पाइँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियोग प्रमाणित गर्ने भार वादीमाथि नै रहेको हुन्छ । वारदात स्थितिबारे जाहेरवालाको विरोधाभाषपूर्ण र शङ्कास्पद कथनबाहेक पुनरावेदक / प्रतिवादीहरूले चोरी गरेको भन्ने स्थापित हुने विवादरहित तथ्यगत प्रमाण वादी नेपाल सरकारले पेस गर्न नसकेको अवस्थामा आरोपित कसुर गरेमा अदालतमा इन्कार रहेका पुनरावेदक प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको साबिती बयानका आधारमा मात्र अभियोग दाबीबमोजिम पुनरावेदक प्रतिवादीहरूलाई कसुरदार मान्नु कानूनसम्मत हुने नदेखिएकाले पुनरावेदक प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको सुरू फैसला उल्टी गरी अभियोग दाबीअनुसार प्रतिवादीहरूलाई कसुरदार कायम गरी सजाय गर्ने गरेको पुनरावेदन अदालत इलामको फैसला मिलेको देखिन नआउने।

प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी ताप्लेजुङ जिल्ला अदालतबाट मिति २०६९।१।६ मा गरेको फैसला उल्टी गरी अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गर्ने गरी मिति २०७०।४।२० मा पुनरावेदन अदालत इलामबाट भएको फैसला उल्टी भई पुनरावेदक प्रतिवादी रोहित मादेन र प्रकाश लिम्बूले आरोपित कसुरबाट सफाइ पाउने।

साथै सुरेन लिम्बूले पुनरावेदन नगरेको भए तापनि पुनरावेदक प्रतिवादीहरूको समान अवस्था नै निजको हकमा समेत रहेको हुँदा साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको २०५ नं. र हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १४४(२) बमोजिम पुनरावेदन नगर्ने प्रतिवादी सुरेन लिम्बूले समेत अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । पुनरावेदक प्रतिवादीहरू एवं पुनरावेदन नगर्ने प्रतिवादी सुरेन लिम्बूसमेत उपर वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: टीकाबहादुर थापा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७७ फाल्गुण २८ गते रोज ६ शुभम्।

२१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-WH-०३१२, बन्दीप्रत्यक्षीकरण, उसिला पोडे वि. उच्च अदालत पाटनसमेत*

प्रस्तुत मुद्दा २०६४।०८।१० मा काठमाडौं जिल्ला अदालतमा दायर भई मिति २०६४।०९।३० मा प्रतिवादीले र.नं.५७० बाट रू.१४,०००।– नगद धरौट राखी तारेखमा रहेकोमा निजलाई सजाय गर्ने गरी भएको मिति २०६५।३।४ को फैसला अन्तिम भएर बसेको देखिन्छ। यसरी फैसला भएको अवस्थामा तथा सोपश्चात् पनि अदालतमा आत्मसमर्पण नगरी फरार रही फैसला मितिभन्दा १२ वर्षपछि मिति २०७७।१०।९ मा महानगरीय प्रहरी परिसरका प्रहरी कर्मचारीले निजलाई पक्राउ गरी अदालतमा दाखिल गरेको देखिँदा निजको आचरण व्यवहारबाट अदालतलाई सहयोग पुऱ्याएको भन्ने देखिन नआउने।

मैले जाहेरवालीलाई चिनेको छु। पहिलेदेखि एकै ठाउँमा काम गर्ने साथी हुन् । नुनु पोडे र मेरो श्रीमान रामशरण पोडेको पहिले नै विवाह भएको मलाई थाहा थियो । मैले रामशरण पोडेसँग प्रेम गरी

मिति २०६४।६।२० गते बगलामुखी मन्दिरमा गई विवाह गरेको हो। मेरो माइती, रामशरणको घरपरिवार र जाहेरवाली नुनु पोडे तथा निजका माइतीसमेतको सहमतिमा विवाह भएको हो भनी आफू कसुरमा साबित रही अदालतसमक्ष बयान गरेकी छन ।यस प्रकार जानीजानी विवाह भइसकेको व्यक्तिसँग बहुविवाह गर्ने र सजाय भए पछि चुपचाप बसी पक्राउ परेपश्चात् मात्र मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा माग गरको देखिँदा सो सुविधा प्रदान गर्न मानासिब नदेखिने।

निवेदक प्रतिवादी उसिला पोडेलाई ऐनमा तोकिएको न्यूनतम सजायसम्म भएकोमा निजले सो सजाय भएको वर्षौंसम्म फैसलालाई अवज्ञा गरी फरार रही प्रहरी कर्मचारीद्वारा पक्राउ गरी अदालतमा उपस्थित गराएपछि कैदमा पठाएको देखिन्छ । यस प्रकृतिका प्रतिवादीलाई उल्लिखित कानूनी व्यवस्थाबमोजिम सुविधा प्रदान गरी कैदमुक्त गर्दै जाने हो भने पीडित महिलालाई थप पीडा हुने र उक्त कानूनी व्यवस्थाको उद्देश्यविपरीत हुन जान्छ। अतः प्रस्तुत मुद्दाको गाम्भीर्य, प्रतिवादीको आचरणलगायतका कारणबाट निवेदक प्रतिवादी उसिला पोडेलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) बमोजिम कैदबापत जरिवाना रकम लिई कैदमुक्त गर्न नमिल्ने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।१०।१३ मा भएको आदेश सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७८।१।९ मा भएको आदेश बेरितको नदेखिई कानूनअनुरूपको नै रहेको देखियो। अदालतको फैसलाबमोजिम ठहर भएको कैद असुलउपर गर्न निवेदक पक्राउ परी आएपछि कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा कैदमा राख्न पठाएको कार्य गैरकानूनी देखिन नआउने।

तसर्थ, उल्लिखित आधार, कारण, कानूनी व्यवस्थासमेतबाट निवेदक प्रतिवादी उसिला पोडेलाई विपक्षीहरूले गैरकानूनीरूपमा थुनामा राखेको नभई कानूनअनुरूप नै थुनामा राख्न पठाएको देखिन आएको अवस्थामा निवेदकले माग गरेको गैरकानूनी त्रुटिपूर्ण थुनामा राख्ने आदेश बदर गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैदमा बस्न नपर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: राजकुमार आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ जेठ ४ गते रोज ३ शुभम्।

२२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-WH-०३१३, बन्दीप्रत्यक्षीकरण, रामशरण पोडे वि. उच्च अदालत पाटनसमेत*

निवेदक प्रतिवादी रामशरण पोडेलाई ऐनमा तोकिएको न्यूनतम सजायसम्म भएकोमा निजले सो सजाय भएको वर्षौंसम्म फैसलालाई अवज्ञा गरी फरार रही प्रहरी कर्मचारीद्वारा पक्राउ गरी अदालतमा उपस्थित गराएपछि कैदमा पठाएको देखिन्छ। यस प्रकृतिका प्रतिवादीलाई उल्लिखित कानूनी व्यवस्थाबमोजिम सुविधा प्रदान गरी कैदमुक्त गर्दै जाने हो भने पीडित महिलालाई थप पीडा हुने र उक्त कानूनी व्यवस्थाको उद्देश्य विपरीत हुन जान्छ। अतः प्रस्तुत मुद्दाको गाम्भीर्य, प्रतिवादीको आचरण लगायतका कारणबाट निवेदक प्रतिवादी रामशरण पोडेलाई मुलुकी फौजदारी कार्यविधि सहिंता, २०७४ को दफा १५५(१) बमोजिम कैदबापत जरिवाना रकम लिई कैदमुक्त गर्न नमिल्ने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।१०।१३ मा भएको आदेश सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७८।१।९ मा भएको आदेश बेरितको नदेखिई कानूनअनुरूपको नै रहेको देखियो। अदालतको फैसलाबमोजिम ठहर भएको कैद असुलउपर गर्न निवेदक पक्राउ परी आएपछि कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा कैदमा राख्न

पठाएको कार्य गैरकानूनी देखिन नआउने ।

निवेदक प्रतिवादी रामशरण पोडेलाई विपक्षीहरूले गैरकानूनीरूपमा थुनामा राखेको नभई कानूनअनुरूप नै थुनामा राख्न पठाएको देखिन आएको अवस्थामा निवेदकले माग गरेको गैरकानूनी त्रुटिपूर्ण थुनामा राख्ने आदेश बदर गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैदमा बस्न नपर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: राजकुमार आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ जेठ ४ गते रोज ३ शुभम् ।

**२३**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-०६२४, ०७५-CR-१२५७, कर्तव्य ज्यान, नेपाल सरकार वि. परिवर्तित नाम दमौली D समेत, परिवर्तित नाम दमौली Aसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूमध्ये प्रतिवादी परिवर्तित नाम दमौली A को उमेर १५ वर्ष ८ महिना, दमौली B को उमेर १५ वर्ष ५ महिना र दमौली C को उमेर १५ वर्ष १४ दिन भन्ने देखिन्छ । यस अवस्थामा निज प्रतिवादीहरूको उमेर १४-१६ वर्षबिचको भन्ने देखिन्छ । मिसिल संलग्न प्रमाणबाट कुनै एक जना प्रतिवादीले मात्र आक्रमण नगरेको कसैले खुकुरी कसैले चक्कु र लात्ती मुक्कासमेत प्रहार गरेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट स्थापित हुन जान्छ । प्रतिवादीहरूको उमेर वारदातका अवस्थामा १६ वर्षभन्दा मुनिको भन्ने देखिएको र निजहरू नाबालिग, विद्यालयमा अध्ययनरत विद्यार्थी भएको समेतका आधारमा नाबालिगलाई सर्वस्व गर्न न्यायका मान्य सिद्धान्तअनुरूपसमेत मिल्ने पनि नदेखिएको र मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने कानूनी व्यवस्था रहेको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेको देखिनुका साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) को प्रतिबन्धात्मक वाक्यांशमा "तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिएकोले प्रस्तुत मुद्दामा पनि निज प्रतिवादीहरू परिवर्तित नाम दमौली A, दमौली B र दमौली C लाई सर्वस्वसहित जन्मकैद हुने ठहर गरी भएको सुरू अदालतको फैसलालाई उच्च अदालतबाट केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय मात्र हुने भनी गरेको फैसला मिलेकै देखिन आउने ।

पुनरावेदक प्रतिवादीहरू परिवर्तित नाम दमौली D, दमौली E, दमौली F, दमौली G, दमौली H र दमौलीको उमेर अवस्था, अपराध गर्दाको परिस्थिति एवम् निज पुनरावदेक प्रतिवादीहरू पहिलो पटक कसुरदार भएकोसमेतका आधार कारणबाट निजहरूको हकमा फैसलाबमोजिम भुक्तान गर्नुपर्ने प्रतिव्यक्ति कैदको सजाय स्थगित गर्दा पनि न्यायको मकसद पूरा हुने नै देखिएकोले प्रतिवादीहरू परिवर्तित नाम दमौली D दमौली E, दमौली F, दमौली G, दमौली H र दमौली I का हकमा सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई प्रतिवादीहरू परिवर्तित नाम दमौली D, दमौली E, दमौली F, दमौली G, दमौली H र

दमौली I लाई भएको कैदको सजाय बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगित गर्ने गरी भएको उच्च अदालतको फैसलासमेत मिलेकै देखिन आउने।

सुरू तनहुँ जिल्ला अदालतबाट मिति २०७४।२।२८ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला केही उल्टी भई प्रतिवादीहरूमध्ये परिवर्तित नाम दमौली ए दमौली बी, र दमौली सी (A, B, C) लाई सुरू अदालतले सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरेकोमा प्रतिवादीहरू नाबालिग भएको र नाबालिगलाई सर्वस्व गर्न नमिल्ने हुँदा सुरू अदालतको फैसलाबमोजिमको सर्वस्वबापतको सजाय नहुने र निजहरूको अपराधको संलग्नता, समग्र परिवेश, घाउचोट छोड्दा प्रयोग भएका हतियारसमेतका कारणबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम जन्मकैदको सजाय हुने र निज प्रतिवादीहरू नाबालिग भएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम जनही १०(दश) वर्ष कैद सजाय हुने गरी भएको फैसला र अन्य प्रतिवादीहरू परिवर्तित नाम दमौली D, दमौली E, दमौली F, दमौली G, दमौली H र दमौली I का हकमा ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ नं. बमोजिमको कसुरमा २(दुई) वर्ष कैद हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार आधा सजाय अर्थात् १(एक) वर्ष जनही कैद ठहर भएको र प्रतिवादी दमौली H र दमौली I उपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ नं. बमोजिमको कसुरमा सजाय भएकोमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार ६(छ) महिना कैद सजाय ठहर हुने गरी भएको तनहुँ जिल्ला अदालतको मिति २०७४।२।२८ को फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत पोखराको मिति २०७५।१।१० को फैसला, साथै प्रतिवादीहरू परिवर्तित नाम दमौली D, दमौली E, दमौली F, दमौली G, दमौली H र दमौली I लाई भएको कैदको सजाय बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगित गर्ने गरी भएको उच्च अदालत पोखराको सोही मिति २०७५।१।१० को फैसलासमेत मिलेकै देखिँदा सदर हुने। वादी नेपाल सरकार र प्रतिवादीहरू दमौली A, दमौली B र दमौली C को पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ चैत्र २४ गते रोज ३ शुभम्।

## २४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-१४०४, जबरजस्ती करणी, मनिष मण्डलसमेत वि. नेपाल सरकार*

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क नं.मा जुनसुकै उमेर समूहका महिलाउपर सामूहिक जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप ५ वर्ष कैद सजाय गर्नुपर्दछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (७) मा सामूहिकरूपमा जबरजस्ती करणी गरेमा थप पाँच वर्षसम्म कैद सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको छ। यसैगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने त्यस्तो कसुरको कसुरदारलाई सोहीबमोजिम कैद जरिवाना र सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। त्यसैगरी सोही ऐनको दफा ७ मा दफा ६ मा लेखिएको अवस्थामाबाहेक कुनै कसुरका सम्बन्धमा सजाय निर्धारण गर्दा यस संहिताबमोजिम गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दाको वारदात मिति २०७४।१२।१६ हो। मुलुकी अपराध संहितासमेतका

नयाँ कानूनहरू २०७५ साल भाद्र १ गतेदेखि लागु हुन आएको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा सजाय निर्धारण गर्दाका बखत मुलुकी अपराध संहिता नै लागु भएको अवस्था छ। यसस्थितिमा उच्च अदालत विराटनगरले जबरजस्ती करणीको ३क नं. को दाबीको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(७) अनुसार २ वर्ष कैद सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने भएको भन्ने आधारमा सुरूको फैसला आंशिक बदर गरी सामूहिकरूपमा जबरजस्ती करणी गरेतर्फ पुनरावेदक प्रतिवादीहरूलाई जनही थप २ वर्ष कैद ठहराएको फैसला मनासिब नै देखियो । जबरजस्ती करणीको महलको दफा ३(५) को दाबीबमोजिम ५ वर्ष कैद सजाय ठहराएतर्फ हेर्दा सोही महलको दफा ३(५) मा २० वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए ५ देखि ७ वर्ष कैद सजाय गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को (३)(ङ) मा १८ वर्ष वा १८ वर्षभन्दा बढी उमेरकी महिला भए ७ देखि १० वर्षसम्म कैद सजाय हुने कानूनी व्यवस्था रहेको छ। मुलुकी ऐन र अपराध संहितामा रहेको कानूनी व्यवस्थालाई तुलना गरी हेर्दा मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा ३(५) को दाबीबमोजिमको सजाय घटी भएको परिप्रेक्ष्यमा जबरजस्ती करणीको ३(५) बमोजिम ५ वर्ष कैद सजाय ठहराएको मिलेकै देखिन्छ। त्यसैगरी प्रतिवादी चेतन गिरीका नाममा सम्पत्ति रहेभएको नदेखिएको स्थितिमा प्रतिवादीमध्येका मनिष मण्डलबाट पीडितलाई रू.२५,०००।– क्षतिपूर्ति भराइदिने र मोटरसाइकल जफत गर्नु नपर्ने गरी उच्च अदालत विराटनगरबाट भएको फैसला परिवर्तन गर्नुपर्ने नदेखिने।

अनुसन्धानको क्रममा खडा गरिएका कागजातहरूको आधारमा शंकाको भरमा जबरजस्ती करणी ठहर गरेको उच्च अदालत विराटनगरको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ दिलाइपाउँ भन्नेसमेत पुनरावेदन जिकिरतर्फ मध्यनजर गर्दा पीडितकी दिदी परिवर्तित नाम 'ई' कुमारीले दिएको पुनरावेदक प्रतिवादीहरूउपरको किटानी जाहेरी, उक्त जाहेरीलाई समर्थन हुने गरी निजले अदालतमा गरेको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडिताको कन्याजाली च्यातिएको र निजको शरीरको बिभिन्न ठाउँमा सङ्घर्षका चिह्नहरू, घाउ चोट देखिएको भन्ने उल्लेख भएको, सो कुरालाई पुष्टि हुने गरी पुनरावेदक प्रतिवादीहरूले अनुसन्धानको क्रममा आफूहरूले पीडितलाई पालैपालो जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको सोही बेहोराको पीडितको घटना विवरण कागज बेहोरासमेत देखिन आएबाट पुनरावेदकहरूले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको अवस्था विद्यमान छ । पुनरावेदक प्रतिवादीहरूले अदालतमा इन्कारी बयान गरेको, सो इन्कारी बयान पुष्टि हुने गरी निजका साक्षीहरूले सुरू अदालतमा गरेको बकपत्र र सोही इन्कारी बयान समर्थित हुने गरी पीडित र वस्तुस्थिति मुचुल्कामा मानिसहरूले अदालतमा बकपत्र गरेकै आधारमा मात्र जबरजस्ती करणीजस्तो गम्भीर अपराधमा अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग उपर्युक्त उल्लिखित यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा सहमत हुन नसकिने।

प्रतिवादीहरू चेतन गिरी र मनिष मण्डललाई जाहेरवाला परिवर्तित नाम ई कुमारीकी बहिनी पीडित परिवर्तित नाम "सि"कुमारीलाई जबरजस्ती करणी गरेको ठहराई तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत सोही महलको ३(५) नं. बमोजिम जनही ५ वर्ष कैद हुने र सोही महलको १० नं. बमोजिम प्रतिवादी मनिष मण्डलबाट रू.२५,०००।– (पच्चिस हजार रूपैयाँ) क्षतिपूर्ति पीडितलाई भराइदिई मोटरसाइकल जफत गर्नु नपर्ने गरी भएको हदसम्म सुरू फैसला सदर गर्ने गरी एवम् सोही मुलुकी ऐन जबरजस्ती करणीको महलको ३क नं.

बमोजिम सामूहिकरूपमा जबरजस्ती करणी गरेतर्फको दाबीको हकमा सुरूले ठहराएको ५ वर्ष थप कैदलाई आंशिक बदर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(७) अनुसार प्रतिवादीहरूलाई जनही २ वर्ष थप कैद हुने ठहराई उच्च अदालत विराटनगरबाट मिति २०७६।५।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद खतिवडा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ भदौ १३ गते रोज १ शुभम् ।

**२५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-१६२०, जबरजस्ती करणी, परिवर्तित नाम छरछरे (१) वि. नेपाल सरकार*

जबरजस्ती करणीको घटना महिलाको इज्जत, मान, प्रतिष्ठामा आँच आउने प्रकृतिको अपराध भएकोले त्यस्तो कुकार्य आफ्नो जीवनमा घटित नभएसम्म त्यस्ता कुराको महिला आफैँले समाजमा उजागर गर्नसक्ने अवस्था रहँदैन । प्रस्तुत मुद्दामा पीडित जाहेरवाला प्रहरी कार्यालय, स्वास्थ्य परीक्षणको लागि अस्पताल हुँदै न्यायप्राप्तिका लागि अदालतमा सम्म उपस्थित भई जाहेरी बेहोरा पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिन्छ । यसस्थितिमा जाहेरवालाको भनाइलाई कानूनको दृष्टिमा भरपर्दो र विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने देखिन आयो । यस परिप्रेक्ष्यमा जाहेरवालीले प्रतिवादीउपर यस्तो जघन्य अपराध गरेको भनी झुठ्ठा आरोप लगाउनुपर्ने अन्य कुनै कारण नदेखिएको र माथि उल्लेख भएबमोजिम विश्लेषण गरिएको पीडित स्वयंको भनाइ र प्रतिवादी र पीडितसँगै साथै घटनास्थलमा पुगेका छरछरे (५) सहितका व्यक्तिले गरिदिएको कागजको बेहोराका साथै प्रतिवादी स्वयंको मौकाको बयान बेहोरासमेतका आधारमा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आयो । घटना घटेको भनिएको समयमा पीडितको उमेर १६ वर्ष ६ दिन र प्रतिवादीको उमेर ३८ वर्ष रहेको मिसिल कागजबाट देखिएको अवस्था छ । यसस्थितिमा पीडितको उमेर र घटनाको अवस्थासमेतलाई विचार गरी प्रतिवादी नाम परिवर्तित छरछरे (१) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) को कसुरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को खण्ड (घ) बमोजिम १० वर्ष कैद हुने, साथै सोही संहिताको दफा २२८ बमोजिम पीडितले प्रतिवादीबाट रू.२५,०००।- क्षतिपूर्ति भरिपाउने र प्रतिवादीको कुनै सम्पत्ति नरहेको भन्ने निजको अदालतमा भएको बयानबाट देखिँदा पीडित राहत कोषबाट क्षतिपूर्ति उपलब्ध गराई पीडितलाई दिने र पीडित राहत कोष ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादी कसुरदारबाट पीडित राहत कोषमा रू.१,८००।- जम्मा गर्न लगाउनेसमेत ठहऱ्याएको सुरू अदालतको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भनी मिति २०७६।९।२२ उच्च अदालत पाटन, हेटौंडा इजलासबाट फैसला भएकोमा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्कबापत भन्ने वाक्यांश उल्लेख हुनुपर्नेमा पीडित राहत कोष ऐन, २०७५ को दफा ४१ उल्लेख भएको देखिँदा अपराध पीडित राहत कोष ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्कबापत रू.१,८००।– कसुरदार प्रतिवादीबाट पीडित राहत कोषमा जम्मा गर्नसमेत लगाउने भनी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसला मिलेकै देखिने ।

सो फैसला उल्टी गरी आरोपित कसुरबाट पूर्णत: सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरतर्फ हेर्दा पुनरावेदक प्रतिवादीले अदालतमा पूर्ण इन्कार रही बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुर गरेको कुरा स्वीकार गरी बयान गरेको देखिन्छ । प्रतिवादीले सुरू अदालतमा गरेको बयानको स.ज. ८

मा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोरा सुनाउँदा सुनी पाएँ, उक्त बेहोरा मेरो नै हो । मलाई प्रहरीले डर, त्रास र धम्कीमा पारी उक्त बेहोरा लेख्न लगाएको हो भन्नेसमेत बेहोरा उल्लेख भएको देखिए तापनि जिल्ला न्यायाधिवक्तासमक्ष उक्त बयान हुने हुँदा प्रहरीले डर, त्रास, धम्कीमा पारी बेहोरा लेख्न लगाएको भन्ने बेहोरा विश्वसनीय देखिएन । यदि डर, त्रास, धम्कीमा पारी बयानको बेहोरा लेख्न लगाएको भए सोपछि म्याद थपका क्रममा प्रतिवादीले सुरू अदालतसमक्ष सो कुरा जाहेर गर्न सक्ने अवस्था रहन्छ । प्रतिवादीले सो केही गर्न सकेको मिसिलबाट देखिएन । यसस्थितिमा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको प्रतिवादीको बयानलाई अन्यथा भन्न नमिल्ने ।

पीडित जाहेरवाला नाम परिवर्तित ३५ भरतपुर (४३) ०७५/०७६ ले अदालतमा आई जाहेरी दरखास्तको बेहोरा र सहीछाप मेरै हो, आफूलाई प्रतिवादीले भुइँमा लडाई मुख थुनी कपडा खोली जबरजस्ती करणी गरेको हो भनी बकपत्र गरिदिएको, निज पीडितसँगै रहेका भनिएका परिवर्तित नाम छरछरे (५) ले प्रतिवादी ठुलोबुबा, आन्टी र म निउरो टिप्न गएको ठाउँमा आई तिमीहरूलाई भोक लागेको छ छैन भनी सोधी हामीले छ भनेपछि ठूलोबुबाले मलाई १००।– रूपियाँ दिई तीनवटा चाउचाउ किनेर लिएर आउनु , बाँकी पैसा तिमी नै राख भनी आन्टीलाई हातमा समाई तानिरहनु भएको थियो, म काँसघारीबाट चाउचाउ किन्न घर पसलतिर आई चाउचाउ किनी आन्टीलाई भेट्न काँसघारीतिर आँउदा आन्टीलाई नभेटेपछि घर गई ममीलाई सबैकुरा भनेपछि ममी आत्तिएर आन्टीलाई खोज्न काँसघारीतिर आउनुभएको हो, म घरमा नै बसेको हुँ , आन्टीलाई हातमा समाती काँसघारीतिर तानेको देखेको हुँ भनी अनुसन्धान अधिकारीसमक्ष घटना विवरण कागजमा लेखाएको देखिएकोमा निजले अदालतसमक्ष बकपत्र गर्दा मिति २०७६।२।१७ को घटना विवरण कागजमा लेखिएको बेहोरा ठिक छ, सहीछाप मैले गरेको हुँ , प्रतिवादीले जाहेरवाली दिदीलाई जबरजस्ती करणी गरेको हो भनी दिदीले भन्नुभएको थियो, प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने हो भनी लेखाएको पाइन्छ । यसैगरी घटनास्थल मुचुल्काका छरछरे (७), गोपाल विश्वकर्मा, बिजुला नेपाली, कृष्ण नेपालीसमेतले प्रतिवादीले जाहेरवालालाई जबरजस्ती करणी गरेकोले कानूनबमोजिम कारबाही गरी मनासिब क्षतिपूर्ति दिलाई भराइदिनुपर्छ भनी अदालतमा आई बकपत्र गरिदिएको, घटना विवरण कागज गर्ने छरछरे (६), रंजित परियारसमेतले प्रतिवादीले जाहेरवालालाई जबरजस्ती करणी गरेका हुन् भनी अदालतमा आई बकपत्र गरिदिएको समेतका आधार प्रमाणहरूबाट प्रतिवादीले कसुरमा इन्कार रही अदालतमा गरेको बयान बेहोरा र प्रतिवादीका साक्षी सुमित्रा वि.क. ले प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती करणी गरेको नहुँदा अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोरा समर्थित नभई जाहेरी दरखास्तको बेहोरा समर्थित हुन गएको परिप्रेक्ष्यमा प्रतिवादीले जाहेरवालालाई जबरजस्ती करणी गरेको पुष्टि भइरहेको अवस्थामा आरोपित कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी परिवर्तित नाम छरछरे (१) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (घ) बमोजिम १० (दश) वर्ष कैद हुने साथै ऐ. संहिताको दफा २२८ बमोजिम पीडित नाम परिवर्तित ३५ भरतपुर (४३) ०७५/०७६ ले प्रतिवादीबाट रू.२५,०००।- (पच्चिस हजार रुपैयाँ) क्षतिपूर्ति भरिपाउने र प्रतिवादीको कुनै सम्पत्ति नरहेको भनी अदालतसमक्ष गरेको बयानमा खुलाएकोले पीडितले पाउने क्षतिपूर्ति पीडित राहत कोषबाट उपलब्ध गराई पीडितलाई दिने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम

प्रतिवादी कसुरदारबाट क्षतिपूर्ति शुल्कबापत पीडित राहत कोषमा रू.१,८००।- (एक हजार आठ सय रूपैयाँ) जम्मा गर्न लगाउनेसमेत ठहर्छ भनी सुरू जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहराई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७६।९।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद खतिवडा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ भदौ १३ गते रोज १ शुभम्।

**२६**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-०३१९, बन्दीप्रत्यक्षीकरण, पागु पाकु भन्ने चन्द्रबहादुर चौधरी वि. झापा जिल्ला अदालतसमेत*

रिट निवेदक मिति २०७४।१०।८ देखि नै चोरी मुद्दामा भएको जरिवानाबापत कैदमा बसेको भन्ने देखिन आयो। निवेदक साबिक मुलुकी ऐनबमोजिम एक दिनको रू.२५।- का दरले जरिवानाबापत कैद कट्टा हुने व्यवस्थाअनुसार र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम यो संहिता प्रारम्भ भएको मिति २०७५/५/१ गतेदेखि एक दिनको रू.३००।- का दरले जरिवानाबापत कैद कट्टा हुने व्यवस्थाअनुसार हिसाब गर्दा रहजनी चोरीको कसुरमा निजलाई बढीमा हुनसक्ने जरिवाना रू.१,४०,०००।– बापत मिति २०७५/०५/०१ गतेपश्चात् ४५० दिन (१५ महिना) कैदमा बस्नुपर्ने देखिन आउँछ। जसबाट निवेदकले हाल प्रचलित कानूनबमोजिम हुन सक्ने अधिकतम जरिवानाबापत मिति २०७४।१०।८ देखि हालसम्म रहजनी चोरी मुद्दामा लागेको जरिवानाबापत थुनामा रही सो जरिवानाबापत कैद हुने अवधिभन्दा बढी अवधि थुनामा बसिसकेको देखिँदा हाल निजलाई राखेको थुना गैरकानूनी देखिन आएको।

निवेदक मिति २०७४।१०।८ बाट आजको मिति २०७८/३/३० सम्म जम्मा ३ वर्ष ५ महिना २२ दिन कैद बसिसकेको देखिँदा निजलाई रहजनी चोरीको कसुरमा बढीमा लाग्ने जरिवाना रू.१,४०,०००।– (एक लाख चालिस हजार) नतिरेको अवस्थामा निजको थुना उच्च अदालत विराटनगर, इलाम इजलासबाट फैसला भएको मिति २०७५।१२।२७ सम्म गैरकानूनी नदेखिए तापनि मुलुकी अपराध संहिता २०७४ मिति २०७५।५।१ बाट लागु भएको सन्दर्भमा निवेदकलाई हाल प्रचलित कानूनअनुसार बढीमा रू.१,४०,०००।– (एक लाख चालिस हजार) जरिवाना हुने र साबिक मुलुकी ऐनको व्यवस्थाबमोजिम जरिवानाबापत ४ वर्ष कैद बस्नु नपर्नेमा सो कुराको विवेचना नगरी निजले रहजनी चोरी मुद्दामा भएको जरिवानाबापतको ४ वर्ष कैद सजायसमेत थुनामा बस्नुपर्छ भनी भएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७५।१२।२७ को फैसला कानूनतः मिलेको नदेखिने।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५, केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) को प्रतिबन्धात्मक वाक्यांश तथा हाल प्रचलित कानून मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ बमोजिम पुनरावेदक निवेदक पागु पाकु भन्ने चन्द्रबहादुर चौधरीको कैदको सजाय भुक्तान भइसकेको र हाल प्रचलित कानूनबमोजिम हुन सक्ने अधिकतम जरिवानाबापत मिति २०७४।१०।८ देखि हालसम्म थुनामा रही सो जरिवानाबापत हुने अवधिभन्दा बढी अवधि थुनामा बसिसकेको देखिँदा हाल निजको थुना गैरकानूनी देखिएको हुँदा गैरकानूनी थुनाबाट मुक्त गर्न उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७५।१२।२७ को आदेश उल्टी भई निजलाई

अन्य मुद्दा वा कारबाहीबापत थुनामा राख्नुपर्ने नदेखिए तत्काल कैदमुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत (उपसचिव): कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ आषाढ ३० गते रोज ४ शुभम्।

२७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७४-CR-०२५५, जबरजस्ती करणी र अपहरण तथा शरीर बन्धक, बुद्धिलाल भन्ने बुद्धिमान चौधरी वि. नेपाल सरकार*

प्रतिवादीहरू बुद्धिमान चौधरी र सुमी तामाङले आरोपित कसुरमा इन्कार रही अदालतसमेतमा बयान गरे तापनि पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडित तथा जाहेरवाला एवं बुझिएका राधेश्याम विश्वासको मौकाको कागज एवं अदालतको बकपत्र, ओम शान्ति सामाजिक संस्थाको गर्भपतन गरिएकोसम्बन्धी प्रेस्क्रिप्सन एवं सो संस्थाका पीडितको स्वास्थ्य परीक्षण गर्ने डाक्टरले अदालतमा गरेको बकपत्र, प्रतिवादीको मोबाइलबाट राधेश्याम विश्वासको मोबाइलमा पठाइएको SMS समेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादी बुद्धिमान चौधरीले पीडित परिसर ७३ लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको।

पीडितको उमेरका सम्बन्धमा विवाद देखिएको स्थितिमा वैज्ञानिक परीक्षण पद्धतिबाट देखिन आएको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालबाट उल्लेख भएको उमेरलाई वारदात हुँदाको बखतको उमेर मान्नुपर्ने देखिन आएकोले वारदात हुँदा निजको उमेर १४ देखि १५ वर्षको मान्नुपर्ने देखिन आउने।

करणीको सवालमा १६ वर्ष नपुगेकी बालिकाले सोच विचार गरी उचित निर्णय लिन सक्ने क्षमता राख्दैनन् भन्ने नाबालकसम्बन्धी विश्वव्यापी मान्यता एवम् फौजदारी न्यायको आधारभूत स्वीकारोक्ति भएकोले कानूनतः उमेर नपुगेको नाबालिगको सहमतिमा नै करणी भए तापनि त्यस्तो करणीलाई स्वतन्त्र सहमतिपूर्वक (free consent) भएको करणी मान्न सकिने अवस्था देखिँदैन। त्यसमा पनि प्रस्तुत मुद्दामा पीडितको बकपत्रसमेतबाट स्वतन्त्र सहमतिमा करणी लेनादेना भएको भन्ने नदेखिने।

तसर्थ, प्रतिवादी बुद्धिलाल भन्ने बुद्धिमान चौधरीलाई जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष ६ महिना कैद सजाय गरी रू.७५,०००।- क्षतिपूर्ति पीडितलाई भराइदिने ठहऱ्याएको तथा प्रतिवादी सुमी तामाङ भन्ने हैसाङ थिङ्गलाई आरोपित कसुरबाट सफाइदिएको समेतको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।१।१० को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१२।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: राजकुमार आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ साल साउन ३१ गते रोज १ शुभम्।

## इजलास नं. ४

२८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CI-०५२३, नामसारी निर्णय दा.खा.दर्ता बदर दर्ता, लालवती देवी कुर्मी वि. राजाराम राउत कुर्मीसमेत*

मिसल संलग्न रहेका विवादित रौतहट जिल्ला, बसन्तपट्टि गा.वि.स., वडा नं. ७क, कि.नं. २७८ को ०-२-७ जग्गाको १ नं. मोही लगत तथा २ नं. फाराममा उल्लिखित बेहोरा वि. सं. २०२१ मा जग्गाको नापी भई तयार भएको जग्गाको फिल्डबुक उतार फारम तत्पश्चात् मिति २०२३।९।५ मा तयार भएको जग्गाधनी प्रमाण पुर्जालगायतका कागज

प्रमाणहरूबाट विवादित बसन्तपट्टि गा.वि.स., वडा नं. ७क, कि.नं. २७८ को ०-२-७ जग्गा ऐ. बसन्तपट्टि गा.वि.स., वडा नं. ७ निवासी पंचन राउत कुर्मीका छोरा तथा वादीहरू राजाराम राउत कुर्मी र विद्यालाल कुर्मीका पिता सुवा राउत कुर्मी (सुवालाल राउत कुर्मी) को दर्ता स्रेस्ताको रहेको भन्ने तथ्य खम्बिर हुन आयो । तसर्थ, उक्त विवादित कि.नं. २७८ को जग्गा प्रतिवादी लालवतीदेवीका पति सुवा राउत कुर्मीको नभई फिरादीहरूका पिता सुवा राउत कुर्मीको हो भन्ने कुरा जग्गाको हक स्थापित गर्ने लिखतबाट व्यक्तिहरूको पहिचान पुष्टि भइरहेको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्रमा सुवालाल भएको भन्ने कुरालाई मात्र मूल प्रमाण मानी अन्य हकका स्रोततर्फ ध्यान नदिई वादी दाबी पुग्न नसक्ने ठहराई रौतहट जिल्ला अदालतबाट भएको फैसला बदर गरी मालपोत कार्यालय, रौतहटबाट मिति २०६४।९।१८ मा विवादित जग्गा प्रतिवादी लालवतीदेवीको नाममा नामसारी हुने गरी भएको निर्णय दा. खा. दर्ता बदर गरी वादीहरू राजाराम राउत कुर्मी र विद्यालाल राउत कुर्मीको नाममा दर्तासमेत हुने गरी भएको तत्कालीन पुनरावेदन अदालत, हेटौंडाको फैसला कानूनत: अन्यथा नदेखिने ।

अतः माथिका प्रकरणहरूमा विवेचित मुद्दाको तथ्य र प्रमाणसमेतको आधार कारणबाट सुरू रौतहट जिल्ला अदालतबाट मिति २०७१।२।२६ मा वादी दाबी नपुग्ने गरी भएको फैसला उल्टी गरी वादी दाबीबमोजिम मालपोत कार्यालय, रौतहटबाट मिति २०६४।९।१८ मा पुनरावेदक प्रतिवादीको नाउँमा कित्ता नं.२७८ को जग्गा नामसारी निर्णय दर्ता गर्ने गरी भएको निर्णय बदर भई उल्लिखित कित्ता नं.२७८ को ०-२-७ जग्गा वादीहरूको नाममा दर्तासमेत हुने ठहरी तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७३।२।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमा पाण्डे

कम्प्युटरः देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७७ साल फागुन २६ गते रोज ४ शुभम् ।

## २९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CI-०७००, मोही दर्ता नामसारी प्रमाण पत्र, सत्यानन्द मिश्रसमेत वि. खुसर खंग खत्वे*

साबिक कि.नं.६३ को ०-१३-१६ जग्गामध्ये ०-१०-० जग्गाका कानूनत: स्थापित मोही बाजे स्व. वौकाइ खंगको मृत्युपश्चात् निज वौकाइका धर्मपुत्र छुतहरू खंगले मोहीको हैसियतले जोतभोग गरी जग्गाधनीलाई कुतबालीसमेत बुझाई आएको र निजको मृत्युपश्चात् पनि निजका छोरा वादी खुसर खंगले नै उक्त जग्गा जोतभोग गरी जग्गाधनीलाई बुझाउनुपर्ने कुतबाली बुझाई कानूनबमोजिम मोहीको कर्तव्य पूरा गरिआएको अवस्थामा निज वौकाइ खंगको नाउँको मोही हक यथावत कायम नै रहेको मान्नुपर्ने हुन्छ । यसरी कायम रहिरहेको मोही हक कानूनबमोजिम निर्धारित प्रक्रिया पूरा गरेर मात्र समाप्त हुन सक्ने ।

अतः माथिका प्रकरणहरूमा विवेचित मुद्दाको तथ्य प्रमाण कानूनी व्यवस्था र नजिर सिद्धान्तसमेतको आधार कारणबाट सुरू भूमिसुधार कार्यालय, सप्तरीबाट मिति २०७१।९।१३ मा वादीको माग दाबी नपुग्ने गरी भएको फैसला उल्टी भई दाबीबमोजिम वौकाई खंगको नाउँमा रहेको मोही हक वादीको नाउँमा नामसारी हुने गरी तत्कालीन पुनरावेदन अदालत, राजविराजबाट मिति २०७३।१।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हेमा पाण्डे

कम्प्युटरः देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७७ साल फागुन २६ गते रोज ४ शुभम् ।

**३०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CR-१०५२, जालसाजी, हिरा शाह वि. लगन कुमारी सिंहसमेत*

वादी हिरा शाहका पति स्व. धरमबहादुर शाहले निजको जीवनकालमै घरको मूलीको हैसियतले घर व्यवहार चलाउने क्रममा घर खर्चको लागि भनेर वादीको सहमतिबिना नै उल्लिखित कि.नं.१३ को ज.वि. ०,२६६५ व.मि. मध्येबाट आधाभन्दा पनि निकै कम अर्थात् ०,०१६९.०३ व.मि. जग्गा रूपैयाँ ५,३००।- मा लक्ष्मी कार्कीलाई बिक्री गरेको कार्य कानूनी व्यवस्थाको सन्दर्भमा अन्यथा भन्न मिल्ने देखिएन । यसरी वादीका पति धरमबहादुर शाहले निज र निजकी जेठी श्रीमती वादी हिरा शाहको समेत नामको अंश हक लाग्ने उक्त कि.नं. १३ को जग्गामध्ये आधाभन्दा कम जग्गा घर व्यवहार चलाउनको लागि घरको मुख्य व्यक्ति निज धरमबहादुर शाहले प्रतिवादी लक्ष्मी कार्कीलाई बिक्री गर्न कानूनले सुविधा प्रदान गरेको पाइन्छ । घर व्यवहार सञ्चालन गर्ने मुख्य अभिभारा वादीका पति धरमबहादुर शाहमा नै रहेको र सो तथ्यलाई अन्यथा भनी पुनरावेदक वादीबाट कुनै प्रमाण पेस भएको छैन । निज धरमबहादुर मिति २०६८।५।१४ मा परलोक भइसकेको भन्ने देखिन्छ । पति जीवित छँदै फिराद गर्न नसकी २०६० सालको लिखत जालसाजी गरेको भनी मिति २०७०।१।६ मा फिराद दर्ता भएको छ । अर्की प्रतिवादी लगन कुमारी सिंहले मिति २०५५ सालमा नै पति धरमबहादुर शाहबाट अंश बुझेको देखिँदा २०६० सालमा बिक्री गरिएको कि. नं. १३ मध्येको वादी दाबीको जग्गाको राजीनामा लिखतमा वादीकी सौता निज प्रतिवादी लगन कुमारीको कुनै संलग्नतासमेत रहे भएको देखिएन। तसर्थ, उल्लिखित वादी दाबीको कि.नं. १३ को ज.वि. ०,२६६५ व.मि. मध्ये ०,०१६९.०३ व.मि. जग्गा लक्ष्मी कार्कीलाई बिक्री वितरण गरिदिने गरी मिति २०६०/१२/०४, र.नं. २२५७ बाट भएको राजीनामाको लिखतलाई जालसाजी घोषित गरी बदर गरी वादीको नाउँमा दर्ता गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक हिरा शाहको वादी दाबी पुग्न नसक्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जको फैसला मुनासिबै देखिने।

अतः माथिका प्रकरणहरूमा विवेचित मुद्दाको तथ्य तथा कानूनी प्रावधानहरूको आधार कारणसमेतबाट सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७१/०७/१७ मा वादी दाबीको र.नं. २२५७, मिति २०६०/१२/०४ को राजीनामा लिखतको २ भागमध्ये वादीको अंशहकसम्मको १ भागसम्म मुलुकी ऐन, कीर्ते कागजको महलको ३ नं. बमोजिम जालसाजी हुने र सो हदसम्म उक्त लिखत निष्क्रिय भई वादीको हक कायम हुने गरी भएको फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जको मिति २०७३/०३/२४ को फैसला कानूनतः मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हेमा पाण्डे

कम्प्युटर- देबिमाया खतिवडा(देबिना)

इति संवत् २०७७ साल फागुन २६ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-CR-१०५३, जालसाजी, हिरा शाह वि. लगनकुमारी सिंहसमेत।
- ०७३-CR-१०५४, जालसाजी, हिरा शाह वि. लगनकुमारीसमेत।

**३१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-०४९२, ज्यान मार्ने उद्योग / कर्तव्य ज्यान, नेपाल सरकार वि. बन भन्ने जनार्दन कोहारसमेत*

मृतकको मृत्युको कारण Cause of death pneumonia as a result of post

craniotomy for Blunt Force of the Head भन्ने पोष्टमार्टम रिपोर्टबाट देखिन्छ । अभियोग लगाउँदा प्रतिवादीहरूउपर मृतकलाई मार्ने कार्यमा के कस्तो मतियारको रूपमा कसुर गरेको हो भनी आधार कारण खुलाई दाबी लिएको देखिन्न । प्रतिवादीहरू वारदात स्थलमा रहेकै भरमा मात्र ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजायको दाबी लिएको पाइन्छ । दशीको रूपमा बरामद भएको बाँसको लठ्ठी १ थान मात्र रहेको बरामदी मुचुल्काबाट देखिन्छ । सो लठ्ठी प्रतिवादीमध्येका छविलाल कोहारले मैले प्रहार गरेको भनी अदालतको बयानमा समेत देखिँदा प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको, मार्नेमा मद्दत, मतियार रहेको भन्ने प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादीहरूको अदालतको बयानसमेतमा दाबीको कसुरमा इन्कारी भई बयान गरेको पाइन्छ । सहप्रतिवादी छविलाल कोहारले पनि प्रतिवादीहरूउपर पोल गर्न सकेको पनि देखिँदैन । शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सिद्धान्तसमेत भएकोले मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूले दाबीको कसुर गरेको पुष्टि हुन नसकेको ।

अतः प्रतिवादीहरू सन कोहार, रवि भन्ने लालबहादुर कोहार र बन भन्ने जनार्दन कोहारलाई अभियोग दाबीको कसुरबाट सफाइ दिने गरी भएको उच्च अदालत तुलसीपुर बुटवल इजलासको मिति २०७४।८।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटरः राधिका घोरासाइने

इति संवत् २०७८ साल असार १० गते रोज ५ शुभम् ।

## ३२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CR-०३७९, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. रंजिता भन्ने राधिका वि.क. समेत*

प्रतिवादीहरू राधिका वि.क. र मनिषा शिवाकोटीले पीडित जाहेरवाली साङ्केतिक नाम मोरङ 'ण' लाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले ललाइ फकाइ गरी भारत लगेको तथ्य स्थापित भएको र प्रतिवादीहरूले गरेको सो कसुर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(२)(ख) बमोजिमको कसुर अपराध रहेको देखिएकोले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १२ (बाह्र) वर्ष कैद र रू.१,००,०००/- (एक लाख रूपैयाँ) जरिवाना गरी दफा १७(१) बमोजिम निज प्रतिवादीहरूबाट पीडित जाहेरवालीलाई जरिवाना भएको रकमलाई विचार गरी जनही रू.७५,०००/- (पचहत्तर हजार रूपैयाँ) क्षतिपूर्तिबापत भराइदिनु न्यायोचित हुने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू राधिका वि.क. र मनिषा शिवाकोटीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(१)(क) को कसुरमा सोही ऐनको दफा १५(१)(क) बमोजिम जनही २० (बिस) वर्ष कैद र रू.२,००,०००।– (दुई लाख रूपैयाँ) जरिवाना हुने र प्रतिवादीहरूबाट जाहेरवालीलाई दामासाहीले रू.१,००,०००।- (एक लाख रूपैयाँ) क्षतिपूर्ति भराइदिने ठहर गरी भएको सुरू मोरङ जिल्ला अदालतको फैसला केही उल्टी गरी सो सजायको अतिरिक्त निज प्रतिवादीहरूलाई दफा १५(५) बमोजिम थप ५ (पाँच) वर्षसमेत कैद सजाय हुने ठहराएको तत्कालीन पुनरावेदन अदालत विराटनगरको मिति २०७१।१२।१५ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई निज प्रतिवादीहरू राधिका वि.क. र मनिषा शिवाकोटीलाई सोही ऐनको ३ र ४(२)(ख) बमोजिमको कसुरमा दफा १५(१)(ङ)(१) बमोजिम जनही १२ (बाह्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना भई दफा १७(१) बमोजिम पीडित जाहेरवालीले निज

प्रतिवादीहरूबाट जनही रू.७५,०००/- (पचहत्तर हजार रुपैयाँ) क्षतिपूर्तिबापत भराइपाउनेसमेत ठहर्ने।

इजलास अधिकृतः शा.अ. कल्याण खड्का

कम्प्युटर: देबिमाया खतिवडा

इति संवत् २०७७ साल असार १९ गते रोज ६ शुभम्।

- यसै लगाउको ०७२-CR-०३८०, ०७२-CR-०६२९, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. रंजिता भन्ने राधिका वि.क.समेत, रंजिता भन्ने राधिका वि.क.समेत वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-२१३९, ०७५-CR-२४८३, लागु औषध, दर्जबहादुर तामाङ वि. नेपाल सरकार, राजकुमार मोक्तान वि. नेपाल सरकार*

बरामदित लागु औषध चरेस र अफिम रहेको र सोको परिमाण प्रतिवादी दर्जबहादुर तामाङको साथबाट १२ के.जी. चरेस र १ के.जी. अफिम तथा प्रतिवादी राजकुमार मोक्तानको साथबाट १० के.जी. चरेस र १ के.जी. अफिम गरी जम्मा २२ के.जी. चरेस र २ के.जी. अफिम रहेको हुँदा पुनरावेदक प्रतिवादीहरूको कसुरको संलग्नता चरेसको हकमा उक्त दफा १४(१)(घ)(५) बमोजिम र अफिमको हकमा दफा १४(१)(छ)(३) बमोजिमकै रहेको देखिन्छ। यसरी बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान तथा बरामदित लागु औषधको परिमाण र तौल गर्ने मेसिनसमेतबाट प्रतिवादीहरूले कारोबारको कसुर गरेको पुष्टि भएको अवस्थामा ऐनको प्रावधानअन्तर्गत उल्लिखित दफा चरेसको हकमा दफा १४(१)(घ)(५) बमोजिम र अफिमको हकमा दफा १४(१)(छ)(३) बमोजिम पुनरावेदक प्रतिवादीहरूलाई सजाय गरेको काठमाडौं जिल्ला अदालतको फैसलालाई नै सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला मिलेकै देखिने।

अतः माथि विवेचित आधार, कारण तथा न्यायिक सिद्धान्तसमेतबाट सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादी दर्जबहादुर तामाङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) को (घ)(५) बमोजिम ५ वर्ष कैद र दफा १४(१) को (छ)(३) बमोजिम १७ वर्ष कैदसमेत जम्मा २२ वर्ष कैद र रू. १०,००,०००/- जरिवाना तथा अर्का प्रतिवादी राजकुमार मोक्तानलाई ऐ. ऐनको दफा १४ (१) को (घ)(५) बमोजिम २ वर्ष कैद र दफा १४(१) को (छ)(३) बमोजिम १५ वर्ष कैदसमेत जम्मा १७ वर्ष कैद र रू. ५,००,०००/- जरिवाना हुने गरी भएको फैसलालाई नै सदर गरी उच्च अदालत पाटनबाट मिति २०७५।८।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७७ साल असार १४ गते रोज १ शुभम्।

**३४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-RB-०१४६, सुन भन्सार चोरी पैठारी, राजस्व अनुसन्धान विभाग, हरिहरभवन वि. प्रसन शाक्य*

सुनको परिमाण १३ तोला ४१.७ लाल भएको तथा प्रतिवादी प्रसन शाक्य सुन पसलको अर्डरबमोजिम सुनका गहनाहरू बनाइदिने कालिगडसम्म भए पनि साहुले खरिद गरी ल्याइदिनु भनी पठाएको अवस्था हुँदा बरामद भएको सुन आफूले खरिद गरेको हुँदै होइन भनी प्रतिवादीले बयान गरेका छन्। बरामदी मुचुल्का र प्र.उ. सहकुल थापासमेतले दिएको प्रतिवेदन बेहोरा हेर्दा बरामद भएको १३ तोला ४१.७ लाल सुनमध्ये ३ तोला ४१.४ लाल सुन विभिन्न सङ्केत नं. उल्लेख गरी स-साना टुक्रा

बनाइ लिएर हिँडेको देखिँदा प्रतिवादीले डाइस काटेर ल्याएको हुँ भनी गरेको बयानलाई अन्यथा भन्न मिल्ने देखिएन । यदि प्रतिवादीले बरामद भएको सुन अन्य प्रयोजनको लागि बोकेर हिँडेको भए स-साना टुक्रा बनाई विभिन्न सङ्केत नं. समेत उल्लेख गर्नुपर्ने कारण र औचित्यसमेत देखिँदैन र प्रतिवादीबाट बरामद भएको सुन चोरीकै सुन हो भनी अभियोजनपक्षबाट शंकारहित तवरबाट पुष्टि गर्न सकेकोसमेत नदेखिँदा अवैध सुनसहित पक्राउ परेका प्रसन शाक्यलाई कसुरबाट सफाइ दिने गरी भएको फैसला बदर गरी सुरू मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार एवं कारणहरूबाट प्रतिवादी प्रसन शाक्यलाई कसुरदार ठहर गरी राजस्व अनुसन्धान विभागबाट मिति २०७४।५।२८ मा भएको फैसला उल्टी गरी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७४।१०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपक पोखरेल

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७७ साल पौष २७ गते रोज २ शुभम्।

**३५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-RB-०१०४, ०७३-RB-०११३, बैंकिङ कसुर, PETROSLOV HRISTOV भन्ने PETROSLAV HRISTOV HRISTOV वि. नेपाल सरकार, नेपाल सरकार वि. PETROSLOV HRISTOV भन्ने PETROSLAV HRISTOV HRISTOV*

पुनरावेदक प्रतिवादीले आफूसँग रहेको युरो र डलर वैध तरिकाबाट आएको भन्ने कुरा प्रमाणित गर्न सकेको देखिँदैन र आफैले प्रहरीसमक्ष बुल्गेरियाको राजधानी सोफियामा रहेको SIC (Security Insurance Company) नाम रहेको माफिया समूहले लगाएका हुन् र Passionately Swiss लेखिएको लगायत विभिन्न ATM, VISA, DEBIT Card हरू Magnetic Stripe, Card Reader/Writer, Electronic सामाग्रीहरू बुल्गेरियामा रहँदा दिएको र सो माफियासँग कुनै न कुनै रूपले संलग्न रहेको साबिती बयान गरेको कुरालाई बुल्गेरिया स्थित अपराध अनुसन्धान अधिकारीसँग सहकार्य गरी अनुसन्धान नगरेकै कारण कपोलकल्पित छ भन्ने कुराको तर्कसँग सहमत हुन सकिँदैन। प्रतिवादी पुनरावेदकले आफूलाई लगाएको कसुर झुट्ठा ठहरिने कुनै यथेष्ट प्रमाण दिन पनि नसकेको र खानतलासी मुचुल्का, प्रहरी प्रतिवेदन, परीक्षण प्रतिवेदन, प्रतिवादी स्वयंको साबिती बयान, विभिन्न व्यक्तिहरूले गरेको घटना विवरण कागज, विभिन्न बैंकहरूको पत्र, अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई अभियुक्तले झुट्ठा ठहऱ्याउन सकेको देखिँदैन । त्यस्तै विभिन्न बैंकहरूबाट अर्काको खाताबाट नक्कली ATM प्रयोग गरी रकम निकालेको होइन र निकालेको भए क-कसको खाताबाट निकालिएको उल्लेख छैन भन्ने सम्बन्धमा ATM बाट अवैध रूपमा निकालिएको कतिपय रकमहरू Settlement भइसकेको मिसिलबाट देखिएकाले यस सम्बन्धमा थप केही बोलिरहनु परेन। अतः उल्लिखित आधार र कारणबाट पुनरावेदन अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण भएकाले सो फैसला उल्टी गरी सफाइ पाउँ भन्ने प्रतिवादी पुनरावेदकको जिकिरसँग सहमत हुन नसकिने ।

वादी नेपाल सरकारको तर्फबाट बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ (२) (घ) बमोजिम सजाय गरिपाउँ भनी लिइएको पुनरावेदन जिकिरतर्फ हेर्दा ग्लोबल आईएमई बैंक लि. को विभिन्न शाखाको ATM काउन्टरबाट रू.१०,९५,०००।- सिद्धार्थ बैंक लि. बाट रू. ४५,०००।- नविल बैंकको

ATM काउन्टरबाट रू. ४९,३९,०००।- एन. सि. सि. बैंक लि बाट रू. ७०,०००।- हिमालयन बैंक लि. बाट रू. २२,१८,३००।- गरी जम्मा रू. ८३,६७,३०० ।- निकालेको भन्ने जवाफ प्राप्त हुन आएको देखिएको र सोबाहेकको अरू रकम अनाधिकृत रूपमा निकालेको भनी कुनै बैंकले पत्राचार गरेको नदेखिएको तथा वादी नेपाल सरकारले समेत यो यस रितले अवैध रकम निकालेको हो भनी भन्न र सो पुष्टि गर्न सकेको समेत नदेखिने ।

प्रतिवादीले विभिन्न बैंकहरूबाट रू.८३,६७,३००।- अवैध रूपमा निकालेको भनी पत्र प्राप्त भएको र सोबाहेकको रकमसमेत प्रतिवादीले अवैध रूपमा निकालेको भए सोकुरा शंकारहित तरिकाबाट कसुर प्रमाणित गर्ने भार वादी पक्षमा नै रहन्छ । शंकाको सुविधा प्रतिवादीले पाउने भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्त रहेको हुँदा प्रस्तुत मुद्दामा समेत शंकाको सुविधा प्रतिवादीले पाउने नै देखियो । तसर्थ प्रतिवादीको साथबाट बरामद भएको सम्पूर्ण रकम रू.१,१९,५९,७८०।- अवैध रूपमा निकालेको होला भनी अनुमान गर्न र सोही अनुपातका आधारमा दफा १५ (२) (घ) बमोजिम सजाय गर्न न्यायसङ्गत नदेखिँदा बढी बिगो कायम गरी दफा १५ (२) (घ) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०९।१४ मा प्रतिवादी Petroslav Hristov Hristov लाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ (२) (ग) बमोजिम २ वर्ष कैद र रू. ८३,६७,३०० ।- जरिवाना गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दिपक पोखरेल

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७७ साल पौष २७ गते रोज २ शुभम् ।

## ३६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०२६७, बन्दीप्रत्यक्षीकरण, अपर्ण गुरूङ भन्ने विधान श्रेष्ठको हकमा प्रेमाकुमारी गिरी वि. मकवानपुर जिल्ला अदालतसमेत*

पहिले जतिसुकै बढी कैद वा जरिवाना सजाय हुने गरी ठहर भएको भए पनि हाल प्रचलित कानूनमा पहिले तोकिएको सजायभन्दा घटी सजाय हुने व्यवस्था गरिएको रहेछ भने सोही घटी सजायको हदसम्म मात्र कैद जरिवाना असुल गर्नुपर्ने तथा फैसला कार्यान्वयन गर्दा संहिताबमोजिम नै घटी सजायको फैसला कार्यान्वयन हुने देखिने ।

रिट निवेदक पुर्पक्षका लागि थुनामा बसेको अवधि ७ महिना ५ दिन र मुद्दा फैसलापश्चात् मिति २०७४।२।१८ मा पक्राउ परी हालसम्म थुनामा नै रहेको देखिँदा आज मिति २०७८।१।२ सम्म गणना गर्दा निज थुनामा बसेको अवधि जम्मा ४ वर्ष ५ महिना १९ दिन भुक्तान गरेको देखिन्छ । निवेदकलाई प्रचलित ऐनबमोजिम हुने कैदबापत ५ वर्ष मिति २०७८।७।१३ मा भुक्तान हुन जाने देखियो । निवेदकलाई प्रचलित कानूनबमोजिम हुन सक्ने जम्मा जरिवाना रू.३,५०,०००।– (तीन लाख पचास हजार) नतिरेको अवस्थामा सोबापतको थुना बाँकी नै रहेको देखिने ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(३), केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) तथा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम निवेदक अपर्ण गुरूङ भन्ने विधान श्रेष्ठलाई नकबजनी चोरीको कसुरमा ठहर भएको कैद तथा जरिवानाबापत फैसला कार्यान्वयनका लागि थुनामा बस्नुपर्ने अवधि भुक्तान हुन बाँकी रहेको देखिन आयो । पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन परी मिति २०७१।१२।१० मा सुरू सदर हुने ठहर भई मुद्दा अन्तिम भएको मिसिल

संलग्न फैसलाको प्रतिलिपिबाट देखियो । यसरी मुद्दा अन्तिम भई थुनामा बस्नुपर्ने निवेदकलाई ठहर भएको कैद र जरिवाना नतिरेमा हुन सक्ने कैदको अवधि बाँकी नै रहेको हुँदा पुर्जी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

रिट निवेदक अपर्ण गुरूङ भन्ने विधान श्रेष्ठ मिति २०७४।२।१८ मा पक्राउ परेकाले निज मुद्दा पुर्पक्षको लागि थुनामा बसेको मिति २०७०।५।२७ देखि मिति २०७१।१।१ सम्म थुनामा बसी मिति २०७१।१।२ मा जेथा राखी तारेखमा रहेको देखिएको अवस्थामा निजले अघि थुनामा बसेको अवधि ७ महिना ५ दिनसमेत जोड्दा पनि निजको माथि उल्लेख भएअनुसारको ठहर भएको कैद र जरिवाना रू.३,५०,०००।– असुलउपर गर्नुपर्ने कैदको अवधि बाँकी नै रहेको देखिए पनि अब निज निवेदक प्रतिवादी मिति २०७०।०५।२७ देखि मिति २०७१।०१।०१ सम्म पुर्पक्षको लागि थुनामा बसेको ७ महिना ५ दिन निजलाई फैसला कार्यान्वयन हुँदा प्रचलित कानूनबमोजिम हुने घटी कैद ५ वर्षमा कट्टा गरी बाँकी असुलउपर गर्न र जरिवाना रू.३,५०,०००।– नतिरेमा सोबापत हुने दिनको रू.३००।- का दरले कैदसमेत ठेकी प्रचलित कानूनबमोजिम कैदीपुर्जी संशोधन गरी सो संशोधित कैदीपुर्जी निवेदक र कारागार शाखासमेतलाई जानकारी दिई बाँकी कैद जरिवाना असुल गर्नु भनी मकवानपुर जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी गरिदिएको ।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल वैशाख २ गते रोज ५ शुभम् ।

**३७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०२६८, बन्दीप्रत्यक्षीकरण, विपुल कोइरालासमेत वि. मकवानपुर जिल्ला अदालत*

रिट निवेदकहरू मिति २०७०।४।२ मा पक्राउ परी हालसम्म थुनामा नै रहेको देखिँदा आज मिति २०७८।१।२ सम्म गणना गर्दा जम्मा ७ वर्ष ९ महिना भुक्तान गरेको देखिन्छ । निवेदकहरूलाई प्रचलित ऐनबमोजिम हुने कैदबापत ५ वर्ष मिति २०७५।४।१ मा नै भुक्तान भइसकेको देखियो । निवेदक जरिवानाबापत हालसम्म थुनामा बसेको २ वर्ष ९ महिना भइसकेको पाइयो । निवेदकहरूलाई प्रचलित कानूनबमोजिम हुन सक्ने जम्मा जरिवाना रू.३,००,०००।– (तीन लाख) रहन जाने हुन्छ । निवेदक बढी थुनामा रहेको २ वर्ष ९ महिनाको जरिवानाबापतको प्रतिदिन ३००।– रूपैयाँका दरले कैद कट्टी हुँदा निवेदक सो बढी बसेको २ वर्ष ९ महिनाको कैदको अवधि जरिवानाबापतको कैदमा कट्टासमेत भइसकेको ।

निवेदक प्रतिवादीमध्येका विपुल कोइरालाको उमेर अभियोग दायर गर्दा नै १७ वर्ष भन्ने उल्लेख भएको छ । निजले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा र अदालतमा बयान गर्दा निजको उमेर १७ वर्ष भनी खुलाएको देखिन्छ । प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) मा १६ वर्ष देखि १८ वर्षसम्मका नाबालकलाई उमेर पुगेका व्यक्तिलाई हुने सजायको दुई तिहाई मात्र सजाय हुन्छ भन्ने कानूनी व्यवस्था रहेको छ । विपुल कोइराला नाबालक भई दुई तिहाइ मात्र सजाय हुने सन्दर्भमा समेत निजको थुना गैरकानूनी देखिन आउने ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(३), केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) तथा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम निवेदकहरू विपुल कोइराला र विकास लामालाई नकबजनी चोरीको कसुरमा ठहर भएको कैद तथा जरिवानाबापत फैसला कार्यान्वयनका लागि थुनामा बस्नुपर्ने अवधि भुक्तानभइसकेको देखिन आयो । सुरू

मकवानपुर जिल्ला अदालतबाट मिति २०७१।१।२१ मा भएको फैसलाउपर वादी प्रतिवादी दुवै पक्षबाट पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन परी मिति २०७१।१२।१० मा सुरू सदर हुने ठहर भई मुद्दा अन्तिम भएको मिसिल संलग्न फैसलाको प्रतिलिपिबाट देखियो । यसरी मुद्दा अन्तिम भई थुनामा बस्नुपर्ने अवधि भुक्तान भइसकेको अवस्थामा निवेदकहरूलाई मकवानपुर जिल्ला अदालतको मिति २०७१।५।३१ को कैदी पुर्जीअनुसार थुनामा राखिरहनु कानूनसम्मत न्यायोचित हुने नदेखिने ।

रिट निवेदक विपुल कोइराला र विकास लामालाई नकबजनी चोरी मुद्दामा ठहर भएको कैद र जरिवानाबापत हुन आउने कैदसमेत प्रचलित कानूनी व्यवस्थाबमोजिम निजहरूले भुक्तान गरिसकेको देखिएको अवस्थामा निवेदकहरू विपुल कोइराला र विकास लामालाई मकवानपुर जिल्ला अदालतबाट मिति २०७१।५।३० मा ठेकिएको कैदी पुर्जी कानूनबमोजिम नभएकोले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदकहरू विपुल कोइराला र विकास लामाको थुना गैरकानूनी देखिँदा तुरून्त कैद मुक्त गरिदिनु भनी विपक्षीहरू मकवानपुर जिल्ला अदालत र कारागार कार्यालय भिमफेदीका नाममा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३७(क)(ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः- शिवहरि पौडेल/भेषराज भट्टराई

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल वैशाख २ गते रोज ५ शुभम् ।

### ३८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०३८३, बन्दीप्रत्यक्षीकरणसमेत, युवराज वालु बाबरको हकमा नागेशकृष्ण पोखरेल वि. उच्च अदालत पाटनसमेत*

रिट निवेदक युवराज वालु बाबरको हकमा अधिवक्ता नागेशकृष्ण पोखरेललाई प्रत्यर्थीहरूबाट कुनै प्रवृत्त भावना राखी थुनामा राखेको भन्ने खुल्न आएको छैन । नियमित प्रक्रियाअन्तर्गत सुरू अदालतबाट नकबजनी मुद्दामा निवेदकलाई न्यायिक अधिकारक्षेत्र निहित रहको अदालतबाट कानूनी प्रक्रिया पूरा गरी थुनामा राखिएको देखिन्छ । सामान्यतः साधारण अधिकारक्षेत्रको विकल्पको रूपमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने हुँदैन । जुन सुरू अदालतबाट भएको पूर्पक्षको आदेशउपर निवेदक सुधारात्मक उपचार खोजी पुनरावेदकीय अदालतसमक्ष निवेदन लिई गएका छन् सो निवेदन हालसम्म विचाराधीन रहेको भनी निजैले रिट निवेदनमा खुलाएको अवस्था छ । यस अवस्थामा मुद्दाको तथ्यभित्र प्रवेश गरी प्रमाणको विवेचना गरी मातहत अदालतमा साधारण अधिकारक्षेत्रअन्तर्गत विचाराधीन रहेको विषय हस्तक्षेप गरिनु सामान्यत: मनासिब हुँदैन । तसर्थ, रिट निवेदक युवराज वालु बाबरलाई सुरू काठमाडौं जिल्ला अदालतबाट पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहित, २०७४ को दफा ७३ बमोजिम उच्च अदालत पाटनमा निवेदन परी विचाराधीन रहेको स्थितिमा सो निवेदनलाई प्रभावित हुने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिन नआउने ।

कोभिड महामारीका कारण अदालतहरूमा भएको सेवाको सङ्कुचनका कारण निवेदकले पेस गरेको निवेदनको सुनुवाईमा ढिलाई भइरहेको देखिन्छ । स्वतन्त्रता जस्तो संवेदनशील हकको प्रचलनका खातिर कुनै पनि बहानामा न्यायिक उपचारको सम्पूर्ण मार्ग भने बन्द रहन सक्दैन । विषम परिस्थितिमा सामान्य अवस्थामा झैं सबै कामकारबाही सामान्य रूपमा सञ्चालन गर्न नसकिने भए तापनि सकेसम्मका सतर्कता अपनाएर यी रिट निवेदकले दिएको निवेदनको यथासक्य चाँडो किनारा गर्नु वाञ्छनीय हुन जान्छ । यसै प्रकृतिको कानूनी र तथ्यगत बेहोरा समावेश रहेको रितेश लामा वि. काठमाडौं

जिल्ला अदालतसमेत भएको ०७७-WH-०३४५ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यस अदालतबाट मिति २०७८।०२।१७ मा बन्दीप्रत्यक्षीकरणतर्फको निवेदन दाबी खारेज हुने ठहरी निवेदनको शिघ्र किनारा गर्नु भनी प्रत्यर्थीको नाउँमा परमादेशको आदेश जारी भइसकेको पाइन्छ। प्रस्तुत निवेदनमा समेत उक्त दफा ७३ बमोजिम यी रिट निवेदकबाट परेको निवेदनको हकमा आवश्यक प्रक्रिया पूरा गरी छिटो सुनुवाइ गरी निवेदनको टुङ्गो लगाउनु भनी उच्च अदालत पाटनको नाउँमा परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता देखिने।

रिट निवेदक युवराज वालु बाबरलाई सुरू काठमाडौं जिल्ला अदालतबाट पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेशउपर मुलुकी फौजदारी कार्यविधि संहित, २०७४ को दफा ७३ बमोजिम उच्च अदालत पाटनमा निवेदन परी विचाराधीन रहेको स्थितिमा सो निवेदनलाई प्रभावित हुने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिन नआएकोले बन्दीप्रत्यक्षीकरणतर्फको निवेदनको दाबी खारेज हुने ठहर्छ। निवेदकको तर्फबाट मुलुकी फौजदारी कार्यविधि संहित, २०७४ को दफा ७३ बमोजिम परेको निवेदनको हकमा आवश्यक प्रक्रिया पूरा गरी छिटो सुनुवाई गरी निवेदनको टुङ्गो लगाउनु भनी उच्च अदालत पाटनको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: वसन्त प्रसाद मैनाली

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल जेष्ठ ३१ गते रोज २ शुभम्।

**३९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CI-१११५, नक्सा बदर गरी पारित लिखतअनुसार नक्सा कायम, बेचन चौधरीसमेत वि. छविलाल सहनी*

नक्सा ट्रेस र उक्त जग्गाको परिवर्तित हकका आधारबाट प्रतिवादीसँग आफ्नो जग्गाको साँध सिमाना नै नजोडिएका वादीलाई नपुग जग्गा प्रतिवादीबाट दिलाइदिनसक्ने अवस्था देखिँदैन। साबिक कित्ता नं. २३२ को जग्गामध्ये वादीले खरिद गरी बाँकी रहेको जग्गाबिचमा अन्य व्यक्तिहरूको हकमा गइसकेको देखिन्छ। ती बाँकी जग्गा खरिद गर्ने व्यक्तिहरूउपर वादीको कुनै उजुरी दाबी छैन। निजहरूलाई प्रस्तुत मुद्दामा प्रतिवादीसम्म बनाइएको पाइँदैन। प्रतिवादीको नाउँमा बाँकी रहेको जग्गाबाहेक अन्य व्यक्तिहरूले खरिद गरेको जग्गाबाट वादीलाई नपुग जग्गा दिलाइदिन मिल्ने पनि नहुने।

मिति २०५५।०१।०३ मा खरिद गरेको जग्गाको हकमा प्रस्तुत फिराद ज्यादै ढिला गरी मिति २०६८।०७।०२ मा दायर भएको देखिन्छ। आफूले जग्गा खरिद गरी भोगचलन गर्दै आएको लामो समयसम्म नक्सामा जग्गा नपुग भएको विषयमा कुनै चासो नदेखाई अनुचित विलम्ब गरी फिराद गर्नुपर्नाको मनासिब कारण वादीले फिरादपत्रमा खुलाउन सकेको पाइँदैन। आफूलाई मर्का परेको विषयमा मर्कामा परेको व्यक्तिले मनासिब समयमा नै उजुरी दाबी गर्नुपर्ने हुन्छ। कुनै पनि विषयमा अनन्तकालसम्म उजुरी दाबी गर्न पाउने भन्ने नहुने।

साबिक कि.नं. २३२ को क्षेत्रफल १-५-५ मध्ये ०-४-० जग्गा वादीले खरिद गरेकै दिनमा अन्य व्यक्तिहरूसमेतले सोही साबिक कि.नं. २३२ बाट बाँकी जग्गा खरिद गरेको, कित्ताकाट हुँदा वादीसमेत रोहबरमा बसी सहीछाप गरेको, हाल जग्गाको स्वरूप परिवर्तन भई वादीको जग्गाको साँधमा प्रतिवादीको जग्गा बाँकी नै नरहेको अवस्थामा जग्गा खरिद गरेको लामो समयपश्चात प्रतिवादीबाट वादीले खरिद गरी लिएको कि.नं. २८१ को नक्सामा नपुग जग्गा दिलाई नक्सा संशोधन गर्नुपर्ने देखिन आएन। अतः वादी दाबी नपुग्ने ठहर गरी सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६९।०८।२८ मा भएको फैसला उल्टी गरी वादी

दाबीबमोजिम राजीनामाअनुसारको क्षेत्रफल कायम हुने गरी कित्ताकाट गराई नक्सा संशोधन गराई पाउने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।०२।०४ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादीको दाबी नपुग्ने ।

इजलास अधिकृत: कृतिबहादुर बस्नेत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७७ साल मङ्सिर २६ गते रोज ६ शुभम् ।

**४०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-००७३, जग्गा खिचोला मेटाई चलन चलाइपाउँ, जाइपुरी लामा वि. टिका अर्जुन उप्रेती*

पुनरावेदक वादीले हकको स्रोत भनी देखाएको साबिक कित्ता नं. १०४२ बाट मिति २०४९।१२।०२ मा र.नं. ९३०६ को राजीनामा लिखतबाट कित्ताकाट गरी कित्ता नं. १०७४ को २ आना २ पैसा जग्गा लिएको र सो साबिक कित्ता नं. १०४२ को पूर्वतर्फबाट कित्ताकाट गरी कित्ता नं. १०७४ कायम भएको नापी कार्यालय काठमाडौंबाट प्राप्त भएको कित्ताकाट प्लट रजिस्टरको प्रतिलिपिबाट देखिन्छ । नापी कार्यालय काठमाडौंबाट प्राप्त भई सुरू मिसिल संलग्न रहेको नक्सा ट्रेस हेर्दा साबिक कित्ता नं. १०४२ को पश्चिमतर्फ कित्ता नं. १०४१ को जग्गा जोडिएर रहेको देखिन्छ । पुनरावेदन अदालत पाटनको आदेशानुसार मिति २०६८।०७।१७ मा भई आएको नक्सा मुचुल्का हेर्दा न.नं. १० मा कित्ता नं. १०४१ जनिएको पाइन्छ । त्यस्तै न.नं. १० को पूर्वतर्फ न.नं. ८ धोबी खोला रहेको उक्त नक्सा कैफियतमा स्पष्ट देखाइएको ।

वस्तुतः उपर्युक्त नक्सा मुचुल्काअनुसार कित्ता नं. १०४१ को जग्गाको पूर्वतर्फ धोबी खोला बगिरहेको देखिएको, साबिक कित्ता नं. १०४१ र १०४२ को साँध जोडिएको मिसिल संलग्न नक्सा ट्रेसबाट पुष्टि भइरहेको, साबिक कित्ता नं. १०४२ को जग्गा कित्ताकाट गरी कायम भएका कित्तामध्ये पूर्वतर्फ रहेको कित्ता नं. १०७४ र पश्चिमतर्फ रहेको कित्ता नं. १०७५ क्रमशः मिति २०४९।१२।०२ मा र.नं. ९३०६ बाट र मिति २०५०।०६।०६ मा र.नं. १७४१ बाट वादीले खरिद गरेको देखिएको, उक्त जग्गाहरू वादीले प्राप्त गरेको हकको स्रोत उक्त राजीनामा लिखतहरूमा उल्लिखित चार किल्लासँग विवादित जग्गा मिल्न भिड्न नआई विवादित जग्गा साबिक कित्ता नं. १०४२ हाल कित्ता नं. १०७४ र १०७५ भन्दा पूर्वतर्फ रहेको भन्ने नक्सा कैफियतबाट स्पष्ट देखिई, मिसिल संलग्न नक्सा ट्रेससमेतबाट पुष्टि हुन आएकोले प्रतिवादीले वादीको जग्गा मिची घरटहरा निर्माण गरी खिचोला गरेकोले खिचोला मेटाई चलन चलाइपाउँ भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित तथ्य, प्रमाण र आधार कारणबाट वादीको ०-१-२-२ क्षेत्रफलमा बनेको घर टहरा जगैदेखि भत्काई खिचोला मेटाई वादीले चलन पाउने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।०३।०२ मा भएको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०१।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृतिबहादुर बस्नेत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७७ साल मंसिर २५ गते रोज ५ शुभम् ।

**४१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा. श्री मनोजकुमार शर्मा,** *०७३-CI-००५२, अंश दर्ता, कलावती कुमारी वि. शिवचरण सहनी*

प्रतिवादी कलावती कुमारीले आफ्नो जग्गाधनी दर्ता प्रमाण पुर्जामा अड्डाका कर्मचारीले कसरी राजदेव र मुखलालको नाम राखे मैले थाहा

पाउन सकिन भनी लिएको जिकिरका सन्दर्भमा हेर्दा जग्गाधनी प्रमाण पुर्जामा उल्लिखित जग्गा आफ्नो भएको स्वीकार गर्ने प्रतिवादीले सोही पुर्जा र आधिकारिक सरकारी निकायमा रहने स्रेस्तामा उल्लिखित तीनपुस्तेलगायतका विवरण अस्वीकार गर्दैमा सो पुष्टि हुन सक्तैन, पुष्टि हुन स्वतन्त्र प्रमाणद्वारा समर्थित हुनुपर्दछ। जसले जुन कुराको दाबी लिन्छ सो प्रमाणित गर्ने भार त्यस्तो दाबी लिने व्यक्तिउपर नै हुने हुँदा आफ्नो पतिको नाम र तीनपुस्ते फरक भएको दाबी लिने पुनरावेदक प्रतिवादीले सो दाबी पुष्टि गर्न सकेको नदेखिने।

सुरू मिसिल संलग्न निर्वाचन आयोगबाट प्रकाशित मतदाता नामावली हेर्दा प्रतिवादी कलावतीलगायत वादी प्रतिवादीहरू एउटै घरपरिवारभित्रको भन्ने देखिन्छ। वादी शिवचरण सहनी मलाहले आफू विरूद्धको लागु औषध गाँजा मुद्दामा बारा जिल्ला अदालतबाट भएको आदेशबमोजिमको धरौटी रकम रू.२८,०००।- बापत भाउजू पुनरावेदक प्रतिवादी कलावती कुमारीका नाउँमा रहेको कि.नं. ७५८ को ०-०-६ जग्गा र सोमा बनेको घरसमेत जेथा जमानीमा राखिपाउँ भनी मिति २०६३।०७।२२ मा निवेदन दिई उक्त घरजग्गा जेथा जमानतमा राखेको मिसिल संलग्न निवेदनको प्रमाणित प्रतिलिपिबाट देखिएको हुँदा वादी शिवचरण र प्रतिवादी कलावती कुमारीबिच देवर भाउजूको नाता रहेको देखिने।

यसरी मतदाता नामावलीमा वादी प्रतिवादी एउटै घरपरिवारको मतदाता रहेको देखिएको, अदालतको आदेशबमोजिम नगद धरौटबापत जेथा जमानत राख्दा प्रतिवादी कलावती वादी शिवचरणको भाउजू नाताको भन्ने निवेदनमा खुलेको र प्रतिवादी कलावती कुमारीका नाउँमा रहेको जग्गाको स्रेस्तामा वादीका बाबु, बाजेलगायतको विवरण र प्रतिवादी कलावती कुमारीका पति, ससुरा र बुढा ससुराको विवरण मिले भिडेको देखिई वादी तथा प्रतिवादी कलावतीकुमारी अंशियार नाताका देवर भाउजू रहेको पुष्टि हुन आएको।

अतः माथि विवेचित प्रमाण, आधार र कारणबाट पुनरावेदक प्रतिवादी कलावती कुमारीको नाउँमा दर्ता रहेको जग्गाको स्रेस्तामा उल्लिखित पुस्तेवारी, स्वयं पुनरावेदकले वादी शिवचरणलाई सुरू बारा जिल्ला अदालतमा लागु औषध गाँजा मुद्दामा धरौटबापत जेथा जमानत राख्दा उल्लेख गरेको नाता पुस्ता र निर्वाचन आयोगबाट प्रकाशित मतदाता नामावलीसमेतका प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी कलावती कुमारीसमेत वादी शिवचरण सहनीको अंशियार भाउजू नाताको रहेको पुष्टि हुन आएकाले वादी शिवचरण सहनी प्रतिवादी कलावती कुमारीको अंशियार नाताभित्रको नभएकोले निज कलावती कुमारीबाहेकको सम्पत्तिबाट मात्र वादी शिवचरण सहनीले अंश पाउने ठहऱ्याई सुरू बारा जिल्ला अदालतबाट मिति २०७१।०१।२९ मा भएको फैसला केही उल्टी गरी प्रतिवादी कलावती कुमारीसमेतलाई अंशियार कायम गरी निजको नाममा रहेको सम्पत्तिसमेत बण्डा गर्ने गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१०।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७७ साल मङ्सिर २४ गते रोज ४ शुभम्।

**४२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-०३८४, जग्गा खिचोला घर उठाई चलन, रामनारायण यादव वि. बुद्धिलाल यादवसमेत*

प्रतिवादीहरूले वादीको कि.नं. २६४ को क्षेत्रफल ०-०-११ र सा.कि.नं. ६८१ को क्षेत्रफल

०-०-८ मध्ये पूर्वदक्षिणतर्फको क्षेत्रफल ०-०-३ जग्गामा खिचोला गरेको भन्ने वादीको दाबी रहेको भए तापनि वादी दाबीको कि.नं. ६८१ को जग्गामा फिल्डमा नाप नक्सा हुँदा विवाद नजनिएको र कि.नं. २६४ को जग्गामा प्रतिवादीहरूले घर बनाई खिचोला गरेको भन्ने मिति २०६९।११।१७ मा भइआएको नक्सा मुचुल्काबाट पुष्टि हुन आयो । वादीका पिता स्व. भटाई यादवका नाउँमा रहेको कि.नं. २६४ मा ०-०-११ जग्गा मात्र रहेको र दर्ता स्रेस्ता अनुसारको जग्गामा सम्म वादीको हक रहने हुन्छ। दर्ता स्रेस्तामा रहेको क्षेत्रफलभन्दा बढी जग्गामा स्वतः हक सिर्जना हुन सक्ने हुँदैन। वादीले फिराद दाबी लिएको हदसम्म अदालतले इन्साफ गर्नुपर्ने हुन्छ । फिरादपत्रमा स्रेस्ताअनुसार कि.नं. २६४ को ०-०-११ धुर जग्गा खिचोला गरेको भनी दाबी लिएको हुँदा सोभन्दा बढी क्षेत्रफल पनि खिचोला गरेको भन्ने पुनरावेदन जिकिर कानूनसङ्गत नदेखिने।

अतः माथि विवेचित प्रमाण, आधार र कारणबाट सुरू जिल्ला अदालतको आदेशानुसार भई आएको नक्सा मुचुल्काको नक्सा नं. ४ मा उल्लिखित वादी दाबीको कि.नं. २६४ को ज.बि. ०-०-११ धुर जग्गामा प्रतिवादीहरूले घर बनाई खिचोला गरेको देखियो। नक्सा नं. ४ को क्षेत्रफल ज.बि. ०-०-१२.२२ जग्गालाई नै प्रतिवादीहरूले खिचोला गरेको ठहर गरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६९।१२।०८ मा भएको फैसला सो हदसम्म केही उल्टी गरी फिराद दाबीबमोजिम कि.नं. २६४ को क्षेत्रफल ज.बि. ०-०-११ मात्र प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।०५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कृतिबहादुर बस्नेत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७७ साल मंसिर २४ गते रोज ४ शुभम्।

## ४३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७७-WH-००८२, बन्दीप्रत्यक्षीकरण, कुलदीप थापा मगरको हकमा लीलामाया मगर वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

रिट निवेदक मिति २०७६।०३।०३ मा भक्तपुर जिल्लाबाट राज्य विरूद्धको कसुर मुद्दामा पक्राउ परेको र सोपश्चात् निजलाई क्रमशः रामेछाप, काभ्रेपलाञ्चोक तथा सिन्धुली जिल्ला पुऱ्याई विभिन्न मुद्दामा पक्राउ गरी निजलाई विपक्षीहरूले थुनामै राख्ने मनसायले बदनियतपूर्वक प्रवृत्त भावना लिई पटक-पटक मुद्दामा अनुसन्धान गर्ने र अभियोग लगाउने कार्य गरेको र हाल सिन्धुली जिल्लामा लगी अभद्र व्यवहार मुद्दामा जिल्ला प्रशासन कार्यालयबाट म्याद थप गरी हिरासतमा राख्ने कार्य गरी निवेदकलाई थुनामै राखेको देखिएकाले विपक्षीहरूबाट भएको त्यस्तो कार्यलाई कानूनसम्मत मान्न मिल्ने नदेखिने । विपक्षीहरूबाट भएको उल्लिखित कार्यबाट नै रिट निवेदकलाई जसरी पनि आफ्नो नियन्त्रण अर्थात् हिरासतमा राख्ने उद्देश्यले प्रवृत्त भावना लिई कार्य गरेको पुष्टि हुन आएको।

अत: माथि उल्लिखित आधार, कारण र न्यायिक सिद्धान्तसमेतबाट निवेदकलाई जसरी पनि निरन्तर थुनामा राख्ने उद्देश्य लिई प्रवृत्त भावनाबाट विपक्षीहरूले निवेदकलाई थुनामा राखेको स्पष्ट देखिँदा निवेदकलाई थुनामा राख्ने गरी विपक्षी जिल्ला प्रशासन कार्यालय, सिन्धुलीबाट जारी भएको पक्राउ पुर्जी तथा म्याद थप गरेको लगायतका कार्य कानून र न्यायसम्मत देखिन नआई निवेदकको थुना गैरकानूनी देखिन आएकाले निवेदन मागबमोजिम सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) का आधारमा विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । विपक्षीहरूको नाउँमा

बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर भई आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने भएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम निवेदक कुलदीप थापा मगरलाई तुरून्त थुनामुक्त गरिदिनु भनी तत्काल संक्षिप्त आदेश जारी गरिसकेको हुँदा अरू थप केही गरिरहन नपर्ने।

इजलास अधिकृत : दिपेन्द्र थापा / मनिता गुरुङ

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७७ साल असोज २ ६ गते रोज २ शुभम्।

## इजलास नं.५

### ४४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CI-०३५७, अंश, जगदीशप्रसाद लोनियासमेत वि. कल्लुराम लोनिया*

पुनरावेदक प्रतिवादीहरूले वादी हाम्रो अंशियार नै नरहेको भन्ने जिकिर लिए पनि पुनरावेदक जगदीशप्रसाद लोनिया सूचक भई मिति २०६३।११।२ मा दर्ता गराएको सीताराम लोनियाको जन्मदर्ताको प्रमाणपत्रमा गयादिन लोनियाको नाति बच्चुलाल लोनियाको छोरा सीताराम लोनियाको मिति २०४१।१०।२० मा जन्म भएको भन्ने बेहोरा उल्लेख भएको कारणबाट प्रतिवादीहरूको पुस्तेवारी र वादीको पुस्तेवारी एकै भई मिलेको देखिएकोले प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरू मूलपुर्खा गयादिनको हाँगाभित्रैको सन्तान रहेको भन्ने देखिँदा र वादीले पुनरावेदक प्रतिवादीहरूसमेतबाट कानूनबमोजिम पाउनुपर्ने अंश यसअघि पाइसकेको भन्नेसमेत नदेखिँदा वादीले पुनरावेदक प्रतिवादीहरूबाट समेत अंशभाग पाउने नै देखिने।

पुनरावेदक प्रतिवादीहरूबिच मिति २०५४।६।२० मा र.नं. १०५३ बाट अंशबण्डाको लिखत पारित गरी आपसमा अंश लिनुदिनु गरे पनि उक्त लिखतमा वादी कल्लुराम लोनियाको मन्जुरीको सहीछाप परेको नदेखिएको, वादीले यसअघि नै पुनरावेदक प्रतिवादीहरूबाट आफ्नो अंशभाग पाइसकेको वा निजले आफ्नो अंशभाग पुनरावेदक प्रतिवादीहरूलाई नै छोडिदिएको पनि प्रतिवादीहरूले सो कुराको लिखत प्रमाण पेस गरी पुष्टि गर्न सकेको पाइँदैन। पुनरावेदक प्रतिवादीहरूबाट आफ्नो अंशभाग पाउँ भनी वादीको कानूनबमोजिम फिराद परेको यस्तो अवस्थामा वादीले कानूनबमोजिम पाउने अंश भाग पाउनुपर्ने नै देखियो। तसर्थ पुनरावेदक प्रतिवादीहरू जगदीशप्रसाद लोनिया र शिवकला भन्ने शिवराजा लोनियाका बिचमा मिति २०५४।६।२० मा र.नं. १०५३ बाट पारित भएको अंशबन्डाको लिखत हालसम्म कायम रहेको भनिए पनि उक्त लिखतले प्रत्यर्थी वादीको अंशहकमा असर पर्ने नदेखिने।

अंशहक व्यक्तिको नैसर्गिक हक हो। ठोस तथा युक्तिसङ्गत प्रमाणको अभावमा अंश पाइसकेको भन्दा व्यक्तिको नैसर्गिक हकमा आघात पुग्ने भएकाले बिनाप्रमाण वादीले अंश पाइसकेको भन्दा न्यायको मर्म विपरीत हुनजान्छ। कागज प्रमाण अथवा व्यवहार प्रमाणबाट अंशभाग पाइसकेको भन्ने नदेखिएपछि त्यस्ता अंशियारले कानूनबमोजिम आफ्नो अंशभाग पाउने नै भएकोले वादीले अंशभाग पाउने नै देखिएको।

तसर्थ, वादी दाबीबमोजिम वादीले पुनरावेदक प्रतिवादीहरूबाट आफ्नो अंशभाग पाउने नै देखिँदा ऋणको हकमा साहुको उजुर परेका बखत ठहरेबमोजिम हुने नै हुँदा तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये दर्ता भिडेका जग्गा सम्पत्ति २ भाग गरी १ भाग पल्टन लोनियाका छोरा जगदीशप्रसाद लोनिया र शिवकला भन्ने शिवराजा देवी लोनियाको अंशभाग छुट्ट्याई बाँकी बच्चुलाल लोनियाको १ भागमध्ये ३ भाग गरी सोको १ भाग अंश वादी कल्लुराम लोनियालाई दिलाई चलनसमेत पाउने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति

२०७५।३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल पौष २६ गते रोज २ शुभम्।

**४५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७८-WH-००९८, बन्दीप्रत्यक्षीकरण, रामअशिष यादवको हकमा संजित यादव वि. उच्च अदालत विराटनगर*

नियमित न्यायिक प्रक्रियाबाट तह-तह अदालतले प्रमाणको मूल्याङ्कन गरी निरूपण गरेको यस प्रकारको विषयमा गम्भीर अन्याय (Gross injustice) को अवस्था नदेखिएको तथा अधिकारक्षेत्र, हकदैया, हदम्याद जस्ता महत्त्वपूर्ण र आधारभूत प्रश्नहरूसमेत उठाइएको नदेखिएको यस अवस्थामा अदालतको असाधारण क्षेत्राधिकार प्रयोग गरी हेरिनु मनासिब हुँदैन । साधिकार अदालतबाट प्रमाणको मूल्याङ्कन गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दामा पूर्पक्षका लागि थुनामा राखिएको देखिन्छ । उल्लिखित फौजदारी संहिताको दफा ६७ अनुसार तीन वर्षसम्म कैदको सजाय हुन सक्ने कसुरको अभियोग लागेका व्यक्तिलाई तत्काल प्राप्त प्रमाणको आधारमा मुद्दामा पुर्पक्षका लागि थुनामा राख्न सकिने नै हुन्छ। यसका अतिरिक्त निवेदकउपर झुट्ठा विवरण पेस गरी गैर-नेपाली व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र लिएको भनी नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिम अभियोग दाबी रहेको देखिन्छ । यस अवस्थाका व्यक्तिलाई नेपालमा स्थायी बसोबास नभएका व्यक्ति भनी मान्नुपर्ने अवस्था हुँदा निवेदकका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(२) (ख) मा रहेको "एक वर्ष वा सोभन्दा बढी सजाय हुन सक्ने कसुरको अभियोग लागेको अभियुक्तको नेपालमा स्थायी बसोवास नभएको र निजलाई थुनामा नराखेको खन्डमा निज भाग्ने र पछि पक्राउ पर्ने सम्भावना नरहेको" भन्ने प्रावधान आकर्षित हुन सक्ने स्थितिसमेत रहेको देखिन्छ । यस अवस्थामा नियमित अदालतबाट भएको प्रमाण मूल्याङ्कनका नियमित र सामान्य न्यायिक प्रक्रियाको कुरालाई सामान्यतया: रिट क्षेत्राधिकारको विषय बनाउनु उचित हुँदैन । निवेदकलाई नियमित फौजदारी न्याय प्रक्रियाको सन्दर्भमा मुद्दामा पुर्पक्षका लागि तह-तह अदालतको आदेशबाट थुनामा राखिएको देखिएको हुँदा यस प्रकारको थुनालाई गैरकानूनी थुना भनी मान्न मिल्ने देखिँदैन । निवेदक रामअशिष यादवलाई कानूनबमोजिम नै थुनामा राखिएको देखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल पौष १४ गते रोज ४ शुभम्।

**४६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-०९६०, निर्णय, दर्ता, राजीनामा बदर, हरिहर मिश्रसमेत वि. रामजस अहिरसमेत*

वादीको हक स्थापित भएको साबिक कि.नं. ६३ को जग्गा प्रतिवादी हरिहर मिश्रले उखडा विशेष अदालतको अघिल्लो फैसलाबाट ससीमरूपमा आफ्नो नाउँमा दर्ता गराई र.नं. ६३३(ख) मिति २०६४।६।२३ को राजीनामाको लिखतबाट प्रतिवादी तप्पानाथ पाण्डेलाई हक हस्तान्तरण गरिदिएको कार्य अनधिकृत देखिएकोले उक्त राजीनामा लिखतमा उल्लिखित कित्ताहरूमध्ये कि.नं. ६३ को हकमा उक्त लिखत बदर हुने ठहऱ्याई भएको शुरू रूपन्देही जिल्ला अदालतको मिति २०६९।३।२० को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७०।१२।२४ को फैसला मनासिब नै देखिएको।

जग्गा दर्तासम्बन्धी निर्णय वा पारित लिखत दुईवटा भएमा पहिलो दर्ता वा लिखतले मात्र मान्यता पाउने हुन्छ । तर विधायिका निर्मित कानूनी व्यवस्था दुईवटा भए पछिल्लो कानूनले मान्यता पाउने हुन्छ । त्यस्तै, अदालतको फैसलाको हकमा पनि सोही मान्यता (पछिल्लो फैसलाले मान्यता पाउने) लागु हुन्छ । सोही न्यायिक मान्यता अनुसार उखडा विशेष अदालतबाट भएका दुईवटा मितिका परस्पर विपरीत फैसलाहरूमध्ये पछिल्लो फैसलाले मान्यता पाउने हुन्छ । तसर्थ, प्रतिवादी हरिहर मिश्रका नाममा दाबीको कि.नं. ६३ दर्ता हुने गरी अघिल्लो मितिमा उखडा विशेष अदालतबाट फैसला भएको हुँदा सोही फैसला नै कायम हुनुपर्छ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर मनासिब देखिएन । साथै, मुद्दा दोहोर्‍याउने निस्सा प्रदान हुँदा आधार लिइएको जग्गा खिचोला मुद्दाको निर्णयको नजिरसमेत प्रस्तुत मुद्दामा सान्दर्भिक देखिएन । त्यसको अलावा उखडा विशेष अदालतले मिति २०४०।११।२ मा फैसला गर्दा प्रतिवादी हरिहर मिश्रलाई थाहा जानकारी नदिई, सुनुवाइको अवसर नदिई फैसला गरेको अवस्था पनि रहेको देखिँदैन । उखडा विशेष अदालतले पछिल्लो फैसला गर्दा हरिहर मिश्रलाई बुझ्न निजको नाममा जारी म्याद निज हरिहर मिश्र स्वयंले मिति २०४०।५।१७ मा बुझिलिई प्रतिवाद नगरी बसेको देखिन्छ । यसरी आफूले प्राप्त गरिसकेको भनिएको जग्गाको दर्तामा विवाद परी सोको सूचना प्राप्त गरिसकेपछि प्रतिवाद नगरी बस्नाले निजले वादी दाबी स्वीकारी प्रतिवाद नगरी बसेको मान्नुपर्ने ।

प्रस्तुत मुद्दामा कुसुम कुमारी यादवले वादी रामजस अहिर (यादव)- को वारेस भई निजको तर्फबाट फिराद दायर गरेको देखिएकोले निज वारेसलाई यस मुद्दाको पक्ष रहेको मान्न मिलेन । यस्तो अवस्थामा सुरू फैसलाउपर पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्दा तथा पुनरावेदन अदालत बुटवलको फैसलाउपर यस अदालतमा निवेदन गर्दा निज वारेसलाई समेत प्रत्यर्थी कायम गरी प्रतिवादीहरूको तर्फबाट पुनरावेदनपत्र/निवेदनपत्र दायर गरिएको देखिँदा सोतर्फ केही बोलिरहनु नपर्ने ।

अतः वादी रामजस यादव (अहिर) को दाबीबमोजिम विवादित कि.नं. ६३ को क्षे.वि. ०-१५-३ जग्गा प्रतिवादी हरिहर मिश्रले ससीमरूपमा आफ्नो नाउँमा दर्ता गराई दाबीको र.नं. ६३३(ख) मिति २०६४।६।२३ राजीनामाको लिखतबाट प्रतिवादी तप्पानाथ पाण्डेलाई हक हस्तान्तरण गरिदिएको कार्य अनधिकृत देखिएकोले उक्त राजीनामा लिखतमा उल्लिखित कित्ताहरूमध्ये कि.नं. ६३ को हकमा उक्त लिखत बदर हुने ठहर्‍याएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६९।३।२० को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत बुटवलको मिति २०७०।१२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल पुस २८ गते रोज ४ शुभम् ।

**४७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-CI-००३१, ००३३, दूषित लिखत बदरसमेत, बेखामान मानन्धरसमेत वि. ईश्वरमान मानन्धर*

प्रस्तुत मुद्दाको लगाउमा रहेको यिनै वादी तथा प्रतिवादीहरूबिच चलेको ०७६-CI-००३० र ०७६-CI-००३२ को दूषित निर्णय बदर मुद्दामा आज यस इजलासबाट फैसला हुँदा उच्च अदालत पाटनको मिति २०७५/३/३ को फैसला बदर भई पुनः इन्साफका लागि उच्च अदालत पाटनमा पठाउने ठहर गरिएको हुँदा प्रस्तुत मुद्दासमेत उल्लिखित मुद्दासँग अन्तरप्रभावी देखिएकाले यस मुद्दामा समेत उच्च अदालत पाटनको मिति २०७५/३/३ को फैसला बदर

गरिएको।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल पुस २८ गते रोज ४ शुभम्।

**४८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-WO-०२००, उत्प्रेषण, सौरभ कुमार वि. गृह मन्त्रालयसमेत*

रिट निवेदक सौरभ कुमारका बाबु आमा दुवैजना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्ति भन्ने देखिएको, निज सौरभ कुमार नेपालमा नै जन्मिएको, पढेको, बढेको देखिएको र निजलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु नपर्ने कुनै पनि मनासिब कारण पेस हुन आएको नदेखिएको हुँदा अब कानूनबमोजिम जे जो रीत विधि वा प्रक्रिया पूरा गर्नुपर्छ, सो पूरा गरी निज निवेदक सौरभ कुमारलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु, दिलाउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने।

यस अदालतबाट मिति २०७६/०५/२० मा जारी गरिएको अन्तरिम आदेशको परिणामस्वरूप निवेदक क्याम्पसमा भर्ना भई अध्ययनरत रहेको देखिएको छ । उपर्युक्त अनुसार जारी गरिएको परमादेशको परिणामस्वरूप निवेदकले आवश्यक कानूनी उपचार प्राप्त गर्न सक्ने अवस्था रहेको छ । निवेदकको हक हित प्रतिकूल हुने गरी प्रत्यर्थीहरूबाट कुनै निर्णय गरिएको अवस्थासमेत देखिन आएको छैन । तसर्थ, निवेदन मागबमोजिम उत्प्रेषणलगायत अन्य कुनै प्रकारको रिट आदेश जारी गरिरहन नपर्ने।

इजलास अधिकृत: माधवप्रसाद लोहनी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल पौष १ गते रोज ५ शुभम् ।

**४९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७–WO-०२१०, उत्प्रेषण, प्रदिप थापा वि. काठमाडौं जिल्ला अदालत बबरमहल*

निवेदक प्रदिप थापालाई ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट आदेश भएकोमा सो आदेश उच्च अदालत पाटनबाट समेत सदर भई सो मुद्दा हाल काठमाडौं जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको पाइयो । मुद्दामा कारबाहीका सिलसिलामा जिल्ला अदालतबाट भएको थुनछेक आदेश उच्च अदालतबाट समेत परीक्षण भएको देखिन्छ । न्याय प्रशासन ऐन, २०७३ को दफा १५ को कानूनी व्यवस्थाबमोजिम उच्च अदालतबाट भएको बेरितको आदेशउपर यस अदालतमा निवेदन लाग्ने अवस्था देखिँदैन । यसरी साधारण क्षेत्राधिकारअन्तर्गत नियमित न्यायिक प्रक्रियाबाट तह-तह अदालतले गरेको आदेशको विषयमा क्षेत्राधिकार भएका जिल्ला तथा उच्च अदालतले गरेको निर्णयमा अन्यथा पर्याप्त र मनासिब कारण वा आधार नदेखिएको अवस्थामा असाधारण क्षेत्राधिकारबाट विवादको अन्तरवस्तुमा प्रवेश गरी तथ्यगत सन्दर्भ र प्रश्नहरूको निरूपण गर्नु मनासिब देखिँदैन । निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने।

तसर्थ, साधारण क्षेत्राधिकारअन्तर्गत नियमित न्यायिक प्रक्रियाबाट तह-तह अदालतले गरेको आदेशको विषयमा अन्यथा पर्याप्त र मनासिब कारण वा आधारविना नेपालको संविधान धारा ४६ तथा १३३ असाधारण क्षेत्राधिकार ग्रहण गरी आदेश जारी गर्नु कुनै आधारमा न्यायोचित नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल फागुन १२ गते रोज ४ शुभम्।

**५०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-WO-०५४८, उत्प्रेषणयुक्त*

*परमादेश, बलबहादुर राना मगर वि. पोखरा महानगरपालिकासमेत*

सम्झौता अवधि मिति २०७६/१२/२३ मा समाप्त हुनेमा सोको करिब १२ दिन अगाडिदेखि मात्र बन्दाबन्दी सुरू भएको देखियो । यसरी सम्झौता अवधिभित्रको छोटो समयको बन्दाबन्दीले निवेदकलाई कर सङ्कलनमा ठुलो प्रभाव पार्न सक्ने अवस्था पनि देखिएन । कानूनअनुसार थप गरिएको ६ महिनाको अवधिमध्येको १२ दिनको समय मात्र बन्दाबन्दीको अवस्थामा परेको देखिँदा उक्त १२ दिनको सामान्य अवधिलाई आधारमानी आफ्नो तिर्नु बुझाउनुपर्ने करको दायित्वबाट निवेदकले छुट पाउन सक्ने देखिएन । यस अवस्थामा निवेदकले उल्लेख गरेको यस अदालतबाट बन्दाबन्दीको अवधिलाई शून्य समय (Zero Period) मान्ने गरी ०७६-RE-०३९२ र ०७६-WO-०९४४ को निवेदनमा भएको आदेश प्रस्तुत मुद्दामा आकर्षित हुँदासमेत १२ दिन मात्र समय थप हुने देखियो । यसरी निवेदकलाई थप गरेको ६ महिनाको अवधिसमेत भुक्तान भएको करिब ७ महिनापछि पोखरा महानगरपालिकाले बक्यौता रकम रू.२४,२१,०६४ ।-(अक्षरेपी चौबिस लाख एक्काइस हजार चौँसठ्ठी रूपैया) दाखिला गर्ने सम्बन्धमा पत्राचार गरेको देखिएको ।

पोखरा महानगरपालिकाले सिम्रन कन्स्ट्रक्सनलाई महानगरपालिकाको मिति २०७६/०६/१७ को निर्णय बमोजिम ६ महिनासम्म म्याद थप भएकोले सो थप समयमा दाखिला गर्नुपर्ने बाँकी रकम रू.२४,२१,०६४।- (अक्षरेपी चौबिस लाख एक्काइस हजार चौँसठ्ठी रूपैयाँ) दाखिला गर्नू । दाखिला नगरेमा कानूनबमोजिम हुने भनी गरेको पत्राचारलाई अन्यथा भन्न मिल्ने देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: माधवप्रसाद लोहनी

इति संवत् २०७८ साल पुस १ गते रोज ५ शुभम् ।

**५१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६८-CI-१०१७, अग्नि बिमा दाबी बारे, अशोककुमार श्रेष्ठ वि. नेशनल लाइफ एन्ड जनरल इन्स्योरेन्स कम्पनी लि.समेत*

बिमित वस्तुको क्षति पश्चात् बिमा दाबी भएपछि तथा क्षति मूल्याङ्कनको क्रममा वस्तुको स्थानान्तरण भएको कुरा बिमकलाई जानकारी भएको देखिँदा बिमाको सर्त पालनासमेत भएको देखिएन । बिमा पोलिसीको सर्त नं. ८ अनुसार घटनाको बेला बिमा लेख लागु नहुनाले दाबी तिर्न नमिल्ने भएता पनि बिमा कम्पनी र बिमित बिचको सुमधुर सम्बन्धलाई ध्यानमा राखी ex gratia settlement अन्तर्गत रू.७,१२,७५०।- तिर्ने प्रस्तावसहित बिमितलाई जानकारी गराउँदा निज बिमित बैंकले यसबारे स्वीकृति जनाई रू.७,१२,७५०।- क्लज अनुसार सोको भुक्तानी बैंकलाई पठाइसकेको भन्ने एन.एल.जी. इन्स्योरेन्स कम्पनी लिमिटेडको लिखित जवाफबाट देखिएको र सो बेहोरालाई वादीले स्वीकारै गरेको अवस्था देखिन्छ । एकपटक निगाह रकम स्वीकार भइसकेको अवस्थामा पुन: सोही विषयलाई लिएर दोहोरो दाबी लिएको मिलेको नदेखिने ।

बिमाको करार उच्चतम सद्भावको सिद्धान्त (principle of utmost goodfaith) मा आधारित हुन्छ जसलाई ल्याटिन भाषामा uberrimae fidei पनि भनिन्छ । बिमाको करार विश्वासको आधारमा गरिने करार हो । जुन वस्तुको क्षति भएमा क्षतिपूर्ति प्राप्त गर्ने गरी बिमाको करार गरिन्छ सो वस्तु बिमितकै जिम्मामा रहन्छ । बिमित वस्तुको सही संरक्षण गर्नु बिमितको दायित्व हुनुको साथसाथै बिमित वस्तुको बारेमा भएका हरेक विषयवस्तुको जानकारी बिमक कम्पनीलाई दिनु बिमितको कर्तव्य पनि हुन्छ । बिमित वस्तुको क्षतिको सम्भावना वस्तु भण्डारण गरिएको घर तथा स्थानको प्रकृतिले पनि फरक पार्दछ । यस्तो

बिमित वस्तुको क्षतिको सम्भावनालाई फरक पर्ने गरी भएको स्थानान्तरणको जानकारी दिई बिमकबाट समर्थन लिनु बिमितको कर्तव्य हो जुन बिमालेखको सर्तबमोजिम पूरा गरेको नदेखिने।

तसर्थ, बिमाको करारको सर्त बिमितले पालना गरेको अवस्था नदेखिएको; निगाहा रकम स्वीकार गरी भुक्तानी लिइसकेपछि पुन: दाबी गरेको देखिएबाट वादीको दाबी नपुग्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६६।१०।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रूद्र प्रसाद अर्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ फागुन १७ गते रोज २ शुभम्।

**५२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-१२८५, निषेधाज्ञा, तपेश्वर चौधरी वि. सीतादेवी चौधरीसमेत*

एउटै जग्गालाई रिट निवेदक र प्रत्यर्थीले आफ्नो नाउँमा दर्ता हुनुपर्ने भनी साधिकार निकाय मालपोत कार्यालयमा निवेदन गरेको र सो जग्गा यो यसको नाममा दर्ता हुने भनी मालपोत कार्यालयबाट निर्णय भई नसकेको अवस्थामा यसैको निर्विवाद हक रहेको भन्न मिल्ने अवस्था देखिएन। आफ्नो हकको सम्पत्तिमा हस्तक्षेप गर्ने या हकबाट वञ्चित गर्ने कार्य हुन लागेको स्थिति देखिएको अवस्थामा मात्र निषेधाज्ञा जारी गर्न मिल्नेमा दाबीको जग्गालाई निर्विवाद हकभोगको मानी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने भएकाले रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।३० मा भएको फैसला मनासिब नै देखिएको।

तसर्थः दाबीको जग्गामा कुनै प्रकारले प्रवेश नगर्नु घरसमेत नबनाउनु बनाउन नदिनु भनी प्रत्यर्थीहरूका नाममा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने भएकोले रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल चैत्र ३१ गते रोज ३ शुभम्।

**५३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-RC-०१५३, कर्तव्य ज्यान, नेपाल सरकार वि. विनिता सुनार*

किटानी जाहेरी, प्रतिवादीको मौकाको बयान, बिरामी भई मरी अचेत भएकी बच्चीलाई मरिछ भनी नहरमा छाडी हिँडेको भनी घटना स्वीकार गरी प्रतिवादीले अदालतमा गरेको बयान, मृतक शिशुको शव परीक्षण प्रतिवेदन तथा शव परीक्षण गर्ने चिकित्सकको बकपत्रसमेतबाट प्रतिवादीले बिरामी भई मरिसकेपछि नहरमा बच्चा फालेको नभई नवजात शिशुलाई नहरको पानीमा फालेको कारण नहरको पानीमा डुबी शिशुको मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादी विनिता सुनारलाई आरोपित कसुरमा सजाय गर्ने गरी सुरू अदालतबाट भएको फैसला सदर गरी उच्च अदालत पोखराबाट भएको फैसला मनासिब नै देखिएको।

प्रतिवादीले अदालतमा बयान गर्दा आफूले अचेत भएकी छोरीलाई नहरमा छाडि हिँडेको भनी घटनालाई स्वीकार गरेको, निज प्रतिवादीको पारिवारिक पृष्ठभूमि, प्रतिवादी विनितालाई गर्भ बोकाई बच्चाको बाबु सम्पर्कविहीन हुनु, नवजात छोरीको बाबु फेला नपर्दैमा छोरी बिरामी हुनु, आफूसँग पैसा नभएकोले छोरीको उपचार गराउन नसक्नु, प्रतिवादीको सुत्केरी अवस्थामै रहे पनि सुत्केरी तथा नवजात शिशुको स्याहार हुन नसक्नु जस्ता सामाजिक, आर्थिक एवं मानसिक अवस्थासमेतका परिस्थितिलाई विचार

गर्दा कसुरदारलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने भएकै कारण निज प्रतिवादीलाई १० वर्ष कैद सजाय गर्न मनासिब हुने भनी सुरू अदालतबाट अ.बं. १८८ नं. बमोजिम व्यक्त गरिएको रायसहित सुरू अदालतको फैसलालाई सदर गरेको उच्च अदालतको फैसला मनासिब नै देखिएको।

अतः प्रतिवादी विनिता सुनारलाई जन्मकैदको सजाय हुने ठहर गरी उच्च अदालत पोखराबाट मिति २०७६।३।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । उच्च अदालत पोखराको फैसलामा साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. अनुसार १० वर्ष कैद सजाय हुन मनासिब हुने रायसमेत मिलेकै देखिँदा साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. एवं हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम निज प्रतिवादी विनिता सुनारलाई १० वर्ष कैद हुने।

इजलास अधिकृत: मुकुन्द निरौला
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७७ साल फाल्गुन ७ गते रोज ६ शुभम्।

### ५४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-RB-०६७४, बैंकिङ कसुर, नेपाल सरकार वि. आत्माराम साह*

प्रमाणमा आएको २०७५ सालको दे.नं. ४०० को लेनदेन मुद्दामा यिनै जाहेरवालाले अदालतमा पेस गरेको प्रतिउत्तरपत्रमा बिगो दाबी गरिएको उल्लिखित चार लाख रूपैयाँ आफूले पाइसकेको भनी स्वीकार गरेको देखियो । उक्त बिगो रकम दिने लिने कार्य भएको कुरा मिसिल संलग्न बयान कागजबाट समेत खुल्न आएको देखिन्छ। यस अवस्थामा मुद्दाका सरोकारवाला व्यक्ति स्वयम् जाहेरवालाले अदालतमा पेस गरेको औपचारिक लिखतमा स्वीकार गरेको तथ्य प्रतिकूल हुने गरी अब पुन: जाहेरवालालाई प्रतिवादीबाट बिगो रकम बुझाउनुपर्दछ भनी ठहर गर्नु न्यायोचित हुँदैन। मुद्दाको सन्दर्भमा निज जाहेरवालाले अदालतसमक्ष लिखित रूपमा स्वीकार गरेको कुरालाई प्रमाणमा ग्रहण गर्न नमिल्ने कुनै कारण देखिँदैन । प्रमाणबाट जाहेरवालाले उल्लिखित बिगो रकम भुक्तानी पाइसकेको कुरा पुष्टि हुन आएको।

अत: प्रमाणको न्यायोचित रूपमा मूल्याङ्कन भई अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय हुने ठहर गरेको र बिगो रकम जाहेरवालाले पाइसकेको भन्ने आधारमा बिगो भराइदिनु नपर्ने भनी गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७५/९/१८ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: उषा गिरी
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७८ साल फागुन २ गते रोज १ शुभम्।

### ५५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७१-CR-०५५२, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामबहादुर तामाङसमेत*

वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सन्दर्भमा हेर्दा उल्लिखित रामबहादुर तामाङसमेतका सात जना प्रतिवादीहरूले आरोपित ज्यान मारेको कसुरमा इन्कार रही बयान गरेको देखियो। निजहरूउपर जाहेरवालाले सुरू जाहेरीमा किटानी पोल गरेको भए पनि निज जाहेरवाला प्रत्यक्षदर्शीको रूपमा रहेको देखिँदैन। यसका अतिरिक्त निज जाहेरवालाले बकपत्र गर्दा स.ज. ७ को जवाफमा मेरो छोरा अक्कलबहादुर तामाङलाई को को भई मारे मलाई थाहा भएन, लाससम्म मैले देखेको हो, मार्ने मान्छे भागेका छन्, यिनीहरू (उल्लिखित सात जना प्रतिवादी) होइनन् भनी बेहोरा लेखाएको पाइयो। प्रत्यर्थी प्रतिवादीहरूले अक्कल बहादुरलाई कुटपिट गरी मारेको कुरामा इन्कार रही बयान गरेको भए पनि निजको मृत्यु भइसकेपछि

लासलाई घटनास्थलबाट अन्यत्र लगी मकैको ढोडले छोपेको र लास दबाउने प्रयास गरेको तथ्य भने स्वीकार गरेको अवस्था देखिन्छ । हत्याको आरोपमा इन्कार रहेका प्रतिवादीहरूको बयान निजहरूका साक्षीको बकपत्रबाट समेत समर्थित भएको पाइयो । उल्लिखित रामबहादुर तामाङसमेतका प्रतिवादीहरूको बयानलगायत बुझिएका प्रमाण कागजातहरूबाट ज्यान मार्ने कार्य फरार रहेका प्रतिवादीहरू सेते भन्ने मोहन सिं तामाङ, मनराज तामाङ, पूर्ण बहादुर तामाङ र शुक्र भन्ने शुक बहादुर तामाङले गरेको हो भन्ने तथ्य खुल्न आएको देखिन्छ । अभियोजन पक्षका साक्षीलगायत अन्य कुनै प्रमाणबाट उल्लिखित सात जना प्रत्यर्थी प्रतिवादीहरूले हत्याको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिन आएन । समग्र प्रमाण परिबन्धतर्फ विचार गर्दा सुरू र पुनरावेदन अदालतसमेतबाट भएको फैसला मनासिब नै देखिन आएको ।

अत: प्रत्यर्थी प्रतिवादीहरू राम बहादुर तामाङ, सानुकान्छा तामाङ, सार्कीमान तामाङ, खम्बासिंह तामाङ, कान्छामान तामाङ, लालबहादुर तामाङ र विष्णुबहादुर तामाङले अक्कल बहादुर तामाङलाई कुटपिट गरी मारेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुनसकेको देखिएन । निजहरूले अक्कलबहादुर तामाङको हत्या भएपश्चात् लास जाँच नहुँदै लासलाई घटनास्थलबाट अन्यत्र लगी खाल्डोमा राखी मकैको ढोडले छोपेको र लास दबाउनेसम्मको कार्य गरेको देखियो । तसर्थ, रामबहादुर तामाङसमेतका सातजना प्रत्यर्थी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. र २५ नं. बमोजिम सजाय गर्ने ठहर गरेको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०/१२/३० को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल पौष १८ गते रोज १ शुभम् ।

## इजलास नं. ७

### ५६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७६-CR-१२११, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. वर्षा जि.सी.समेत*

प्रतिवादीहरूले मौकामा बयान गरेबमोजिम बरामद भएका लागु औषध बिक्री वितरण गर्नकै लागि खरिद गरी ल्याएका हुन् भन्ने ठोस प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस हुनसकेको देखिएन । प्रतिवेदकले अदालतमा बकपत्र गर्दा लागु औषध बरामद भएकोसम्म उल्लेख गरेको पाइन्छ तर बरामदी लागु औषध बिक्री वितरण गर्नका लागि ल्याएको वा बिक्री वितरण गरिरहेको अवस्थामा फेला पारेको भन्ने तथ्य बकपत्रमा उल्लेख गर्नसकेको अवस्था नरहेको र बरामदी लागु औषधको परिमाणसमेतलाई विचार गर्दा उक्त लागु औषध सेवन गर्नका लागि खरिद गरी ल्याएको विश्वास गर्नुपर्ने ।

प्रतिवादीहरूले अदालतसमक्ष गरेको बयान, बरामदी लागुऔषध ब्राउन सुगरको परिमाण तथा प्रतिवेदकले बकपत्रमा ठोस कुरा उल्लेख गर्न नसकेको समेतका आधार कारणबाट प्रतिवादीहरूलाई सेवनको कसुरमा सजाय गर्नु मनासिब नै देखिन आउने ।

तसर्थ, प्रतिवादीहरूले अदालतमा गरेको बयानसमेतको आधार प्रमाणबाट बाँके जिल्ला अदालतको मिति २०७५/०३/१३ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा सोही ऐनको दफा १४(१)(ङ) बमोजिम प्रतिवादीहरूलाई जनही १(एक) वर्ष कैद हुने ठहर्छ भन्ने बेहोराको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७६/५/८

को फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत: सोनी श्रेष्ठ
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७८ साल आषाढ १८ गते रोज ६ शुभम् ।

**५७**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-१२०३, कर्तव्य ज्यान (डाँका चोरी), नेपाल सरकार वि. कमल परियारसमेत*

प्रत्यक्षदर्शी दिपक परियारले मौकामा कागज गर्दा प्रतिवादीहरूले मृतकलाई कुटपिट गरी लखेट्दै जाँदा निज मृतक बाटोमा खसेपछि प्रतिवादीहरू त्यहाँबाट भागेका हुन् भनी बकपत्र गरेबाट प्रतिवादीहरूले मार्ने मनसाय नै बनाई योजना तय गरी तत्काले ज्यान मार्नेसम्मको कार्य गरेको नदेखिनुका साथै तत्काल ज्यान मर्ला भन्ने उद्देश्यका साथ चोट छाडेको देखिन आउँदैन । प्रतिवादीहरूले कुटपिट गरेको अवस्थामा भाग्न लाग्दा मादक पदार्थको असरमा रहेका यी मृतक आफू सन्तुलित हुन नसकी भिरालो जमिनबाट तल खसी उपचारार्थ अस्पतालमा लगेकोमा मृत्यु भएको देखिन आएको हुँदा प्रतिवादीहरूले गंजबहादुर दमाई प्रति गरेको कार्यबाट भएको परिणाममा आकर्षित हुने कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ नं. को व्यवस्थालाई समेत हेर्नुपर्ने देखिन्छ । ऐ. ५ नं.मा "ज्यान लिने इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ । यस्तै सम्बन्धमा अदालती अभ्यासको सन्दर्भ हेर्दा ने.का.प. २०७५ अङ्क १० नि.नं. १०१२१ मा "फौजदारी अपराध हुनको लागि आपराधिक कार्य (Actus reus) र आपराधिक मनसाय (Mens rea) हुनै पर्दछ । आपराधिक कार्यमा अपराधिक मनसाय (Mens rea) को कुन प्रकृतिको विद्यमानता रहेको छ भन्ने कुरा सजाय निर्धारणमा महत्त्वपूर्ण हुन्छ । मानसिक तत्त्वको स्वरूपको आधारमा नै अपराधको गाम्भीर्य मापन गरी दायित्व वहन गराउने गरिन्छ । अनिच्छित तथा अन्जानमा भएको कामको लागि गम्भीर कसुर मानी दण्डित गरिनु न्याय र कानूनका मान्य सिद्धान्तको विपरीत हुने । मानसिक शक्तिको प्रयोग गरेर गरेको कामको लागि कर्ता जिम्मेवार हुन्छ तर अन्जानमा वा अनिच्छित रूपमा गरिएको कामको लागि कर्तालाई कम जिम्मेवार तुल्याउने कानूनी व्यवस्था मुलुकी ऐनको ज्यानसम्बन्धी महलको ५ र ६ नं. मा रहेको छ । कर्ताको नियन्त्रणभन्दा बाहिरको परिस्थितिमा आकस्मिक रूपमा घटना घट्न गएको अवस्थामा भवितव्य हुने" भनी व्याख्या भएको देखिन्छ । सो हुँदा प्रस्तुत मुद्दामा वारदातको प्रकृतिबाट प्रतिवादीहरू कमल परियार, वीर बहादुर बुढा, कमारी दमाई, प्रजित बुढा र काशीराम दमाईले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कर्तव्य ज्यानको कसुर गरेको देखिन नआई ऐजनको ५ नं. बमोजिमको भवितव्यको कसुर भएको अवस्था देखिन आउने ।

प्रतिवादीहरू प्रकाश दमाई, रते दमाई, गोपाल भन्ने महेन्द्र परियारले अभियोग दाबीबाट सफाइ पाएकोतर्फ विचार गर्दा, प्रतिवादी गोपाल भन्ने महेन्द्र परियारले मैले मृतकलाई कुनै तरिकाले पनि कुटपिट गरी कर्तव्य गरी मारेको होइन । निजको मृत्यु को-कसको कर्तव्यबाट किन के कसरी भएको हो सो सम्बन्धमा समेत म वारदात स्थलमा नभई आफ्नै घरमा भएको हुँदा मलाई केही पनि थाहा छैन भनी अधिकार प्राप्त अधिकारीसमक्ष भएको बयानलाई समर्थन गर्दै अदालतसमक्ष समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । त्यस्तै अर्का प्रतिवादी प्रकाश दमाईले अधिकार प्राप्त अधिकारीसमक्षको बयानलाई समर्थन हुने गरी अदालतमा गरेको बयानको स.ज. १० मा मेरा उपरमा लगाइएको अभियोग बेहोरा झुट्टा हो । म वारदातमा नै नगएको र वारदातमा संलग्न नै

नभएको हुँदा मैले अभियोग दाबीबमोजिम सजाय पाउनुपर्ने नभई सफाइ पाउनुपर्ने हो भनी बयान गरेको देखिन्छ। अर्का प्रतिवादी रते दमाईले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानको स.ज. ११ मा मैले निज मृतक गंजबहादुर दमाईलाई कर्तव्य गरी मारेको होइन । निजलाई कोही कसैले कर्तव्य गरी मारेका हुन् वा आफैँ के कसरी मृत्यु भएको हो मलाई केही थाहा छैन भनी लेखाएको बयानलाई समर्थन हुने गरी अदालतमा समेत अभियोग दाबिमा इन्कार रही बयान गरेको देखिन्छ। निजहरूको इन्कारी बयानलाई समर्थन गर्ने गरी प्रतिवादीका साक्षीहरूले बकपत्रसमेत गरिदिएको पाइन्छ। सहप्रतिवादीहरू वीरबहादुर बुढा, कमारी दमाई, कमल परियार र काशीराम दमाईसमेतले आफूहरू मेलामा गएको तर प्रतिवादीहरू मेलामा गएका थिएनन् । निजहरूलाई मेलामा देखेनौं भनी मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष बयान गरेका साथै मौकामा कागज गर्ने सीता दमाईले प्रतिवादीसमेतले मृतकलाई प्रहार गरेका वा वारदात स्थलमा रहेका भनी किटानी साथ बकपत्रमा उल्लेख गर्न सकेको समेत नदेखिएको र मौकामा बुझिएका दिपक परियारले समेत प्रतिवादी कमारी दमाई सँगसँगै थिएनन् भनी बकपत्र गरेको पाइन्छ। जसबाट प्रतिवादीहरूउपरको अभियोग दाबी मिसिल संलग्न ठोस प्रमाणसमेतबाट पुष्टि हुन सकेको नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ" भन्ने व्यवस्था रहेको पाइन्छ। सो कानूनी व्यवस्थाबमोजिम प्रस्तुत मुद्दामा प्रतिवादीहरू प्रकाश दमाई, रते दमाई र गोपाल भन्ने महेन्द्र परियारउपरको दाबी पुनरावेदक वादी पक्षबाट स्वतन्त्र रूपमा प्रमाणित गर्न सकेको अवस्था देखिँदैन । वादीले कुनै व्यक्तिउपर दोष वा अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन, सो कुरा प्रमाणको आधारमा पनि पुष्टि गर्नुपर्ने हुन्छ । कर्तव्य ज्यानजस्तो गम्भीर कसुर शंकारहित तवरबाट पुष्टि नभएको अवस्थामा कसुरदार ठहर गर्नु न्यायको आधारभुत सिद्धान्तसमेत विपरीत हुन्छ । यसरी वादी पक्षबाट निजहरूउपरको अभियोग दाबीलाई ठोस प्रमाणबाट पुष्टि गराउन नसकेको अवस्थामा प्रतिवादीहरू प्रकाश दमाई, रते दमाई र गोपाल भन्ने महेन्द्र परियारलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

प्रतिवादीहरूउपरको डाँका चोरीतर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, डाँका चोरीजस्तो कसुरमा अन्य ठोस प्रमाणहरूबाट पुष्टि भएको अवस्थामा बाहेक डाँका चोरी भएको रकम बरामद भएको अवस्थामा कसुर ठहर गर्नको लागि ठोस आधार प्रमाण हुन सक्छ। प्रतिवादीहरूबाट मृतकको साथमा रहेको नगदसमेत डाँका चोरी गरेको भनिएकोमा उक्त रकम बरामद हुन सकेको देखिँदैन। प्रतिवादीहरू सबै जनाले आरोपित डाँका चोरीको कसुरमा पूर्णतः इन्कार रही बयान गरेको देखिन्छ । मौकामा कागज गर्ने लिलाराम बुढाले वारदातको समयमा मृतकको पर्स मृतक रहेको ठाउँभन्दा अलि माथिपट्टिको कान्लामा रू.५००।- दरका चारवटा रू.१००।- तथा रू.५०।- दरका नोट गरी जम्मा मृतकको पर्समा रू.२४००।- जति रकम मात्र थियो। मृतकको कम्मरमा बाँधिराख्ने लामो मनी पर्सको पछाडिको भाग देखिएको र पर्सको दुइ वटा खल्तीमा केही कुनै रकम थिएन भनी बकपत्र गरेको देखिन्छ । मौकामा बुझिएका तथा प्रत्यक्षदर्शी दिपक परियारले मृतकसँग गाडी किन्न भनी ल्याएको रकम थियो। सो रकम मृतकलाई जसले कर्तव्य गरी मारे त्यसैले चोरी गरी लिए होला। तर, को कसले लिए थाहा भएन भनी बकपत्र गरिदिएकोबाट प्रतिवादीहरूले नै चोरी गरे होला भन्ने अनुमानसम्ममात्र गरेको देखिन्छ । जाहेरवालाले प्रतिवादीहरूले मृतकको

साथमा रहेको नगद रू.८,६५,०००।- र मोबाइलसमेत लगेको भनी उल्लेख गरे तापनि जाहेरवालाले दिपकले भनेको आधारमा जाहेरी दिएको हुँ भनी बकपत्र गरेको र निज दिपक परियारले मौकामा कागज गर्दा मृतकसँग यो यति रकम रहेको र प्रतिवादीहरूले डाँका चोरी गरी लिएको भनी उल्लेख गर्न सकेको देखिँदैन। जसबाट प्रतिवादीहरूउपरको डाँका चोरीतर्फको अभियोग दाबी वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिएन। यस अवस्थामा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

प्रतिवादी कमाने भन्ने कमल परियारलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने, प्रतिवादीहरू कमारी दमाई, वीरबहादुर बुढा, प्रजित बुढा र काशीराम दमाईलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(३) बमोजिमको कसुरमा सोही महलको १७ नं. को देहाय ३ बमोजिम जनही तीन वर्ष कैद सजाय हुने गरी रूकुम जिल्ला अदालतबाट मिति २०७२/८/२८ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू कमाने भन्ने कमल परियार, कमारी दमाई, वीरबहादुर बुढा, प्रजित बुढा र काशीराम दमाईलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा ऐ. ६ नं. को देहाय (२) बमोजिम जनही २ वर्षका दरले कैद सजाय हुने, प्रतिवादीहरू रते दमाई, प्रकाश दमाई र गोपाल भन्ने महेन्द्र परियारले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादीहरूले डाँका चोरीको अभियोग दाबीबाट सफाइ पाउने ठहरी भएको उच्च अदालत तुलसीपुरको मिति २०७४/५/२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत्२०७८ साल असार ४ गते रोज ६ शुभम्।

**इजलास नं. ९**

**५८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७८-WH-०१८३, बन्दीप्रत्यक्षीकरण, निर्मलप्रसाद श्रेष्ठको हकमा कृष्ण तिमल्सिना वि. काठमाडौं जिल्ला अदालतसमेत*

मिसिल संलग्न काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।१२।१ मा जारी भएको च.नं.२०२५ को कैदी पुर्जीबाट प्रतिवादीलाई ठहरेको कैद मिति २०७६।३।२३ देखि मिति २०७६।४।९ सम्म थुनामा बसी भुक्तान भइसकेको र जरिवानाको हकमा निजले र.नं. ०३७ बाट मिति २०७६।०४।१० मा दाखिला गरेको धरौट रकम रू.२६,५०,०००।- (छब्बिस लाख पचास हजार) र निज बढी थुनामा बसेको अवधि ०।०।८ (आठ दिन) को रू.३००।- (तीन सय) का दरले हुने रकम रू.२४००।- (चौबिस सय) समेत गरी जम्मा रू.२६,५२,४००।- (छबिस लाख बाउन्न हजार चार सय) निजलाई ठहरेको जरिवानाबाट कट्टा भई निजको हकमा बाँकी जरिवाना रू.२८,४७,६००।- (अट्ठाइस लाख सत्चालिस हजार छ सय) र क्षतिपूर्तिसमेत बेरूजु रही फरार रहेकोमा निजलाई मिति २०७८।१२।०१ गते पुनः पक्राउ गरी निजलाई ठहेरको बेरूजु जरिवाना रू.२८,४७,६००।- (अठाइस लाख सत्चालिस हजार छ सय) दाखिला नगरे सो जरिवानाबापतमा कैद ठेक्नु पर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ समेत आधारमा प्रतिदिन रू.३००।- का दरले रू.२८,४७,६००।- (अठाइस लाख सत्चालिस हजार छ सय) जरिवानाबापत कैद ठेक्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ को २(क) बमोजिम १०।०।० (दश वर्ष) कैद गर्नु पर्दा निज प्रतिवादी पक्राउ परेको मिति २०७८।१२।०१

गतेदेखि मिति २०८८।११।३० गतेसम्म नियमानुसार सिदा खान दिई थुनामा राखी अन्य मुद्दा वा कारणबाट थुनामा राख्नुपर्ने अवस्था नभएमा २०८८।१२।०१ मा कैदमुक्त हुने भन्ने देखिन्छ। यसरी निवेदक अदालतबाट कसुरदार ठहर भई फैसला कार्यान्वयनको रोहमा दिइएको कैद पुर्जीबमोजिम थुनामा रहेको हुँदा निजको थुनालाई गैरकानूनी थुना भन्न मिल्ने देखिएन। हाल निज निवेदकलाई उपर्युक्त फैसलाबमोजिम ठहर भएको दाखिला गर्न बाँकी जरिवाना रू.२८,४७,६००।- (अठाइस लाख सत्चालिस हजार छ सय) बापत दश वर्ष कैद ठेकिएबमोजिम थुनामा राखिएकोमा कानूनबमोजिम तिर्नुपर्ने जरिवाना तथा क्षतिपूर्ति तिरेको दिन निज कैदमुक्त हुने नै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) को अवस्था विद्यमान रहेको नदेखिने । अतः बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मतिना शाक्य

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७९ साल वैशाख ११ गते रोज १ शुभम्।

**५९**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७२-CI-१७५९, खाना खर्च भराई पाउँ, विमला कुँवर वि. सूर्यबहादुर कुँवरसमेत*

वादीले मिति २०६७।३।५ मा प्रतिवादीसँग विवाह भएको दाबी लिएपश्चात् पुनः मिति २०६७।१०।२० मा कागज गरी दुई महिनापछि विवाह गर्न सहमत भई घरसारमा कागज गर्नुपर्ने अवस्था नै रहँदैन। वादी विमला राउतले मिति २०६७।३।५ मा प्रतिवादी सूर्यबहादुर कुँवरसँग विवाह हुँदा रोहवरमा रहेका भनिएका ढालबहादुर राउत भन्ने व्यक्तिलाई यी वादीले साक्षीको रूपमा सुरू अदालतसमक्ष उपस्थित गराई विवाह भएको दाबी जिकिर लाई पुष्टि गर्न सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम दाबी प्रमाणित गर्ने भार वादीमा रहेकोमा आफ्नो दाबीलाई प्रमाणित गर्ने वस्तुनिष्ठ र विश्वासलायक प्रमाण पुनरावेदक वादीले पेस गर्न सकेको पाइँदैन । आफू प्रतिवादीको श्रीमती रहेको भन्ने हैसियत साक्षी सर्जमिन, विवाह दर्ता प्रमाणपत्रसमेतका कुनै कागज प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा निजको भनाइलाई मात्र विश्वास गरी प्रतिवादीबाट मानाचामल खर्च भराइदिनु न्यायोचित हुन सक्दैन। यसै सम्बन्धमा (ने.का.प.२०६३ अङ्क ४ नि.नं. ७६९०)... कुनै दुई प्रेमी प्रेमिकाका रूपमा बस्नु र लोग्ने स्वास्नी भई बस्नु दुई अलग अलग स्थिति र अवस्था हुन्छ। प्रेम हुँदैमा विवाह हुनैपर्ने बाध्यता नहुने"... भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ। साबिक मुलुकी ऐन, विवाहवारीको महलको ७ नं. ले "लोग्नेमानिस र स्वास्नी मानिस दुवैको मन्जुरीबिना विवाह गर्न गरिदिनु हुँदैन...।" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। उक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा प्रतिवादीको मन्जुरीको अभावमा प्रतिवादी सूर्यबहादुर कुँवरबिच पति पत्नीको नाता स्थापित नभएकोलाई वादीको पति मानी निज प्रतिवादीसमेतबाट यी वादीलाई मासिकरूपमा खाना खर्च भराउन विद्यमान प्रचलित कानूनले मिल्ने देखिएन। मिति २०६७।३।५ मा नै विवाह भएको भनी मिति २०६७।१०।२० को कागजबाट पुनरावेदक वादी विमला कुँवर र प्रतिवादी सूर्यबहादुर कुँवरले पहिलो पत्नीलाई सम्झाई वादीसँग विवाह गर्न मन्जुर गरेकोमा सोही लिखतले पति पत्नीको रूपमा बस्न स्वीकार गरेको भनी यस अदालतबाट अनुमति प्रदान गर्ने गरी मिति २०७३।१।२३ मा भएको आदेशसँग सहमत हुन नसकिने।

मासिक खाना खर्च भराइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याई भएको सुरू गुल्मी जिल्ला अदालतको मिति २०६८।११।२३ को फैसला सदर

हुने गरी तत्कालीन पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल फागुन ८ गते रोज १ शुभम्।

६०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०७८-WH-०२५४, बन्दीप्रत्यक्षीकरण, कमलदेव साहको हकमा प्रमानन्द महतो वि. महोत्तरी जिल्ला अदालतसमेत

बन्दीप्रत्यक्षीकरण आदेशको मुख्य उद्वेश्य गैरकानूनी थुनामा रहेको बन्दीलाई सो गैरकानूनी थुनाबाट मुक्त गर्नु हो। बन्दीलाई गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने मागको आधारमा बन्दीप्रत्यक्षीकरणको रिटमार्फत उपचार खोज्ने हो। बन्दी कानूनबमोजिम नै थुनामा रहेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्दैन। यदि प्रथमदृष्टिमा नै थुनामा राखेको देखिएमा बन्दीलाई थुनामा राख्नुको कानूनसम्मत आधार र अवस्था नदेखिएको स्थितिमा बन्दीलाई थुनामुक्त गराउन बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने हो। निवेदक कमलदेव साहलाई सवारी ज्यान मुद्दामा महोत्तरी जिल्ला अदालतबाट भएको फैसला कार्यान्वयनको सिलसिलामा निजलाई लागेको कैद असुलउपर गर्ने प्रयोजनको लागि कारागार कार्यालय महोत्तरी जलेश्वरमा थुनामा राखिएको देखिएको हुँदा निज निवेदक गैरकानूनी रूपमा थुनामा रहेको भन्ने देखिन आएन। अदालतबाट भएको कैद असुलउपर गर्ने सिलसिलामा कानूनबमोजिम नै निजलाई थुनामा राखेको देखिने।

निवेदकले यस अदालतबाट बिमल खनाल विरूद्ध जिल्ला अदालत बागलुङसमेत भएको रिट नं.०७६-WH-०३३० को मुद्दामा प्रतिपादित सिद्धान्तका आधारमा प्रस्तुत रिट निवेदनमा पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा प्रदान गरियोस् भन्ने माग दाबी रहेको छ सो सम्बन्धमा विचार गर्दा, उक्त रिट नं. ०७६-WH-०३३० को मुद्दामा कोरोना भाइरसको महामारीले देश नै बन्दाबन्दीको अवस्थामा रहेको स्थितिमा कारागारमा रहेको थुनुवा/कैदीको पनि अन्य नागरिकसरह जीवनको सुरक्षा, स्वास्थ्यको सुरक्षा तथा सङ्क्रमणको जोखिमबाट सुरक्षित गर्न शारीरिक दुरी कायम गरी सङ्क्रमणको जोखिमबाट बच्नको लागि स्वास्थ्यको सुरक्षाको उपयोगितालाई ध्यानमा राखेर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा प्रदान गरिएको देखिन्छ। उक्त मुद्दामा कोरोना महामारीको विशेष परिवेशको अवस्थामा उक्त सुविधा दिइएको भए पनि हाल मुलुकमा कोरोना भाइरसको सक्रमण पनि कम हुँदै गएको, त्यस बखतको जस्तो विशेष परिवेश नभई अवस्था सामान्यीकरण भइसकेको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैदबापत रकम तिर्ने सुविधा पाउँ भनी निवेदकले महोत्तरी जिल्ला अदालतमा दिएको निवेदनमा सो अदालतबाट निवेदन दाबीबमोजिमको सुविधा प्रदान नगर्ने गरी मिति २०७८।१२।२० मा भएको आदेश बदर गरिपाउँ भनी उच्च अदालत जनकपुरमा निवेदन परेकोमा सो अदालतबाटसमेत सुरू अदालतको आदेश बेरितको नदेखिँदा परिवर्तन गर्न परेन भनी मिति २०७९।१।१५ मा आदेश भइसकेको परिप्रेक्ष्यमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने नदेखिने।

रिट निवेदकलाई सवारी ज्यान मुद्दामा जिल्ला अदालत महोत्तरीबाट भएको फैसलाबमोजिमको कैद असुलउपर गर्न कानूनबमोजिम थुनामा राखेको साथै हाल मुलुकमा कोभिड महामारीको सङ्क्रमण पनि कम हुँदै गइरहेको अवस्था विद्यमान हुँदा निवेदन

मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिएन । रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत: उदवीर नेपाली (उपसचिव)
कम्प्युटर: सरस्वती दाहाल
इति संवत् २०७९ असार २१ गते रोज ३ शुभम् ।

## इजलास नं. १०

### ६१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१४९२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. पदमबहादुर शाही*

सहप्रतिवादी दिव्यमणि अर्यालले अर्का प्रतिवादी पदमबहादुर शाहीसँगको मिलेमतोमा जाहेरवालाबाट रकम लिई प्रतिवादी पदमबहादुर शाहीले दर्ता गरेको Human Resources Management Pvt. Ltd. बाट जर्मनीमा बेकरी सम्बन्धमा इन्टर्नसिप गर्न पठाइदिने भनी उक्त रकम पनि फिर्ता नगरेको र भनेबमोजिमको मुलुकमा पनि नपठाएको भनी पोल गरेको भए तापनि प्रतिवादी पदमबहादुर शाहीले बयान गर्दा आफूले दिव्यमणि अर्याललाई जाहेरवालाको काम गरिदिनु भनी भनेको वा जाहेरवालासँग रकम लिई दिव्यमणि अर्याललाई दिएको छैन । जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन रकम लिएको छैन । दिव्यमणि अर्याल र जाहेरवालाबिच के कुरा भयो थाहा छैन भन्ने बेहोरा लेखाएको देखिन्छ । जाहेरवालाले आफ्नो कुराकानी यिनै प्रतिवादीसँग भएको भन्ने जाहेरी दिएको, कागज निजले गरेको र चेक पनि निजले दिएको देखिनुको साथै जाहेरवालालाई जर्मनी इन्टर्नसिपमा पठाउने सम्बन्धमा Human Resources Management Pvt. Ltd. को संलग्नता रहेको प्रमाणबाट देखिँदैन । सहप्रतिवादी दिव्यमणि अर्यालले प्रतिवादी पदमबहादुर शाहीको कम्पनी Human Resources Management Pvt. Ltd. बाट जाहेरवालालाई इन्टर्नसिपका लागि जर्मनी पठाउने कुरा भएको भन्ने पोल गरे तापनि निजको उक्त कसुरमा संलग्नता देखिने कुनै पनि वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिँदैन । मुद्दामा रहेको तथ्य र बेहोरालाई कुनै न कुनै रूपमा ग्रहण गर्ने वा स्वीकार गर्ने गरी सहप्रतिवादीको भनाइ आएको परिप्रेक्ष्यमा सहप्रतिवादीको पोललाई प्रमाणको रूपमा ग्रहण गर्न सकिने हुन्छ । सहप्रतिवादीले पोलेको आधारमा मात्र अन्य प्रमाणबाट समर्थित नभएको पोललाई अभियोग सम्पुष्टि गर्ने आधार बनाउनु न्यायोचित हुन सक्दैन । प्रस्तुत मुद्दामा जाहेरवालाको सुरू निवेदन, अनुसन्धानको क्रममा गरेको कागजमा प्रतिवादी पदमबहादुर शाहीको आरोपित कसुरमा संलग्नता रहेको भनी उल्लेख गरेको नदेखिनुका साथै निजउपर कुनै पोल उजुर गरेको देखिँदैन । जाहेरवाला न्यायाधिकरणमा उपस्थित भई बकपत्र गरेको समेत देखिँदैन । प्रतिवादी पदमबहादुर शाहीले कसुर गरेको भन्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस गर्न सकेको छैन । त्यस्तो अवस्थामा प्रतिवादीलाई दोषी करार गर्नु न्यायसङ्गत नहुने हुँदा निज प्रतिवादी पदमबहादुर शाहीले आरोपित कसुरबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा नदेखिने ।

तसर्थ, प्रतिवादी पदमबहादुर शाहीउपरको अभियोग दाबी पुष्टि हुने प्रमाण वादी नेपाल सरकारले पेस गर्न सकेको नदेखिँदा वादी दाबी नपुग्ने ठहर गरी प्रतिवादी पदमबहादुर शाहीलाई अभियोग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७५।०२।१५ को फैसला मिलेको नै देखिँदा सदर हुने ।
इजलास अधिकृत: अनु याकामी
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७८ साल असार ११ गते रोज ६ शुभम् ।

## ६२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-WH-०३०७, बन्दीप्रत्यक्षीकरण, राजकुमार माकजु वि. गृह मन्त्रालयसमेत*

निवेदक राजकुमार माकजुलाई अपहरण तथा शरीर बन्धक मुद्दामा यस अदालतबाट साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. विपरीतको कसुर अपराधमा ३ नं. बमोजिम ८ वर्ष कैद र जरिवाना रू. ६,१६,०००।– र १२ नं. अनुसार थप रू. २ लाख गरी जम्मा रू.८,१६,०००।– जरिवाना तथा महिला विरूद्ध कसुर गरेकोले ९ नं. बमोजिम २ वर्ष थप कैद हुने ठहरी मिति २०७३।८।२८ गते अन्तिम फैसला भएको र सोहीबमोजिम कैदी पुर्जी दिएको देखियो । हाल मुलुकी फौजदारी अपराध संहिता, २०७४ को परिच्छेद १७ नं. मा अपहरण वा शरीर बन्धकसम्बन्धी कसुरअन्तर्गत दफा २१३ मा अपहरण शरीर बन्धक लिएमा हुने सजायको व्यवस्था र दफा २१४ मा थप सजाय हुने भन्ने व्यवस्था भएकोमा साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअन्तर्गत ९ नं. मा भएको महिला वा नाबालिग विरूद्ध कसुर गरेकोमा थप सजाय गर्ने व्यवस्था उक्त दफा २१४ मा रहेको पाइएन । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ग) मा मुलुकी अपराध संहितामा लेखिएको हदसम्म सजाय गर्ने व्यवस्था भएकोले निवेदक राजकुमार माकजुलाई उक्त थप २ वर्ष सजाय हुने देखिएन। साथै जरिवानाका हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा २१३ मा सत्तरी हजारदेखि एक लाखसम्म जरिवाना हुने व्यवस्था भएकोले निजलाई रू.१,००,०००।– मात्र जरिवाना हुने।

निवेदक राजकुमार माकजु मिति २०६८।४।३१ देखि निरन्तर थुनामा रही निजलाई लागेको ८ वर्ष कैद मिति २०७६।४।३१ गते नै भुक्तान भइसकेको र राजकुमार माकजुलाई हालको कानूनअनुसार हुने जरिवाना रू.१,००,०००।– पनि मिति २०७६।४।३१ देखि हालसम्म थुनामै रही चुक्ता भइसकेको हुँदा निवेदक राजकुमार माकजु हाल गैरकानूनी रूपमा थुनामा रहेको देखिँदा निजलाई तुरून्त कैदबाट मुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३ (२) (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरण आदेश जारी हुने।

इजलास अधिकृत (उपसचिव): देवी चौधरी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७८ साल जेठ २८ गते रोज ६ शुभम्।

## ६३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-०३०२, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. दिनेश महतरा*

प्रतिवादी दिनेश महतरासमेतले सुरज वलीसमेतलाई तरबारले टाउकोलगायतका शरीरका अङ्गमा प्रहार गरेको कुरा सुमन चौधरीले म जाहेरवालालाई खबर गरेको भनी लेखाएको पाइएबाट निज जाहेरवाली प्रत्यक्षदर्शी नभएको र सुमन चौधरीले भनेपछि जानकारी पाएको भन्ने देखिन आउँछ । जाहेरवालीलाई घटना सम्बन्धमा खबर गर्ने सुमन चौधरीलाई सुरू अनुसन्धानकै क्रममा समेत कागज गराइएको पाइँदैन । घटना विवरण कागज गर्ने माधव कवर, मुकुन्द कवर, रामलाल गुप्ताले तरबार प्रहार गर्ने समूहमा दिनेश महतरा पनि रहेको भनी लेखाइदिएको भए तापनि निजहरू अदालतमा उपस्थित भई बकपत्र गरेको देखिएन। मौकामा पक्राउ परेका प्रतिवादी सागर भण्डारी र सन्तोष हमालले वारदातअघि आफूसहित दिनेश महतराको पीडितहरूसँग वादविवाद भए पनि आफूहरू त्यहाँबाट हिँडेपछि वारदात भएको भनी मौकामा बयान गरेका छन् भने अदालतमा बयान गर्दा पनि वारदातमा प्रतिवादीको संलग्नता रहेको भनी

लेखाएको देखिँदैन । जाहेरवाली टोपाकुमारी वली तथा पीडित घाइतेहरू कृष्णसागर वली र सुरज वलीले अदालतमा आई बकपत्र गर्दा प्रतिवादी टोपबहादुर बुढाथोकी, प्रकाश बस्नेत, सागर भण्डारी, रमेश चौधरी, दिपक नेपाली, केशव भुसाल, सन्तोष हमालसमेतले तरबार निकालेर प्रहार गरेको भनी लेखाएको देखिन्छ। यसरी सुरू जाहेरी दिने जाहेरवाला तथा घटना वारदातमा घाइते भएका पीडितहरूले समेत प्रत्यर्थी प्रतिवादी दिनेश महतरा प्रस्तुत वारदातमा संलग्न भएको, पीडितलाई कुटपिट र आक्रमण गरेको भनी कहीँकतै उल्लेख गर्न सकेको नपाइने ।

प्रत्यर्थी प्रतिवादी दिनेश महतराउपर गढाउ गरी जाहेरवाली र घाइतेहरूले नै अदालतमा बकपत्र गर्न नसकेको यस स्थितिमा जाहेरीमा नाम उल्लेख भएकै आधारमा अभियोग लगाइएका कुनै पनि व्यक्ति कसुरदार रहेछन् भनी अर्थ गर्न मिल्दैन । त्यसैगरी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तउपर लगाइएको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुन्छ । प्रस्तुत मुद्दामा वादी पक्षले प्रतिवादीउपरको अभियोग स्वतन्त्र र वस्तुनिष्ठ र शंकारहित प्रमाणहरूले प्रमाणित गर्न सकेको पाइँदैन। फौजदारी मुद्दामा शंकाको सुविधासमेत प्रतिवादीले पाउने अवस्था रहन्छ । शंकारहित तवरबाट कसुर गरेको पुष्टि नभएसम्म अभियुक्त वा प्रतिवादीलाई कसुरदार ठहर गर्नु फौजदारी न्यायका मान्य सिद्धान्त विपरीत हुन जाने ।

यसरी पीडित तथा जाहेरवालाको बकपत्र, प्रतिवादीको बयान तथा मिसिल संलग्न प्रमाणहरूको समग्र अध्ययनबाट प्रत्यर्थी प्रतिवादी दिनेश महतराले पीडित सुरज वलीसमेतलाई धारिलो हतियार प्रयोग गरी कुटपिट गरेको भन्ने तथ्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएकोले निजलाई कसुरदार ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने ठहराएको सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७३।२।३ मा भएको फैसला उल्टी गरी प्रतिवादी दिनेश महतरालाई सफाइ दिने ठहऱ्याई उच्च अदालत तुलसीपुरबाट मिति २०७३।११।२ मा भएको फैसला अन्यथा नदेखिएकाले सो फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने । तसर्थ, उच्च अदालत तुलसीपुरबाट मिति २०७३।११।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दामोदर घिमिरे/अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल असार ११ गते रोज ६ **शुभम्।**

## ६४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०४०२, बन्दीप्रत्यक्षीकरण, राम शर्मा "कर्णाली" वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, काठमाडौंसमेत*

निवेदक राम शर्मा "कर्णाली" अदालतमा विचाराधीन रहेको कर्तव्य ज्यान मुद्दामा पुर्पक्षको सिलसिलामा थुनामा रहेका र उक्त थुनामा राखेको सुरू अदालतको आदेश उच्च अदालत र यसै अदालतबाट समेत सदर भएको परिप्रेक्ष्यमा बन्दीप्रत्यक्षीकरणको आदेशबाट निजलाई थुनामुक्त गर्न मिल्ने नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने निवेदन खारेज हुने ।

निवेदक राम शर्मा "कर्णाली" ६१ वर्षका भनी निवेदनमा देखिएको र निज बिरामी भई औषधी उपचार भइरहेको भन्ने कुरा निवेदनसाथ पेस भएका उपचारसम्बन्धी कागजहरूबाट देखिएको छ । यस्तो अवस्थामा थुनुवा मुद्दामा निर्णय गर्न ढिलाई भएका कारण निज लामो समयदेखि पुर्पक्षकै लागि थुनामा रहनु न्यायोचित मान्न मिल्ने नदेखिने ।

तसर्थ, निवेदनमा उल्लिखित सुरू जुम्ला

जिल्ला अदालतमा विचाराधीन रहेको जनक हमालको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै राम शर्मा "कर्णाली" समेत भएको कर्तव्य ज्यान मुद्दामा केही कार्यविधि अनिवार्य रूपमा पूरा गर्नुपर्ने र केही नबुझी नहुने प्रमाणहरू अनिवार्य रूपमा बुझ्नुपर्ने भए त्यस सम्बन्धमा जे जो प्रक्रिया अपनाउनु पर्ने हो तत्काल अपनाई प्रस्तुत मुद्दालाई यथाशीघ्र छिटो र अड्ग पुऱ्याउनुपर्ने कारबाहीहरू केही गर्न नपर्ने भए प्रस्तुत आदेश प्राप्त भएको मितिले तीन (३) महिनाभित्र उक्त विचाराधीन कर्तव्य ज्यान मुद्दा अनिवार्यतः किनारा गर्नु भनी विपक्षीमध्येका जुम्ला जिल्ला अदालतका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत: दामोदर घिमिरे/अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल श्रावण १२ गते रोज ३ शुभम् ।

## ६५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-CR-०२६०, जबरजस्ती करणी, नेपाल सरकार वि. भदैया भन्ने राजेन्द्र शर्मा*

प्रतिवादी राजेन्द्र शर्मा अदालतको बयानमा कसुरप्रति इन्कार छन् । प्रतिवादी मौकामा प्रहरीको बयानमा कसुरप्रति साबित रहेपनि सो साबिती बयानलाई पीडिताको मौकामा योनि र शारीरिक परीक्षण प्रतिवेदनले समर्थन गर्दैन । पीडिताको योनि र शारीरिक परीक्षण प्रतिवेदनमा पीडिताको कन्याजाली च्यातिएको भए पनि सो पुरानो हो भनी उल्लेख छ । वारदातको समयमा पीडिताको कन्याजाली च्यातिएको र योनि सुन्निएको अवस्था नभएबाट सो समयमा पीडिताउपर प्रतिवादीबाट करणीको क्रिया भएको भन्न मिल्ने स्थिति देखिँदैन । पीडिताको शारीरिक परीक्षण प्रतिवेदन हेर्दा पीडिताको शरीरमा पुराना खोस्रिएका घाउ रहेको छ, प्रतिवादी पनि मौकामा उक्त वारदातस्थलमा रहेको अवस्था छ । यो तथ्यलाई प्रतिवादी स्वयंले स्वीकारेको छन् । पीडिताप्रति करणीको आशक्तिमा प्रतिवादीले केही प्रयास गर्न खोजेको अवस्थासम्म देखिन्छ । कसुर भई नसकेको कसुरको लागि हुनपर्ने सबै कार्य भएको अवस्था कसुरको उद्योगको दायराभित्र पर्ने गर्दछ । प्रस्तुत वारदातमा पीडिताको शरीरको सामान्य घाउ चोट हेर्दा पनि प्रतिवादीले करणीको कार्य गरी नसकेको करणीको लागि भने प्रयास र उद्योग गरेको अवस्था देखिएको र सो पुष्टि हुन गएको देखिन्छ । प्रस्तुत वारदातमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिन्छ । साबिक मुलुकी ऐन, जबरजस्ती करणी महलको ५ नं. मा "जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ ।" भन्ने कानूनी व्यवस्थानुसार प्रतिवादी भदैया भन्ने राजेन्द्र शर्मालाई जवर्जस्ती करणी महलको ३(५) नं. को उद्योगको कसुरमा सोही महलको ५ नं. बमोजिम आधा सजाय गर्ने गरी उच्च अदालत विराटनगरबाट भएको फैसलालाई अन्यथा गरिरहनु पर्ने नदेखिएकोले पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन एवं पुनरावेदनलाई समर्थन गर्दै विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी भदैया भन्ने राजेन्द्र शर्माले पीडित साङ्केतिक नाम रंगेली (ट) लाई अभियोग दाबीको जबरजस्ती करणीको कसुर गरेको भन्ने नदेखिई करणीको उद्योगसम्म कसुर गरेको देखिएकोले प्रतिवादीलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ (पाँच) वर्ष कैद र रू.२०,०००।- क्षतिपूर्तिस्वरूप पीडितलाई भराइदिने गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७५।८।६ मा भएको फैसला सो हदसम्म केही

उल्टी गरी प्रतिवादी भदैया भन्ने राजेन्द्र शर्मालाई सोही महलको ३(५) नं. को उद्योगको कसुरमा सोही महलको ५ नं. बमोजिम आधा २ वर्ष ६ महिना कैद सजाय हुने ठहऱ्याई उच्च अदालत विराटनगरबाट मिति २०७६।९।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उप सचिव): माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल असार २७ गते रोज १ शुभम्।

६६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-CR-०७९६, जबरजस्ती करणी, नेपाल सरकार वि. रविन राना मगर*

घटना र वारदातसँग प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं जाहेरवाला र पीडित स्वयंले कसुरदारलाई नै उन्मुक्ति दिने गरी अदालतमा व्यक्त गरिदिएको निजहरूको कथनलाई अन्य भौतिक एवं स्वतन्त्र प्रमाण र परीक्षणबाट घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा अदालतले पनि केवल अभियोगकै आधारमा शंका र अनुमानको भरमा कसैलाई पनि फौजदारी कसुरमा सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने जाने हुँदा प्रस्तुत मुद्दामा पीडितउपर प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने पुष्टि हुने अन्य कुनै पनि स्वतन्त्र सबुद प्रमाण मिसिल संलग्न नरहेको अवस्थामा अभियोग दाबीबमोजिम जबरजस्ती करणीमा कसुरदार ठहर गरी सजाय गर्नु न्यायोचित नहुने हुँदा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी इलाम इजलासबाट भएको फैसला मनासिब नै देखिँदा अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी रविन मगरलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) को कसुरमा सोही दफा २१९ को उपदफा ३(घ) बमोजिम १० वर्ष कैद तथा सोही संहिताको दफा २२८ बमोजिम प्रतिवादीबाट पीडीतलाई रू.२५,०००।- क्षतिपूर्तिसमेत भराइदिनेगरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला कानूनसम्मत एवम् न्यायोचित नदेखिएकोले उक्त फैसला उल्टी गरी प्रतिवादी रविन राना मगरलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७७।४।३२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उप सचिव): माधव भण्डारी

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७८ साल असार २७ गते रोज १ शुभम्।

६७

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०६८-CI-०८७५, निर्णय दर्ता बदर हक कायम, कृष्णभक्त श्रेष्ठ (छुचुँ) वि. नारायण लाल श्रेष्ठसमेत*

कि.नं.२२१ को जग्गा टुलीदत्त आँगन घर देवताको निजी गुठीको रहेको देखिन आउँछ। निजी गुठीको जग्गालाई गुठियारमध्ये धर्मलोप ठहरिएका गुठियारले नापीको समय २०३७ सालमा आफ्नो नाउँमा नापी गराई फिल्डबुकमा नाम लेखाउँदैमा र उक्त आँगन घर देउता गुठीको जग्गामा धारा, बिजुली लाइन जोडेर भोग गरिरहेको छु भन्ने आधारमा कुनै एउता गुठीको मात्र निजी हुन सक्दैन। मिति २०४८/५/८ मा वादीका बुबा र प्रतिवादीहरूका नाउँमा समेत आँगन गुठी घर कायम गरिदिने गरी ३ नं. नापी गोश्वारा र ४ नं. नापी टोलीले गरेको निर्णयलाई चुनौती दिई बदर गराउन नसकेसम्म वादीको पिता र वादीको नाउँमा साबिकदेखि नै धारा र बिजुली

जडान गरी भोग गर्दै आएको भन्ने आधारले मात्र सवबै गुठियारको साझाको रूपमा रहेको निजी आँगन गुठीको कि.नं.२२१ को जग्गा वादीको नाउँमा मात्र हक कायम हुन सक्ने देखिँदैन । उक्त ४ नं. नापी टोलीमा परेको निवेदनबाट उक्त आँगन देवताको घर साबिक १५ नं. भई हाल वडा नं.२२ मा परेको भन्ने कुरालाई वादी पक्षबाट अस्वीकार गरिएकोसमेत नदेखिँदा विवादित कि.नं.२२१ को घरजग्गा गुठीकै आँगन देवताको घर रहेभएको देखिएसमेतबाट पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने ।

तसर्थ, वादी दाबीको कि.नं.२२१ को घरजग्गामा वादी कृष्णलाल श्रेष्ठको हक कायम भई निजका नाममा दर्तासमेत हुने ठहऱ्याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६४।७।२० मा भएको फैसलालाई उल्टी गरी उक्त वादी दाबीको कि.नं.२२१ को घरजग्गामा वादीको दाबी नपुग्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।११।१६ मा भएको फैसला कानूनसम्मत मिलेकै देखिन आयो । अतः वादीले आफ्नो भनी हक कायमको दाबी लिएको कि.नं.२२१ को घरजग्गामा वादी दाबी नपुग्ने ।

इजलास अधिकृत: सुरेश के.सी.

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७७ साल चैत्र १६ गते रोज २ शुभम् ।

### ६८

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७७-WH-०३५७, बन्दीप्रत्यक्षीकरण, ध्रुव स्याङतानको हकमा वाङथोप लामा वि. काठमाडौं जिल्ला अदालतसमेत*

नकवजनी चोरी र सरकारी छाप दस्तखत किर्ते मुद्दामा क्रमशः एक महिना कैद र १ वर्ष कैद हुने गरी अन्तिम फैसला हुँदाका बखत निजलाई लागु औषध चरेस मुद्दामा लागेको ५ वर्ष कैदको अवधी बाँकी नै रहेको र निज थुनामा नै रहिरहेको अवस्था हुँदा उक्त नकबजनी चोरीमा लागेको एक महिना र सरकारी छाप दस्तखत किर्ते मुद्दामा लागेको एक वर्ष कैद निजले लागु औषध चरेस मुद्दामा लागेको ५ वर्ष कैद भुक्तान गरेको समयावधिमा नै भुक्तान गरिसकेको हुँदा निवेदकलाई नकबजनी चोरी र सरकारी छाप दस्तखत किर्ते मुद्दामा लागेको एक महिना र एक वर्ष कैदमध्ये १८ दिन हिरासतमा बसी कट्टी भइसकेको र अब ११ महिना १२ दिन बाँकी छ भनी निजलाई कानूनतः थुनामा राख्न मिल्ने देखिँदैन । यस प्रकार उपर्युक्त दफा ३६(१)(ख) बमोजिम निवेदकलाई नकबजनी र सरकारी छाप दस्तखत किर्ते मुद्दामा लागेको कैद र जरिवाना वेबेग्लै गणना गरिरहन नपर्ने हुँदा निवेदकको थुना गैरकानूनी देखिन आएको ।

तसर्थ, निवेदकले आफूलाई लागेको जरिवाना तिरिसकेको र उक्त नकबजनी चोरी र सरकारी छाप दस्तखत किर्ते मुद्दामा लागेको कैदसमेत भुक्तान गरिसकेको देखिँदा निजलाई सोही मुद्दाको फैसलाबाट लागेको कैद बाँकी छ भनी मिति २०७७/८/२१ मा पक्राउ गरी थुनामा राखेको कार्य गैरकानूनी रहेको हुँदा निजलाई अन्य मुद्दाबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट निवेदकलाई थुनाबाट छाडिदिने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: सुरेश के.सी.

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७८ साल जेठ २३ गते रोज १ शुभम् ।

### ६९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७२-CR-०९४३, ०७२-CR-१०६०, ०७२-CR-१३८५, ०७२-CR-१८२५, कर्तव्य ज्यान, टेकबहादुर मल्ल वि. नेपाल सरकार, धनबहादुर शाह वि. नेपाल सरकार, जगधन शाही*

*वि. नेपाल सरकार, नेपाल सरकार वि. कालीबहादुर मल्लसमेत*

मृतक आशारामलाई घर छाड्न होटलबाट प्रतिवादी जगधन शाही र धनबहादुर शाहले सँगै लिएर गएपछि वारदात भएको देखिन्छ, त्यस समयमा प्रतिवादी कालीबहादुर मल्ल र अर्जुनबहादुर शाह, मृतक आशारामको मृत्यु हुनाको कारणमा कुनै भूमिका रहेको नै देखिन आउँदैन। यस अवस्थामा प्रतिवादीद्वय कालीबहादुर मल्ल र अर्जुनबहादुर शाहलाई अभियोग दाबीबाट सफाइ दिने गरेको पुनरावेदन अदालत तुल्सीपुरको फैसला मिलेको नै देखिन आएको।

यसप्रकार वारदातको तथ्यपूर्ण परिस्थिति र स्वयं जाहेरवाला एवं मृतकको श्रीमती नन्दकुमारीले नै वारदातमा र मृतक आशारामको मृत्यु हुनमा प्रतिवादी टेकबहादुर मल्लको कुनै भूमिका नरहेको भन्ने तथ्यलाई पुष्टि गरिदिएको छ। प्रतिवादी टेकबहादुर मल्ल आशाराम जीवितै र अन्य प्रतिवादीहरू सँग साथै रहेको अवस्थामा नै त्यहाँबाट हिँडेकाले प्रतिवादी टेकबहादुर मल्ल आशारामको मृत्युको वारदात कार्यमा संलग्न थिए भन्ने सकिने कुनै आधार नै नदेखिने।

प्रतिवादी जगधन शाहीको मौकाको बयान, सिता चन्दको मौकाको कागजको बेहोराबाट आशाराम प्रतिवादी धनबहादुर र जगधनलाई सिता चन्दको घरसम्म पुगेको र त्यहाँसम्म पुग्दा आशारामलाई प्रतिवादी धनबहादुरले कुट्दै धकेल्दै लगेको र जगधन शाहीले आशारामलाई केही नगरेको र निज सिता चन्दको घरबाट फर्केको तथ्यलाई सिता चन्द र होटल मालिकनी बलकुमारी गिरीको मौकाको कागज र प्रतिवादी जगधनी शाहीको मौकाको कागजबिचको सामञ्जस्यतापूर्ण बेहोराले पुष्टि गर्दछ। जगधन शाही फर्केर मेरो होटलमा आएर पछि कालीबहादुर, अर्जुनबहादुर, जगधन तीनैजना बसी एक बोतल रक्सी खाएर गए भनी बलकुमारी गिरीले गरेको कागजबाट पनि प्रतिवादी जगधन शाही सिता चन्दले भनेअनुसार आफ्नो घरनिरबाट फर्की बलकुमारी गिरीको होटलमा गएको भन्ने तथ्यलाई पुष्टि गरेको देखिन्छ। यी तथ्यहरू हेर्दा प्रतिवादी जगधन शाही आशारामको मृत्युको वारदात कार्यमा संलग्न थिए भन्न सकिने कुनै आधार नदेखिने।

प्रतिवादी धनबहादुर र आशाराम सँगै हिँड्दाको अवस्थामा धनबहादुरले आशारामलाई कुट्दै धकेल्दै लगी राखेको भन्ने तथ्य पुष्टि भइराखेकोमा एक्कासी भोलिपल्ट निजको मृत शरीर भिर तल फेला परेको अवस्थाले प्रतिवादी धनबहादुर शाहले आशारामलाई निरन्तर रूपमा कुट्दै धकेल्दै गरेको व्यवहार र क्रियाबाट नै निज लाम्ले छहराको भिरबाट तल खसी निजको मृत्यु भएको तथ्य नै पुष्टि हुन आउँछ। प्रतिवादी धनबहादुर शाहको उपर्युक्त किसिमको श्रृङ्खलावद्ध दुर्व्यवहार र क्रियाबाट नै आशारामको मृत्यु हुन गएको भन्ने तथ्य पुष्टि हुन आएको।

तसर्थ, प्रतिवादीहरू कालिबहादुर मल्ल र अर्जुनकुमार शाह आरोपित कसुरमा निर्दोष रहेको पुष्टि हुन आउँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १३(३) नं. विपरीतको कसुरमा ऐ. को १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबीबाट सफाइ दिने गरी सुरू रूकुम जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत तुल्सीपुर दाङको मिति २०७२।५।२० गतेको फैसला सो हदसम्मको मिलेकै देखिँदा सो सदर हुने।

प्रतिवादीद्वय टेकबहादुर मल्ल र जगधनी शाही दुवै जना कसुर र अभियोग दाबीप्रति निर्दोष रहेकोमा निजहरूलाई पनि मुलुकी ऐन ज्यानसम्बन्धी

महलको १ र १४ नं. विपरीतको कसुरमा निजहरूलाई सोही १४ नं. बमोजिम जनही १० (दश) वर्ष कैद हुने गरी पुनरावेदन अदालत तुल्सीपुर, दाङबाट भएको मिति २०७२।५।१० को फैसला नमिलेको हुँदा सो उल्टी भई निजहरूले निज विरूद्ध मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १३(३) नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबीबाट सफाइ पाउने।

मृतकले प्रतिवादीलाई कुनै दुर्व्यवहार गरेर वा दुर्वाच्य बोलेर तत्काल प्रतिवादीलाई रिस उठाएर आवेशमा ल्याएको अवस्था पनि देखिँदैन। मादक पदार्थ सेवन गरी दुवै मात्तिएर पहाडको बाटोमा सँगै हिँड्दै जाँदा प्रतिवादी धनबहादुर शाहले आशारामलाई धकेल्दै पिट्दै लैजाँदा अचानक निज लाम्ले छहराको भिरबाट खसी लडी मरेको अवस्थाको वारदातमा प्रतिवादी धनबहादुर शाहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आवेशले प्रेरित हत्याको कसुरमा १० वर्ष सजाय गर्ने गरेको पुनरावेदन अदालत तुल्सीपुर, दाङको मिति २०७२।५।२० गतेको फैसला मिलेको नदेखिँदा सो उल्टी भई प्रतिवादी धनबहादुर शाहलाई अभियोग पत्रमा मागदाबी गरेबमोजिम ऐ. को महलको १३(३) नं. बमोजिम सर्व-सुलवसहित जन्म कैद हुने।

मादक पदार्थ सेवन गरी दुवै मात्तिएर पहाडको बाटोमा सँगै हिँड्दै जाँदा प्रतिवादीले आशारामलाई धकेल्दै पिट्दै जाँदा निज अचानक लाम्ले छहराको भिरबाट खसी लडी मरेको क्रियाको वारदात भवितव्य हो कि भन्ने जस्तो देखिन्छ । प्रतिवादीलाई उक्त वारदातमा उपर्युक्त सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने जस्तो चित्तमा लागेको हुँदा प्रतिवादीहरू धनबहादुर शाहलाई अ.बं. १८८ नं. बमोजिम ७ (सात) वर्ष मात्र कैद हुने।

इजलास अधिकृत: रामाकान्त यादव

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल माघ १६ गते रोज ५ शुभम्।

## इजलास नं.११

### ७०

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CR-०२८० (०१-०७३-०२११२), वैदेशिक रोजगार कसुर, अर्जुनप्रसाद सिलवाल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी अर्जुनप्रसाद सिलवालउपर वैदेशिक रोजगार कसुरको मुद्दामा परेको किटानी जाहेरी दरखास्त निज पुनरावेदकको पुनरावेदन जिकिरबमोजिम तथ्यतः खण्डित भएको देखिएन । उल्लिखित आधार कारणबाट पुनरावेदक प्रतिवादी अर्जुनप्रसाद सिलवालले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिने भनी लिखतमा उल्लेख गरिएबमोजिमको रकम लिई मिति २०६७।१०।२३ गते वैदेशिक रोजगारसम्बन्धी लिखत गरिदिएको होइन भन्ने पुनरावेदन जिकिर प्रतीतलायक देखिन नआएकोले उक्त मिति २०६७।१०।२३ को लिखतलाई अन्यथा रहेछ भनी मान्न मिलेन । यस सन्दर्भमा कमलप्रसाद गिरीको जाहेरीले वादी नेपाल सरकार वि. तुलसीप्रसाद गिरीसमेत भएको वैदेशिक रोजगार कसुर मुद्दामा "प्रमाण कानूनले लिखत प्रमाणलाई सर्वोत्तम प्रमाण मान्दछ । त्यसैले लिखतमा उल्लेख भएको कुरा अन्यथा प्रमाणित भएमा बाहेक सोमा उल्लेख भएको कुरालाई भरपर्दो र वस्तुपरक प्रमाणको रूपमा अदालतले ग्रहण गर्नुपर्ने" (प्रकरण नं.५) भनी (ने.का.प.

२०७३, अङ्क ९, नि.नं ९६७४) मा यस अदालतबाट प्रतिपादित सिद्धान्त रहेकोसमेत देखिएकोले पुनरावेदक प्रतिवादीउपरको कसुर स्थापित गर्न उक्त लिखत आधारभूत प्रमाणको रूपमा रहेको देखियो । त्यसर्थ, जाहेरवाला गोकुल गौतमले वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गर्दा विरोधाभाषपूर्ण (जाहेरी दरखास्त विपरीत) बकपत्र गरेकोले फैसला प्रमाण ऐन, २०३१ को दफा १८, २५, ५४ विपरीत भएको भन्ने पुनरावेदन जिकिर पनि मनासिब रहेको भन्ने नदेखिने।

विदेश अमेरिका पठाउन रकम लिएको भनिएकोमा पीडित भनिएका जाहेरवालाहरूको राहदानीलगायतका अन्य दसी प्रमाण बरामद हुन सकेको नदेखिएको भन्ने पुनरावेदन जिकिरसम्बन्धमा हेर्दा, जाहेरवालाहरू र पुनरावेदक प्रतिवादीबिच भएको मिति २०६७।१०।२३ को लिखतमा तपाईँहरूलाई आगामी ४२ दिनभित्र मेरो आफ्नो सम्पर्कका मानिसमार्फत जो गर्नुपर्ने गरी आवश्यक कागजात तयारलगायतका कार्य गरी भिसा उपलब्ध गराई संयुक्तराज्य अमेरिका पुर्‍याई रोजगारीमा लगाइदिने... समेत भनी जाहेरवालाहरूबाट पुनरावेदकले रकम र आवश्यक कागजात बुझी कागज गरिदिएको भन्ने लिखत बेहोरा रहेको देखिन्छ । विपक्षी अर्जुनप्रसाद सिलवालले हामी जाहेरवालाहरू युवराज सिलवाल र गोकुल गौतमबाट संयुक्तरूपमा रू.२५,००,०००।– (पच्चिस लाख) नगद र हाम्रो राहदानीसमेत बुझी लिई मिति २०६७।१०।२३ मा वैदेशिक रोजगारीमा लगाइदिनेसमेतका बेहोराको कागज गरिदिएको र भिसाको प्रक्रियाको लागि सहीछापसमेत गराएको भनी जाहेरी दरखास्तमा उल्लेख गरेको देखिन्छ । माथि विवेचना गरिएका प्रकरणहरूबमोजिम जाहेरी दरखास्त तथा पुनरावेदक प्रतिवादी र जाहेरवालाहरूबिच भएको लिखत आधारभूत प्रमाणको रूपमा रहेको भनी भएको विवेचनाबमोजिम पुनरावेदक प्रतिवादीउपरको कसुर प्रमाणित भएको देखिएकोमा राहदानीलगायतका दसी बरामद नभएको भन्ने मात्र आधारबाट पुनरावेदक प्रतिवादीले आरोपित कसुर गरेको होइन भनी मान्न मिल्ने अवस्था देखिन नआउने।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ मा कसैले दफा १० विपरीत इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने छ। विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा माथि विवेचना भएबमोजिम पुनरावेदक प्रतिवादी अर्जुनप्रसाद सिलवालले जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि संयुक्त राज्य अमेरिकामा पठाई रोजगारीमा लगाइदिने भनी झुट्टा आश्वासन दिई लिखतबमोजिमको रकमसमेत जाहेरवालाहरूबाट लिएको पुष्टि हुन आयो । जाहेरवालाहरूलाई विदेश पठाइसकेको अवस्था नदेखिएकोले पुनरावेदक प्रतिवादीलाई कसुरदार ठहर्‍याई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐजन दफा ४३ बमोजिम सजाय गर्ने गरेको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको फैसला मनासिब देखिएको हुँदा पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीको बहस जिकिर र यस अदालतबाट विपक्षी झिकाउँदा लिएको आधारसँग सहमत हुन नसकिने।

जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्ठो आश्वासन दिई झुक्याई वैदेशिक रोजगारीमा लगाई दिने उद्देश्यले पुनरावेदक प्रतिवादी अर्जुनप्रसाद सिलवालले जाहेरवालाहरूबाट मिति २०६७।१०।२३ को लिखतबमोजिमको रू.२५,००,०००।– (पच्चिस लाख रूपैयाँ) लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिमको कसुरमा पुनरावेदक प्रतिवादीलाई ऐजन ऐनको दफा ४३ बमोजिम २(दुई) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना भई जाहेरवालाहरूको लिखतबमोजिमको बिगो र बिगोको हर्जानासहितको रकम निज प्रतिवादीबाट जाहेरवालाहरूले भराइपाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।०२।१९ मा भएको फैसला निज प्रतिवादीको हकमा मिलेकै देखिँदा सदर हुने।

आरोपित कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी अर्जुनप्रसाद सिलवालको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर / शा.अ.कमलकान्त जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ साल जेठ ४ गते रोज ४ शुभम्।

**७१**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-०९१४, अंश चलन, मदन खड्का वि. चिनिमायाँ खड्कासमेत*

प्रत्यर्थी / वादीहरूका पति / पिता तीलकबहादुर खड्काले प्रतिवादीका पिता रामप्रसाद खड्कासमेतउपर ललितपुर जिल्ला अदालतमा दायर गरेको २०५४ सालको दे.नं. ३५८/८०४ को अंश चलन मुद्दामा मिति २०५५।८।२९ मा फैसला हुँदा मिति २०५४।१०।१० मानो छुट्टिएको मिति कायम भई ललितपुर जिल्ला, किटनी गा.वि.स. वडा नं.१(क) कि.नं. १३३ क्षे.फ.१-५-२ तथा ललितपुर जिल्ला, गोदामचौर गा.वि.स. वडा नं.१(ग) कि.नं. ८३ को क्षे.फ.१-७-३ जग्गा र सो जग्गामा बनेको घरसमेत वादी प्रतिवादीहरूलाई अंशबन्डा लाग्ने गरी वादीहरूका पति/पिता तीलकबहादुर खड्काले ४ भागको १ भाग अंश पाउने ठहर भई फैसला भएको र उक्त अंश मुद्दाको उक्त फैसलामा वादीले अंश पाउने जग्गाहरूमा विवादित कि.नं.३७ को क्षेत्रफल १-१५-२ को जग्गा उल्लेख भएको नदेखिएको र सो फैसलाउपर मुद्दाका वादी यी वादीहरूका पति/पिता तीलकबहादुरले समेत पुनरावेदन नगरी बसेका र प्रतिवादीको समेत पुनरावेदन नपरी सो फैसला अन्तिम भई बस्नुका साथै मुद्दाका वादी यी वादीहरूका पति/पिता तीलकबहादुरसमेतले सो फैसला कार्यान्वयन नगराएको अवस्थासमेत विद्यमान छ। उक्त विवादित जग्गा कि.नं.३७ र कि.नं.१०१ को जग्गासमेत पुनरावेदक प्रतिवादीका पिता रामप्रसादको मोहियानी हकको भई मिति २०५४।१०।१० मा मानो छुट्टिएपश्चात् मिति २०६३।५।१६ मा मात्र मोहियानीबापत पुनरावेदक/प्रतिवादीले आधा हक प्राप्त गरेको देखिन्छ। यी जग्गाहरू प्रत्यर्थी/वादीहरूका पति/पिता तीलकबहादुरका पिता रत्नबहादुरको मोहियानी हकको नभई यी वादीहरूका पति/पिता तीलकबहादुरका समांशी स्व.रामप्रसाद खड्काको नामको मोहियानी हकको रहेको देखिएको र माथि उल्लिखित दे.नं.३०८/८०४ को अंश मुद्दामा कायम भएको मानो छुट्टिएको मिति २०५४।१०।१० पश्चात् भूमिसुधार कार्यालयको मिति २०५८।१०।१० र मिति २०६३।०५।१६ को निर्णय समेतले मोही हकबापत बाँडफाँटमा पुनरावेदक/प्रतिवादीले प्राप्त गरेको र उक्त मानो छुट्टिएको मितिलाई नै प्रस्तुत मुद्दामा समेत मानो छुट्टिएको मिति कायम भएको

अवस्था छ । यसरी पुनरावेदक/प्रतिवादी मदन खड्काका पिता रामप्रसादका नाममा मोहियानी हक कायम रहेका कि.नं.१०१ र कि.नं.३७ का जग्गाबाट उल्लिखित अघिल्लो अंश मुद्दामा वादीले अंश पाएको अवस्था नभएको र सो मुद्दामा सो मुद्दाका वादी यी वादीहरूका पति/पिता तीलकबहादुसमेतले पुनरावेदन नगरी अन्तिम भई बसेको र सो मुद्दा यथावत कायम रहेको अवस्था देखियो र प्रस्तुत मुद्दामा पुनरावेदक/प्रतिवादीका पिता रामप्रसादको मोहियानी हक भएको एकै स्वरूप (STATUS) भएका उक्त २ कित्ता जग्गामध्ये एक कित्ता (कि.नं.१०१) जग्गा अंशियारबिच बन्डा नलाग्ने र एक कित्ता (कि.नं.३७) बन्डा लाग्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला तथ्यतः एवं कानूनत अन्यथा देखिन आउने।

दाबीको कि.नं. ३७ को जग्गा पुनरावेदकले अंश मुद्दामा कायम भएको मानो छुट्टिएको मितिपश्चात् प्राप्त गरेको देखिँदा उक्त प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दामा प्रयुक्त हुने देखिन आएन भने मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. मा "........कुनै अंशियारले आफ्नो ज्ञान वा सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउँछ। बन्डा गर्न कर लाग्दैन।" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। यस सन्दर्भमा यसै अदालतबाट सरिता महर्जनसमेत विरूद्ध कृष्णबहादुर महर्जनसमेत भएको अंश चलन (ने.का.प.२०६०, नि.नं.७२५५, अङ्क ७) मुद्दामा "प्रस्तुत मुद्दामा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरेकोमा विवाद नभई प्रस्तुत मुद्दा परी तायदाती फाँटवारीसमेत पेस भइसकेपछिको अवस्थामा मोही र जग्गाधनीको बिचमा बाँडफाँट भई मानो छुट्टिएको मितिभन्दा पछि प्रतिवादी कृष्णबहादुरको नाममा प्राप्त भएको अवस्थामा ती जग्गाहरू यो मुद्दा परिसकेपछि बाँडफाँट भएको कारणले ती जग्गाहरूबाट वादीहरूले अंश पाउन सक्ने अवस्था नदेखिने।" भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ। यस प्रकार यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूका आधारमा दाबीको कि.नं. ३७ को जग्गा अंशियारबिच बन्डा लाग्ने नदेखिएकाले सो कि.नं.३७ को जग्गासमेत बन्डा लाग्ने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिन नआउने।

दाबीको कि.नं.३७ को जग्गासमेतबाट वादीले अंश पाउने ठहऱ्याएको मिति २०७१।०३।३१ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।४।१६ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई मिति २०५५।८।२९ मा भएको फैसलामा कायम भएको ४ अंशियारहरूमध्ये प्रतिवादी विष्णुकुमारी खड्काको मृत्यु भइसकेको हुँदा स्व.रामप्रसाद खड्काको छोरा प्रतिवादी मदन खड्का, प्रतिवादी नानी खड्का र वादीहरूका पति/पिता तीलकबहादुर खड्कालाई मुख्य ३ अंशियार कायम गरी वादी प्रतिवादीबाट पेस हुन आएको तायदातीमा उल्लिखित सम्पत्तिमध्ये स्व. रामप्रसाद खड्काको नाउँको कि.नं.१०१ र कि.नं.३७ को जग्गा बाहेक अरू सम्पत्तिलाई ३ भाग लगाई १ भाग प्रतिवादी तीलकबहादुर खड्काको भागमा पर्न आउने सम्पत्तिलाई पुनः ३ भाग लगाई सो को २ भाग अंश यी वादीहरूले छुट्याई चलन चलाइपाउनेसमेत ठहर्ने।

इजलास अधिकृत (उपसचिव) : सुरेश के.सी.

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल असार १९ गते रोज १ शुभम्।

७२

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा. श्री मनोजकुमार शर्मा,** *०७८-WH-०२४६, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम महादेवपुरीको हकमा कृष्टिना यादव वि. जिल्ला प्रहरी कार्यालय, बाँके*

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(२) को कानूनी प्रावधानलाई हेर्दा सजायको रूपमा सुधारगृह बास कारावासको विकल्पको रूपमा लिएको देखिन्छ । यस सम्बन्धमा यस अदालत पूर्ण इजलासबाट निवेदक नवल किशोर साह विरूद्ध बागलुङ जिल्ला अदालत भएको ०७८-WF-००२६ नं. को बन्दीप्रत्यक्षीकरण रिट निवेदनमा "बालबालिकालाई थुनामा राख्ने कार्य अन्तिम विकल्प (Last Resort) हुने हुन्छ । विकल्प भएसम्म बालबालिकालाई थुनामा राख्ने कार्यलाई निरूत्साहित गर्नुपर्ने र बालिबालिकाको सर्वोत्तम हितलाई हृदयंगम गर्नुपर्नेतर्फ न्यायकर्ताले सदैव विचार गर्नुपर्ने हुन्छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(७) मा उल्लिखित कसुरबाहेक बालबालिकालाई कैदमा राख्न नमिल्ने भन्ने स्पष्ट पारेको पाइन्छ । जघन्य कसुर, गम्भीर कसुर र पटके रूपमा कसुर गरेको बाहेक अन्य कसुरको हकमा बालबालिकालाई कैद सजाय गर्न नै नमिल्ने विधायिकी मनसाय रहेको देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६ बमोजिम परिवर्तित नाम ०७७/०७८-४५(A) को सर्वोत्तम हितलाई ध्यानमा राखी ऐ. ऐनको दफा २९ मा व्यवस्था गरिएका दिशायान्तरको प्रक्रिया अवलम्बन नगरी बागलुङ जिल्ला अदालतबाट बालसुधार गृहमा सजाय भुक्तान गर्न पठाउने कार्य ऐ. ऐनको दफा ३६ को उपदफा (७) प्रतिकूल रहेको देखियो । वयस्क व्यक्तिहरूबाट भएको कसुरले अन्य व्यक्तिलाई पीडित बनाएको हुन्छ भने कानूनको द्वन्द्वमा परेका बालबालिकाबाट हुन गएका कसुरजन्य कार्यबाट ती बालबालिका स्वयं नै पीडित भैरहेका हुन्छन् । यस स्थितिमा पीडित बालक ०७७/०७८-४५(A) लाई कैद असुल गर्न बाल सुधार गृह, सराङकोट, कास्की पठाउने बागलुङ जिल्ला अदालतको मिति २०७७।१२।१३ को फैसला बाल न्याय प्रणाली अनुकूलको मान्न मिलेन ।" भनी व्याख्यासमेत भई फैसलाले लागेको कैद असुल गर्न बालसुधार गृहमा राख्न पठाएको फैसला र सो अनुसार बालसुधार गृहमा राख्ने कार्यसमेत कानूनसम्मत नभएकाले उत्प्रेषणको आदेशले बदर गरी कैद मुक्त गरी अभिभावकको जिम्मा लगाउनु भनी उक्त ०७८-WF-००२६ नं. लगायतका रिट निवेदनहरूमा बोलिएको पाइन्छ । यसबाट निवेदक नाबालकलाई सजायको रूपमा बाल सुधारगृहमा राख्नु र कारागारमा राख्नु अन्तर नहुने हुँदा निवेदकलाई सजायको रूपमा सुधारगृहमा राख्नु कानूनतः मिल्ने देखिन नआउने ।

निवेदक उक्त सवारी ज्यान मुद्दाका परिवर्तित नाम महादेव पुरीलाई बाँके जिल्ला अदालतबाट बालसुधार गृह, बाँके, डडुवामा पठाउने गरी मिति २०७८।०९।२९ मा भएको फैसला एवम् सो फैसलाबमोजिम सो अदालतको तहसिल शाखाको च.नं.१०१२६, मिति २०७८।११।०२ को पत्राचारसमेत कानूनअनुरूपको नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ र निवेदन मागबमोजिम निवेदकलाई बालसुधार गृह, बाँके, डडुवाबाट मुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: सुरेश के.सी.

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल असार१९ गते रोज ३ शुभम् ।

**७३**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या. डा. श्री कुमार चुडाल,** *०७३-CI-०७१८, राजीनामा लिखत बदर, रजनी श्रेष्ठसमेत वि. राजेन्द्रकुमार श्रेष्ठसमेत*

प्रतिवादी राजेन्द्रकुमार श्रेष्ठ व्यापार व्यवसाय गर्ने व्यक्ति भएको र कारोबारको सिलसिलामा यी वादीसमेतको मन्जुरीले बैंकबाट लिएको ऋण कर्जा भाखाभित्र तिर्न नसकेको कारणले जग्गा बिक्री गरेको अवस्था देखिन्छ । उक्त विवादित जग्गा प्रतिवादी राजेन्द्रकुमार श्रेष्ठले व्यापार व्यवसाय गर्नको लागि लिएको ऋण तिर्न नसकेको कारणले बिक्री गरेको देखिएको र सो ऋण तिर्ने दायित्व लाभ प्राप्त गर्ने यी वादीहरूसमेतको रहेको देखिँदा त्यस्तो व्यवहार चलाउन गरेको बिक्री व्यवहार अस्वाभाविक र बदरयोग्य भन्न मिल्ने देखिँदैन। प्रतिवादी राजेन्द्रकुमार श्रेष्ठले आफ्नो नाउँमा रहेको सम्पत्ति खरिद बिक्री गरिरहेको देखिएबाट सम्पूर्ण सम्पत्ति बिक्री गरेको भन्ने पुष्टियोग्य आधार पनि वादीले देखाउन सकेको पाइँदैन भने वादी रेणु श्रेष्ठको उमेर विवादित लिखत हुँदा २१ वर्ष पूरा भएको अवस्था नदेखिँदा अंशवन्डाको १९ नं. ले निजको मन्जुरी लिनुपर्ने अवस्था कानूनतः पनि नदेखिने।

अतः सुरू कास्की जिल्ला अदालतबाट मिति २०७२।२।२६ मा भएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०७३।५।०५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक/वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: देवी चौधरी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल असार १५ गते रोज ४ शुभम्।

**७४**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार चुडाल,** *०७५-WO-०४७६, उत्प्रेषण, फ्रेन्डस अफ् शान्ता भवन नेपाल वि. श्रम कार्यालय, बागमती अञ्चल टेकुसमेत*

प्रत्यर्थी श्रम कार्यालय तथा श्रम अदालतसमेतबाट निवेदक संस्थालाई प्रतिष्ठान नामकरण गर्दै प्रचलित श्रम ऐनले कामदार वा कर्मचारीलाई सुनिश्चित गरेको सुविधा प्रतिष्ठानले बनाएको नियमावलीले सिमित गर्न नसक्ने हुँदा निवेदकहरूले उपदानबापतको रकम प्रतिष्ठानबाट भुक्तानी पाउने भनी निर्णय भएको देखिँदा निवेदक फ्रेन्डस अफ् शान्ता भवन क्लिनिक प्रतिष्ठान हो होइन भन्ने सम्बन्धमा पनि हेर्नुपर्ने देखियो।श्रम ऐन, २०७४ को दफा २(ञ) मा "प्रतिष्ठान" भन्नाले मुनाफा आर्जन गर्ने वा मुनाफा नगर्ने गरी उद्योग,व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापना,संस्थापना, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी,प्राइभेट फर्म, साझेदारी फर्म, सहकारी संस्था वा सङ्घ वा अन्य संस्था सम्झनुपर्छ'' भनी परिभाषा गरेको देखिन्छ। निवेदक फ्रेन्डस अफ् शान्ता भवन क्लिनिकको आयस्रोत भनेको वैदेशिक अनुदान रहेको भन्ने देखिन्छ। सुरूवाती दिनदेखि नै अमेरिकी नागरिक डा. डिक म्याट्रोनको व्यक्तिगत आर्थिक सहयोगमा स्थापना भई गैरनाफामुखी संस्थाको रूपमा गरिब तथा विपन्न समुदायका मानिसहरूलाई निवेदक संस्थाले स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको भन्ने देखिन्छ। विदेशी नागरिक तथा संस्थाको आर्थिक अनुदानमा सञ्चालित परोपकारी संस्थालाई अन्य उद्योगसरह प्रतिष्ठानअन्तर्गत राख्नु उपयुक्त हुने देखिँदैन । यसै सन्दर्भमा ''कुनै पनि संस्था

प्रतिष्ठानभित्र पर्छ पर्दैन भनी निर्णयमा पुग्नुभन्दा पूर्व सम्बन्धित संस्थाको उद्देश्य र कार्य प्रकृतिलाई आधार नबनाई प्रतिष्ठान शब्दको सतही व्याख्या गरी सबै संस्थाहरूलाई एउटै प्रकृतिबाट हेरिनु र मान्यता दिइनु न्यायसङ्गत र व्यवहारिकसमेत हुँदैन ।निवेदक संस्था दिनदुःखी असहायहरूको सेवा र सहयोग गरी सामाजिक सद्भाव अभिवृद्धि गर्ने पवित्र मनसाय राखी स्थापना भएको अवस्थामा निवेदक संस्थालाई प्रतिष्ठानअन्तर्गत रहेको मान्न नसकिने" भनी यस अदालतबाट व्याख्यासमेत भएको देखिन्छ । यसबाट वैदेशिक अनुदानको माध्यमबाट संस्था स्थापना गरी गरिब तथा विपन्न वर्गका मानिसहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यबाट स्थापित परोपकारी संस्थाले उद्योगको हैसियतबाट स्थापित अन्य संस्थासरह सेवा सुविधामा दाबी गर्न पाउने गरी कर्मचारी वा कामदार राखेको हो भनी भन्न मिल्ने नदेखिएको अवस्थामा निवेदक संस्थालाई प्रतिष्ठानसरह मानी प्रत्यर्थी बबिता बुढाथोकी, मीनाकुमारी थापा र मन बुढाथोकीले परित्याग गरिसकेको उपदानबापतको रकमसमेत भुक्तानी लिन पाउने गरी भएको श्रम कार्यालयको निर्णय सदर गर्ने गरी भएको श्रम अदालतको फैसला उल्लिखित यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेत प्रतिकूल भई मिलेको देखिन नआउने ।

संस्थाका कर्मचारी र निवेदक संस्थाबिच भएको मिति २०७०।०८।१९ को सम्झौता एवं संस्थाको नियमावली, २०७३ को नियम ७(२) को प्रतिकूल भई मिलेको देखिन नआएकोले उक्त निर्णय उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत: लालबहादुर कार्की/रञ्जना विश्वर्मा
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७९ साल वैशाख २१ रोज ४ शुभम् ।

## ७५

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-१०२९, उत्प्रेषणयुक्त परमादेश, नारायणप्रसाद दाहाल वि. पूर्वाञ्चल विश्वविद्यालय, केन्द्रीय कार्यालयसमेत*

मिति २०६८।११।२९ मा कानूनी व्यवस्थाबमोजिम कार्यकारी परिषद्को सदस्यमा नियुक्त डा. श्यामबहादुर कटुवालको पदावधि बाँकी रहेकै अवस्थामा निजसमेतका विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भएपछि निज सो पदमा स्वतः निलम्बन भएको मिसिलबाट देखिएको र विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएपछि निज डा. श्यामबहादुर कटुवालले कार्यकारी परिषद्को सदस्य पदबाट दिएको राजीनामा मिति २०७०।३।७ देखि लागु हुने गरी विश्वविद्यालय सभाले स्वीकृत गरी निजको स्थानमा व्यवस्थापन सङ्कायका डिन विपक्षी डा. बिजुकुमार थपलियालाई मनोनयन गरेको अवस्था देखिन्छ । पूर्वाञ्चल विश्वविद्यालय नियमावली, २०५३ को खण्ड क, परिच्छेद-५ नियम २५ख को देहाय (२) मा भएको उल्लिखित व्यवस्था अनुसार डा. श्यामबहादुर कटुवालले दिएको राजीनामा मिति २०७०।३।७ देखि लागु हुने गरी स्वीकृत भएको देखिएकोले माथि उल्लिखित कानूनी व्यवस्थानुसार खाली भएको कार्यकारी परिषद्को सदस्यको रिक्त पदमा बाँकी अवधिका लागि विपक्षी डा. बिजुकुमार थपलियालाई नियुक्त गरिएको देखिएबाट निजको कार्यकारी परिषद् सदस्यको पदावधि मिति २०७१।११।२८ सम्म मात्र रहेको देखियो । मिति २०७१।१२।२ को विपक्षी कार्यकारी परिषद्को निर्णय नं. २५८८ ले प्रत्यर्थीमध्येका लक्ष्मणप्रसाद गेलाललाई मुख्य

अधिकृत (लेखा) को पदमा बढुवा गर्ने निर्णय गरेको देखिन्छ। माथि उल्लेख भएबमोजिम विपक्षी कार्यकारी परिषद्को उक्त मिति २०७१।१२।२ को बैठकमा उपस्थित विपक्षी डा. बिजुकुमार थपलियाको पदावधि समाप्त भइसकेको देखिन आयो । यसबाट कानूनतः पदावधि समाप्त भइसकेको सदस्यको उपस्थितिमा भएको बैठकको उक्त निर्णयले कानूनी मान्यता पाउन सक्ने देखिएन । उपर्युक्तानुसार विपक्षी लक्ष्मणप्रसाद गेलाललाई मुख्य अधिकृत (लेखा) पदमा बढुवा गरेको प्रत्यर्थी पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०७१।१२।२ को निर्णय नं. २५८८ को निर्णय कानूनसम्मत देखिन नआउने।

कार्यकारी परिषद्को उक्त मिति २०७१।१२।२ को बैठकको निर्णय नं. २५८८ बदर गर्नुपर्नेमा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०७३।२।१७ को आदेश (फैसला) मिलेको नदेखिँदा उल्टी हुने।

प्रत्यर्थीमध्येका लक्ष्मणप्रसाद गेलाललाई बढुवा नियुक्ति गरेको पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०७१।१२।२ को बैठकको निर्णय नं. २५८८ कानूनसम्मत नदेखिएकोले सो निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । प्रत्यर्थी लक्ष्मणप्रसाद गेलाललाई मुख्य अधिकृत (लेखा) पदमा बढुवा गर्ने निर्णय नं. २५८८ सम्म बदर हुने ठहरेकोले निजलाई सो विश्वविद्यालयको मुख्य अधिकृत (लेखा) पदको जिम्मेवारी नदिनू नदिलाउनु भनी प्रत्यर्थी पूर्वाञ्चल विश्वविद्यालय र सो विश्वविद्यालयको कार्यकारी परिषद्को नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल जेष्ठ ९ गते रोज २ शुभम्।

**७६**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-WO-०५८९, उत्प्रेषणसमेत, बिकाउप्रसाद भण्डारीसमेत वि. कनकराज चौधरीसमेत*

निवेदकमध्येका बिकाउप्रसाद भण्डारीले आफूले पाउनुपर्ने सावाँ ब्याज गरी जम्मा रू.१३,३१,८४५।- भएकोमा विपक्षीले सोभन्दा कम मोल रू.१३,१५,०००।- मा सकार गरेको भन्ने विषयलाई पनि आधार बनाई विवादित लिलामी मुचुल्का बदर हुनुपर्ने दाबी गरेको देखिन्छ । पर्सा जिल्ला अदालतबाट मिति २०७४/०३/११ मा भएको डाँक लिलाम मुचुल्कासहितको मिसिल हेर्दा, जिल्ला अदालत नियमावली, २०५२ को ७५(५) बमोजिम नै पञ्चकृते मोल कायम गरिएको भन्ने देखिन्छ । मिति २०७४/०२/३ गतेको पञ्चकृते मूल्याङ्कनमा निवेदक वादी बिकाउप्रसाद भण्डारी स्वयं उपस्थित भई रोहवरमा बसी दस्तखत गरेको देखिन्छ । मिति २०७४/०३/११ को लिलामी मुचुल्का अन्यथा भएको भनी निवेदकले खण्डन गर्न सकेको देखिँदैन । यसरी कानूनले निर्धारण गरेको प्रक्रियाबाट ३५ दिने सूचना प्रकाशित गरी, निवेदक प्रतिवादी हेमनारायण राय थारूको नाममा रीतपूर्वक म्याद सूचना तामेलीसमेत गरी भएको लिलामीमा सामेल भई विपक्षी कनकराज चौधरीले जम्मा रू.१३,१५,०००।- सकार गरी पर्सा जिल्ला अदालतको मिति २०७३/०८/०१ को फैसलाबमोजिम वादीले पाउने नपुग रकम रू. ३८,३८२।- समेत दाखिल गरेको देखिन्छ । उक्त लिलामपछि निवेदक हेमनारायण राय थारूको जग्गा कि.नं.२९८ मिति २०७४/०५/११ गते विपक्षी कनकराज चौधरीको नाममा दा.खा भई त्यसपछि निज कनकराज चौधरीको नामबाट मिति २०७४/८/०७ मा जिउतीदेवी थारुनीको नाममा दा.खा भइसकेको

स्थिति देखिन्छ । अतः मिति २०७४/०३/११ गते मुलुकी ऐनको दण्ड सजायको महलको ४२ नं र जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५) र ७५(६) बमोजिमको रीत पुर्‍याई भएको डाक लिलाम मुचुल्कामा पञ्चकृते मूल्याङ्कनबाट टुंगो लागेको विषयवस्तु र लिलामी प्रक्रियासमेतलाई कानूनसङ्गत नै मान्नुपर्ने ।

निवेदन माग दाबीबमोजिम उत्प्रेषण परमादेशलगायतका आदेश जारी हुनुपर्ने देखिन्छ वा देखिँदैन भन्नेतर्फ विचार गर्दा, कुनै अधिकारीले कानूनले दिएको अख्तियारीभन्दा बाहिर गई निर्णय गरेको वा अख्तियारीभित्रै रहेर निर्णय गरेको भए पनि त्यस्तो अख्तियारीको प्रयोग कानूनविपरीत गरेको अवस्थामा त्यस्तो निर्णय बदर गर्न उत्प्रेषणको रिट जारी हुने सैद्धान्तिक मान्यता रहेको देखिन्छ । यो सैद्धान्तिक मान्यताको रोहबाट प्रस्तुत निवेदनको सन्दर्भलाई हेर्दा, मिति २०७४/०३/११ को लिलामी प्रक्रिया बदर गर्ने गरी मिति २०७४/९/२१ गते पर्सा जिल्ला अदालतबाट आदेश भएकोमा पर्सा जिल्ला अदालतको सोही आदेश बदर गर्ने गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास, वीरगन्जबाट मिति २०७४/११/१० मा आदेश भएको पाइन्छ । निवेदकले पर्सा जिल्ला अदालतबाट मिति २०७४/९/२१ गते "जग्गाधनीलाई समेत जानकारी दिई कानूनी प्रक्रिया पूरा गरी लिलाम प्रक्रिया अगाडि बढाउनुपर्ने देखिन आएकोले २०७४/०३/११ को लिलामी प्रक्रिया बदर गरिदिएको छ, पुनः रीतपूर्वक लिलामी प्रक्रिया पूरा गर्नु" भनी भएको आदेश सदर गर्ने मागदाबी लिएकोमा, माथि प्रकरण नं. १२, १३ र १४ मा विवेचना गरेबमोजिम पर्सा जिल्ला अदालतबाट मिति २०७४/०३/११ मा गरेको डाँक लिलाम मुचुल्का कानूनसङ्गत नै मान्नुपर्ने देखिएको अवस्थामा निवेदन माग दाबीबमोजिम उत्प्रेषणसमेतको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । तसर्थ उक्त डाँक लिलाम बदर गर्ने गरी पर्सा जिल्ला अदालतबाट भएको आदेश बदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास, वीरगन्जको मिति २०७४/११/१० को आदेश कानूनसङ्गत नै देखिन आएकोले उत्प्रेषणलगायतका कुनै पनि आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: श्रेया पौडेल

इति संवत् २०७९ साल असार २४ गते रोज ६ शुभम् ।

**७७**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-CI-०५८६, अंश नामसारी, सिताराम थारसमेत वि. खिचडी थरूनीसमेत*

प्रतिवादीहरूका पति/पिता नाथु थारू नाम दर्ताको कि.नं. ३०७ र ३०९ का जग्गाहरू निजको निजी आर्जनको सम्पत्ति मान्न मिल्ने देखिन्छ वा देखिँदैन भन्ने प्रश्नमा विचार गरौं । उच्च अदालतबाट फैसला हुँदा यी जग्गाहरू प्रतिवादीहरूका पति/पिताको निजी आर्जनको सम्पत्ति मानी वादीहरूले यी जग्गाबाट अंश नपाउने गरी फैसला भएको देखिन्छ । उच्च अदालतबाट कि.नं. ३०७ र ३०९ का जग्गाहरू बन्डा नलाग्ने गरी फैसला हुँदा मूलत: वादीहरूमध्येका पिता लालबहादुर थारूका नाममा पनि कि.नं. ८ र ९ का जग्गाहरू दर्ता रहेको कुरालाई आधार बनाएको देखिन्छ । यी जग्गाहरूको दर्ताको स्रोत हेर्दा मालपोत कार्यालय, रूपन्देहीबाट मिति २०४३।८।१२ मा भएको निर्णय पर्चा (२०३९ सालको मि.नं.६२२) दा.खा. दर्ता फैसलाबाट कि.नं. ८ को ज.वि.१-५-१८ र कि.न.९ को ज.वि. ७-१९-१३ (९-०-०) नौ विगाहाभन्दा बढी जग्गा लालबहादुर थारूका नाममा प्राप्त भएको देखिन्छ तर पुनरावेदक/वादीहरूले प्रस्तुत पुनरावेदनमा

जिकिर लिँदा फैसलामा उल्लिखित कि.नं. ८ र ९ को जग्गा प्राप्त गर्ने लालबहादुर थारू आफूहरूको पिता लालबहादुर थारू नभई उनाउ व्यक्ति रहेको भनी जिकिर लिएको देखिन्छ । वादीहरूको पुनरावेदनमा उल्लेख भएबमोजिम कि.नं. ८ र ९ को जग्गा प्राप्त गर्ने दर्तावाला लालबहादुर थारू एकै ठाउँका भए पनि निज लालबहादुर थारू हिरालालका नाति पुनरजित थारूका छोरा भन्ने कुरा नागरिकता र जग्गा धनी प्रमाण पुर्जाबाट देखिएको भनी नागरिकताको प्रमाणपत्र र जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि संलग्न गरेको देखिन्छ। उच्च अदालतबाट फैसला हुँदा जग्गा दर्तावाला लालबहादुर थारू यी वादीहरूका पिता लालबहादुर थारू रहे नरहेको भन्ने सम्बन्धमा कुनै प्रमाण नै नबुझी फैसला भएको देखिन्छ। जग्गा दर्तावाला लालबहादुर थारूलाई पनि बुझिएको देखिँदैन । जग्गा दर्तावाला व्यक्ति अंशियार नाता बाहिरको उनाउ लालबहादुर थारू हो भने निजको नाममा पनि जग्गा दर्ता रहेको भन्ने बुँदालाई आधार बनाई निज लालबहादुर थारू नामको जग्गा पनि बन्डा नलाग्ने भएको कारण देखाई कि.नं. ३०७ र ३०९ का जग्गाहरू पनि बन्डा नलाग्ने भन्न मिल्ने देखिँदैन। त्यसैले प्रस्तुत मुद्दामा सर्वप्रथमत: कि.नं. ८ र ९ को जग्गाको दर्तावाला लालबहादुर थारू यी वादीहरूको पुस्तेवारीभित्रको लालबहादुर थारू हुन् वा होइनन् भन्ने प्रश्नको निराकरण गर्नुपर्ने हुन आयो। सो प्रश्नको निराकरण नै नगरी उच्च अदालतबाट भएको फैसलालाई मिलेको मान्न नमिल्ने।

यसप्रकार प्रतिवादीहरूका पति/पिता नाथु थारू नाम दर्ताका कि.नं. ३०७ र ३०९ का जग्गाहरू निजी आर्जनको भई बन्डा नलाग्ने गरी उच्च अदालतबाट फैसला हुँदा वादीहरूमध्येका पिता लालबहादुर थारूका नाममा पनि कि.नं. ८ र ९ का जग्गाहरू दर्ता रहेको तथ्यलाई आधार बनाएको देखिएको, वादीहरूले प्रस्तुत पुनरावेदन गर्दा कि.नं. ८ र ९ का जग्गाको जग्गा दर्तावाला लालबहादुर थारू आफूहरूको पिता लालबहादुर थारू नभई उनाउ व्यक्ति रहेको भनी जिकिर लिएको देखिएको, उक्त जग्गावाला लालबहादुर थारू वादीहरूका पिता लालबहादुर थारू हुन् वा उनाउ व्यक्ति हुन् भन्ने कुराको यकिन नगरी प्रस्तुत मुद्दामा विवादमा रहेको कि.नं. ३०७ र ३०९ का जग्गाहरू निजी आर्जनको मान्न सकिने वा नसकिने भन्ने कुराको निरूपण हुन सक्ने नदेखिएको तथा उच्च अदालतबाट फैसला गर्दा यो प्रश्नको निराकरण भए गरेको नदेखिँदा उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।३।३२ मा भएको फैसला मिलेको नदेखिँदा बदर हुने।

उच्च अदालतको फैसलामा आधार लिइएका लालबहादुर थारू यी वादीहरूका पिता वा पुस्तेवारीभित्रका व्यक्ति रहेको देखिन्छ वा देखिँदैन सोसमेतका कानूनबमोजिम अन्य जो जे प्रमाणहरू बुझ्नुपर्छ बुझी पुन: इन्साफ गर्नु भनी सम्बन्धित मिसिलसहित उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा लेखी पठाइदिने ठहर्ने।

इजलास अधिकृत: देवी चौधरी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल भदौ २ गते रोज ५ शुभम्।